# नेपाली बालबालिकाको स्थिति, २०६९
# The State of Children of Nepal, 2012

नेपाल सरकार
**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, ललितपुर

**प्रकाशक**

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति
हरिहरभवन, पुल्चोक, ललितपुर

**सर्वाधिकार**
केन्द्रीय बालकल्याण समिति, ललितपुर

**विश्लेषण, लेखन तथा सम्पादन**
तारक धिताल

**तथ्याङ्क प्रविष्ट तथा प्रशोधन**
जयराम कर्माचार्य (बालअधिकार अधिकृत, काभ्रेपलाञ्चोक)
सुनीता शाह (बालअधिकार अधिकृत, काठमाडौं)
भुवन राज चटौत (बालअधिकार अधिकृत, कञ्चनपुर)
आशीष बज्राचार्य (बालअधिकार अधिकृत, ललितपुर)

**प्रकाशन मिति**
२९ भाद्र, २०६६ राष्ट्रिय बाल दिवस

**प्रकाशन प्रति**
१९००

**मुद्रकः**
अश्मि प्रिन्टिङ प्रेस, शंखमूल काठमाडौं

**कभर डिजाइन/लेआउट**
भूषण कपाली

**प्रकाशन सहयोग**

unicef युनिसेफ

Plan प्लान नेपाल

Save the Children सेभ द चिल्ड्रेन इण्टरनेशनल

World Vision वर्ल्ड भिजन इण्टरनेशनल, नेपाल

माननीय बद्री प्रसाद न्यौपाने
मन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

नेपाल सरकार

फोन नं.: ४२००२८०
फ्याक्स: ४२००११६
वेभसाइट: www.mowcsw.gov.np
इमेल: mail@mowcsw.gov.np

पत्र संख्या : २०६८/६९

चलानी नं. :

**निजी सचिवालय**
सिंहदरबार, काठमाण्डौ

# शुभकामना

नेपालले वि.सं. २०६३ साल देखि प्रत्येक वर्ष भदौ २९ गतेलाई राष्ट्रिय बाल दिवसको रुपमा मनाउँदै आएको छ । जन आन्दोलन २०६२/०६३ भन्दा पहिले भाद्र ४ गते यो दिवस मनाउने चलन थियो । बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीको प्रावधानहरुलाई कार्यान्वयनमा ल्याउन मुख्य रुपमा बालबालिकासम्बन्धी ऐन २०४८, बालश्रम (निषेध र नियमित) ऐन २०५६, बालबालिकासम्बन्धी नियमावली २०५१, बालश्रम (निषेध र नियमित) नियमावली २०६२, बालन्याय (कार्यविधि) नियमावली २०६३ जारी गरी लागू गरिएकोछ । हालसालै बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ र आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ स्वीकृत गरी थप नीतिगत र कानूनी व्यवस्थाको प्रत्याभूत गरी सरकारले बालबालिका प्रति थप प्रतिवद्धता व्यक्त गरेको छ भने अर्कोतिर बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना (दश बर्षे कार्ययोजना) को मध्यावधि मूल्याङ्कन गराई सो आधारमा पुनरावलोकन र परिमार्जन गरी जारी गरिएको छ ।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३२(५) मा व्यवस्था भए अनुसार जिल्लास्तरमा सञ्चालित बालकल्याणकारी क्रियाकलापहरु सहितको जानकारी, सूचना, तथ्याङ्क, विवरण तथा अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरुबाट सञ्चालित बालबालिकासम्बन्धी कार्यक्रमहरुको विश्लेषणात्मक विवरण तयार गरी केन्द्रीय बालकल्याण समितिले यस वर्ष पनि राष्ट्रिय बाल दिवसको शुभ अवसरमा नेपाली बालबालिकाको स्थिति २०६९ प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।

यस बार्षिक स्थिति प्रतिवेदनले समग्र नेपाली बालबालिकाको अवस्था, स्थिति, बालअधिकारको प्रवर्द्धन एवं विकास र पद्धतिलाई यथार्थपरक ढङ्गले प्रस्तुत गर्ने प्रयास गरेको छ । यसले बालबालिकासम्बन्धी सरोकार भएका सरकारी निकाय, गैरसरकारी संघसंस्था एवं शिक्षक, अभिभावक तथा व्यक्ति र विद्यार्थी वर्गहरुलाई आ-आफ्नो कार्यक्षेत्र र लक्ष्यमा सधैं निरन्तर अगाडि बढ्न सहयोग प्रदान गर्नेछ भन्ने अपेक्षा पनि लिएको छु ।

अन्त्यमा, यस प्रतिवेदनलाई वार्षिक रुपमा प्रकाशन गर्ने केन्द्रीय बालकल्याण समिति, सो कार्यमा सहयोग गर्ने सम्पूर्ण जिल्ला बालकल्याण समितिहरु, बालकल्याण समितिका पदाधिकारीहरु र कर्मचारीहरुलाई धन्यवाद दिदै आगामि दिनहरुमा पनि यस प्रकाशनको निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछु । "हामी सबैको सरोकार: शान्ति, संविधान र सुनिश्चित बालअधिकार" मूल नारा सहित यसवर्ष मनाईरहेको राष्ट्रिय बाल दिवसको शुभ अवसरमा समस्त नेपाली बालबालिकाको उज्वल भविष्यका लागि हार्दिक मङ्गलमय शुभकामना पनि व्यक्त गर्दछु ।

धन्यवाद !

मितिः २०६९/०५/२१

बद्रीप्रसाद न्यौपाने
मन्त्री
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
फोन नं. : ४२००३२८, ४२००१६८
४२०००८२, ४२००४१३
फ्याक्स : ४२००११६
इमेल : mail@mowcsw.gov.np
www.mowcsw.gov.np

पत्र संख्या :-
च.न :-

## शुभकामना

नेपाल सरकारले बालबालिकाको हक, हितको संरक्षण गरी शारीरिक, मानसिक र बौद्धिक विकासका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ र बालबालिकासम्बन्धी नियमावली, २०५१ अनुसार आवश्यक नीतिगत सुझाव दिन, कार्यान्वयन गर्न, श्रोत परिचालन गर्न, बालबालिकासम्बन्धी तथ्याङ्क संकलन र अद्यावधिक गर्न तथा सरोकार भएका निकाय एवं संघसंस्था बीचको समन्वय, सहयोग र सहजीकरण गराई कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन केन्द्रमा केन्द्रीय बालकल्याण समिति र जिल्लामा जिल्ला बालकल्याण समितिको स्थापना र सञ्चालन गरेको छ । बालबालिकासम्बन्धी जानकारी, सूचना, तथ्याङ्क, विवरण तथा अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरुबाट सञ्चालित बालबालिकासम्बन्धी कार्यक्रमहरुको विश्लेषणात्मक विवरण सहितको नेपालका बालबालिकाको बार्षिक स्थिति प्रतिवेदनको रुपमा प्रकाशन गर्दै आइरहेको सन्दर्भमा यस वर्ष पनि राष्ट्रिय बाल दिवसको शुभ अवसरमा नेपाली बालबालिकाको स्थिति २०६९ प्रकाशन हुन लागेकोमा मलाई अत्यन्तै खुशी लागेको छ । बालबालिकाका क्षेत्रमा यो एउटा सह्रानीय कार्य हो भन्ने मलाई लाग्दछ ।

यस बार्षिक स्थिति प्रतिवेदनले समग्र बालबालिकाको हक हितको संरक्षणको अवस्था, शारीरिक, मानसिक र बौद्धिक विकासको स्थिति, बालअधिकारको प्रवर्द्धन र बालसंरक्षण प्रणालीजन्य कार्यहरुको विवरण पस्केको छ । यसले बालबालिकासम्बन्धी सरोकार भएका सरकारी निकाय, गैरसरकारी संघसंस्था एवं शिक्षक, अभिभावक, विद्यार्थी तथा व्यक्तिहरुलाई आ-आफ्नो कार्यक्षेत्रमा काम गर्न महत्वपूर्ण सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस प्रतिवेदनलाई वार्षिक रुपमा प्रकाशन गर्ने केन्द्रीय बालकल्याण समिति, सो कार्यमा सहयोग गर्ने सम्पूर्ण जिल्ला बालकल्याण समितिहरु, त्यहाँका पदाधिकारीहरु र कर्मचारीहरुलाई धन्यवाद दिदै "हामी सबैको सरोकारः शान्ति, संविधान र सुनिश्चित बालअधिकार" मूल नारा सहित यसवर्ष मनाईरहेको राष्ट्रिय बाल दिवसको अवसरमा सम्पूर्ण नेपाली बालबालिकाको सुनिश्चित बालअधिकार र उज्वल भविष्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

मितिः २०६९/०५/२१

बालानन्द पौडेल
सचिव
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बाल कल्याण समिति
Central Child Welfare Board
हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति.........................

# शुभकामना

बालबालिका भविष्यका कर्णाधार हुन् । आजका बालबालिका नै मुलुकको भविष्यका नीति निर्माता हुन्छन् । उचित शिक्षा, पालनपोषण र अवसर दिई बालबालिकालाई आज जति योग्य बनाउन सकिन्छ, भविष्यमा त्यति नै देशले उचित नेतृत्व पाउन सक्ने कुरामा कुनै सन्देह रहन्न ।

बालबालिकाको संरक्षण र बालअधिकारको प्रबर्द्धन, बालबालिकाको व्यक्तित्व विकास तथा प्रतिष्ठाको अभिवृद्धि गर्दै उनीहरुको पालनपोषण, हेरचाह र संरक्षण गर्न तथा बालमैत्री वातावरणमा बालन्याय सम्पादन गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिका सम्बन्धी ऐन, २०४८ र बालबालिका सम्बन्धी नियमावली, २०५१ बनी कार्यान्वयनमा आएका छन् । त्यस्तै बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ तथा बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ तथा २०६३ सालमा बाल न्यायको क्षेत्रमा छुट्टै बाल न्याय (कार्यविधि) नियमावली, २०६३ समेत बनी लागू भएका छन् । नेपाल सरकारले पहिलो पटक बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ स्वीकृत गरी लागू गरेको छ ।

अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई सेप्टेम्बर १४, १९९० मा अनुमोदन गरेर बाल बचाउ, बाल विकास, बाल अधिकारको संरक्षण र बाल सहभागिता जस्ता विषयमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिवद्धता प्रकट गरेको छ । यसैगरी बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्रण विरुद्धका सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००० लाई २००६ मा अनुमोदन गरेर बालबालिकालाई सो कार्यमा नलगाउने तथा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग तथा संलग्नताका विरुद्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००० लाई २००७ मा अनुमोदन गरी सशस्त्र द्वन्द्वमा बालबालिकालाई संलग्न नगराउने अन्तराष्ट्रिय दायित्वलाई स्वीकार गरिसकेको छ । यसका अतिरिक्त नेपाल निष्कृष्ट प्रकारका बालश्रम उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय श्रमसम्वन्धी महासन्धि, १९९९ लगायतका महासन्धिलाई समेत अनुमोदन गरी सो को पक्ष राष्ट्र बनिसकेको छ ।

यसप्रकार नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बालबालिकाको हक, हित एवं संरक्षणको लागि नीतिगत, कानूनी एवं संस्थागतरुपमा प्रशस्त सुधार गरेकोछ भने अर्कोतिर बालबालिकासम्वन्धी विषयले राष्ट्रिय प्राथमिकता नपाउनु, यस क्षेत्रमा कार्यरत संस्थाहरुको संस्थागत क्षमता कमजोर हुनु, बालबालिकासम्वन्धी कार्यमा समन्वयको अभाव हुनु तथा उपलब्ध श्रोत र साधनको पर्याप्तता र उचित व्यवस्थापन गर्न नसक्नु बालबालिकाको विकास र संरक्षणको क्षेत्रमा देखिएका प्रमुख चुनौतिहरु हुन । यिनै बालबालिकाको विकास, संरक्षण र चुनौतिहरुसम्वन्धी सूचना, तथ्यांक तथा विवरणहरुलाई संकलन, समायोजन र प्रशोधन गरी केन्द्रीय बालकल्याण समितिले हरेक वर्ष भदौ २९ गते राष्ट्रिय बाल दिवसको अवसरमा नेपालका बालबालिकाहरुको स्थिति प्रतिवेदन प्रकाशन गर्दै आइरहेको छ र यस वर्ष पनि उक्त प्रतिवेदन त्यसैको निरन्तरता हो ।

**नेपालका बालबालिकाहरुको स्थिति, २०६९** नेपालका बालबालिकासँग सम्वन्धित सूचना तथा जानकारीहरुको अद्यावधिक दस्तावेज भएकोले यो प्रतिवेदन सम्वन्धित सबैको लागि अत्यन्त उपयोगी हुनेछ । अन्तमा, यस प्रतिवेदन तयारीका लागि सहयोग गर्नु हुने मन्त्रालय, विभाग, केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समितिहरु र अन्तर्राष्ट्रिय दातृ निकायहरु एवं यस क्षेत्रका विज्ञहरु सबैलाई हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

२०६९ साल भाद्र २९ गते ।

शेरजङ्ग कार्की
कार्यकारी निर्देशक

# सारसङ्क्षेप

- यस वर्ष बालबालिकाको क्षेत्रमा महत्वपूर्ण दस्तावेजहरू पारित भएका छन् । बालबालिकासम्बन्धी नयाँ नीतिगत दस्तावेजहरूमा बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९; विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ नेपाल सरकारबाट तर्जुमा भई कार्यान्वयनमा आएको छ ।

- बालअधिकारबारे सरोकार र सचेतनामा अभिवृद्धि भएको छ भने राष्ट्रियदेखि स्थानीय तहसम्म कतिपय संरचना र संयन्त्रहरूको क्रियाशिलता बढेको छ ।

- बालबालिकासँग सम्बन्धित केतिपय पछिल्ला तथ्याङ्कहरूलाई केलाउँदा नेपालमा जन्मेका बालबालिकामध्ये ३५ प्रतिशतको मात्र जन्म स्वास्थ्य सुविधा भएको स्थानमा हुने गरेको छ ।नेपालमा जन्मदेखि ५ वर्षमुनिका बालबालिकाको मृत्युदरमा विगत केही वर्षदेखि उल्लेख्य प्रगति भएको पाइन्छ । शिशु मृत्युदर सन् २०११ मा ४६ र ५ वर्षमुनिको बालमृत्युदर ५४ मा आइपुगेको छ । शहरी क्षेत्रको शिशु मृत्युदर ३८ छ भने ग्रामीण इलाकामा ५५ रहेको छ । तराई क्षेत्रमा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर ६२ प्रति हजारको तुलनामा हिमाली क्षेत्रमा ८७ रहेको छ । यसै गरी यो दर पूर्वाञ्चलमा ५५ को तुलनामा सुदूर पश्चिमाञ्चलमा ८२ रहन गएको छ ।

- स्वास्थ्य सेवा विभागका अनुसार २०६७/६८ मा BCG खोप ९७ प्रतिशत, Polio-3 खोप ९५ प्रतिशत, DPT-Hep B- Hib 3 खोप ९६ प्रतिशत, दादुरा खोप ८८ प्रतिशत लक्षित बालबालिकाले प्राप्त गरेका छन् भने गर्भवति महिलामध्ये ४१ प्रतिशतले TT-2 खोप पाएका छन् । सबैमा गतवर्षको भन्दा प्रगति भएको छ । नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११बाट देखिएअनुसार पूर्णरूपमा खोप पाउने पाँच वर्ष मुनिका बालबालिका ६४.१ प्रतिशत, आंशिक रूपमा खोप लगाएका ३३.१ प्रतिशत र खोप नै नपाएका २.८ प्रतिशत रहेका छन् ।

- कुपोषणको असरका रूपमा नेपालका ५ वर्षमुनिका ४१ प्रतिशत बालबालिका उमेरका आधारमा उचाइ कम भएका पुड्का (Stunted) छन्, उचाइअनुसारको तौल नपुगी ख्याउटे (Wasted) भएका ११ प्रतिशत छन् र २९ प्रतिशत बालबालिका उमेरअनुरूप तौल नपुगेका (Under weight) पाइएका छन् ।

- नेपालमा ५-१७ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्या ७७ लाख ७० हजारमध्ये ४०.४ प्रतिशत अर्थात जम्मा ३१ लाख ४० हजार बालबालिका रोजगारीमा (काममा) संग्न कामदार बालबालिका देखिन्छन् । जसमध्ये १६ लाख बालबालिका (५१ प्रतिशत) बालश्रमको समूहभित्र पर्दछन्, त्यसमध्ये पनि ६ लाख २० हजार बालबालिका भने जोखिमपूर्ण श्रममा संलग्न रहेको अनुमान गरिएको छ ।

- यस वर्ष मानव बेचबिखनका जम्मा दर्ता भएका घटनामा ५५.०८ प्रतिशत पीडित १८ वर्ष मुनिका बालबालिका छन् । जबरजस्ती करणी तथा सो सम्बन्धी उद्योगका जम्मा दर्ता भएका घटनामा ४०.६४ प्रतिशत पीडित १८ वर्षमुनिका बालबालिका छन् ।

- सन् २०११ मा बालअधिकारसम्बन्धी जम्मा ४ हजार ८ सय २८ वटा घटना अभिलेख गरिएका थिए । जसमा विद्यालयमा अनुशासन कारबाहीसम्बन्धी यातनाका १११, बालगृहमा हेलचेक्र्याइँमा परेका बालबालिका ८६, बाल आत्महत्या २५, अपहरण गरिएका बालबालिकासम्बन्धी ३८ लगायतका घटना रहेका छन् ।

- यस आ.वमा १५८७ बालबालिका हराएका तथा ८८० जना फेलापरेका छन् । हराएकामा ७७४ बालक र ८०४ बालिका रहेका छन् । तर फेला परेका ५०४ जना बालकको तुलनामा बालिका ३७६ जनामात्र छन् ।

- बालबिज्याँईसम्बन्धी जम्मा ७९ वटा मुद्दा दर्ता भएकामा १०६ जना बालबालिका संलग्न भएको देखिन्छ । जसमा सबैभन्दा बढी जबरजस्ती करणी ३६ वटा रहेको छ भने त्यस पछि क्रमशः साधारण चोरी ९, कर्तव्य ज्यान ६, लागूऔषध ६ वटा लगायतका मुद्दा रहेका छन् ।

- ५-१४ वर्ष उमेरसम्मका एचआईभी सङ्क्रमित बालबालिकाको सङ्ख्या १,२६५ पुगेको छ । यस वर्षमा एचआईभी पोजेटीभ देखिएका ०-१४ वर्षका बालबालिका १८५

जना अभिलिखित भए । नेपालमा करिब ३ लाख बालबालिका एड्स प्रभावित अर्थात एचआईभी सङ्क्रमित वा एड्सको अवस्थामा रहेका बाबुआमाका बालबालिका तथा स्वयम् आफैँ सङ्क्रमित वा एड्सको अवस्थामा रहेका बालबालिका रहेको अनुमान छ ।

- बालबालिकाबीच गरिएको एक अध्ययनमा ८२ प्रतिशतले इन्टरनेट प्रयोग गर्ने गरेको, २ प्रतिशतले अश्लील वेभ साइटलाई आफ्नो मनपर्ने पाँच साइटमा राखेको, ६० प्रतिशतले अन्जान साथीसँग भेटघाट गरेकोमा १५ प्रतिशतले पहिलो भेटमा नराम्रो अनुभव गरेको, ३६ प्रतिशतले जानीजानी यौनजन्य सामाग्री हेरेको तथा ६७ कुनै न कुनै यौनजन्य सामाग्री देखेको पाइएको छ ।

- सन् २०११ मा माइन विष्फोटनका २२ घटनामा ३३ जना प्रभावित बने, जसमा ४५ प्रतिशत (१५ जना) बालबालिका थिए ।

- विदेशमा धर्मपुत्र, धर्मपुत्रीका रूपमा पठाउने कार्य केही समय स्थगित भई सन् २०० ९ को जनवरीबाट पुनः सुचारु गरेपश्चात् २०११ सम्ममा २२४ जना बालिका र १२० जना बालक गरी जम्मा ३४४ जना बालबालिका तथा २०१२ मा २ बालक २ बालिका गरी ४ जना विदेशमा धर्मपुत्र, धर्मपुत्रीका रूपमा गएका छन् ।

- हाल नेपालमा ७,२५१ भुटानी शरणार्थी र १३३५ जना तिब्बती शरणार्थी बालबालिका रहेका छन् ।

- सन् २०११ को नेपाल जीवनस्तर सर्वेक्षणले झण्डै ४ प्रतिशत जनसङ्ख्यामा अपाङ्गता भएको देखाएको छ । १-५ वर्षका १ प्रतिशत र ६-१५ का २ प्रतिशत बालबालिकामा अपाङ्गता रहेको देखिएको छ । प्राथमिक तहमा खुद भर्नाको १.१ प्रतिशत अर्थात ५१,७६६ जना अपाङ्गता भएका बालबालिका अध्ययनरत छन् भने निम्न माध्यामिक तहमा १५,३३२ (०.८ प्रतिशत) र आधारभूत तहमा ६७,०९८ (१ प्रतिशत) बालबालिका छन् ।

- नेपालमा सवारी दुर्घटनाबाट पीडित हुने मध्ये मृत्यु हुनेमा १४ प्रतिशत र घाइते हुनेमा ८ प्रतिशत १६ वर्षसम्मका बालबालिका रहेका छन् ।

- जिल्लागत तथ्याङ्कका आधारमा १९ जिल्लाबाट उल्लेख भएअनुसार जम्मा १५,१०१ जना बालबालिका परिवारविहीन बालबालिकाका रूपमा रहेको पाइएको छ ।

- सन् २०११ मा जम्मा ११३ दिन विभिन्न स्थानमा गरी १४३ वटा बन्दका घटना भए र यसबाट विद्यालय बन्द हुनु लगायतका कारणबाट प्रत्यक्ष असर बालबालिकालाई पर्‍यो ।

- नेपालमा बालगृहहरू ३३ जिल्लामा ७६७ वटा रहेको देखिएको छ । हाल नेपालमा १३ जिल्लाहरूमा बाल हेल्पलाइनहरू पैसा नलाग्ने फोन नम्बर १०९८ (बालबालिकासमेतका लागि सम्झन सजिलो होस् भन्नका लागि यसको उच्चारण "दश-नौ-आठ" भनि गरिन्छ) सञ्चालित छन् र सो-मार्फत करिब ६० जिल्लाका घटनाहरूलाई सम्बोधन गरिएको पाइएकोछ ।

- केन्द्रीय बालकल्याण समितिले सम्बन्धित जिल्ला बालकल्याण समिति तथा जिल्ला, गाउँ, नगर बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, स्थानीय निकाय, साझेदार संस्था, निकाय र समुदायहरूसँग सहकार्य गर्दै २२ जिल्लाका २१ वटा गाविस तथा एउटा नगरपालिकालाई बालमैत्री गाउँ विकास समिति तथा नगरपालिका बनाउने अभियान अगाडि बढाएको छ । यस अतिरिक्त बालमैत्री स्थानीय शासन रणनीतिअनुरूप ३३ जिल्लाका १५ नगरपालिका र ३०० गा.वि.स.मा बालमैत्री स्थानीय शासन कार्यान्वयनमा ल्याइएको छ ।

- प्रारम्भिक बालविकास केन्द्रको कुल भर्नादर गत वर्षभन्दा झण्डै तीन प्रतिशतले वृद्धि भई यस वर्ष ७२.९ प्रतिशत रहेको देखिन्छ । यो वर्ष कक्षा १ मा प्रारम्भिक बालविकास केन्द्रको अनुभव भएका बालबालिका आउने दर गत वर्षभन्दा दुई प्रतिशतले वृद्धि भई ५४.३ प्रतिशत रहेको छ ।

- यस वर्ष खुद भर्नादर वृद्धि भई प्राथमिक तहमा ९५.१ प्रतिशत (गत वर्ष ९४.५), निम्नमाध्यमिक तहमा ७०.० प्रतिशत (गत वर्ष ६९.३), तथा आधारभूत तहमा ८६.६ प्रतिशत (गत वर्ष ८६), माध्यमिक तहमा ५२.१ (गत वर्ष ४६.५), उच्च माध्यमिक तह ९.४ प्रतिशत (गत वर्ष ७.८) पुगेको छ । सामुदायिक विद्यालयमा पूर्ण तालिम प्राप्त शिक्षकहरू प्राथमिक तहमा ९४.१ प्रतिशत, निम्न माध्यामिक तहमा ७९.९ र माध्यामिक तहमा ९०.१ प्रतिशत छन् ।

- शैक्षिक सत्र शुरु भएको दोस्रो हप्तासम्ममा सबै पाठ्यपुस्तक पाउने प्राथमिक तहमा ६९.४ प्रतिशत (गत वर्ष ६६.३), निम्न माध्यामिक तहमा ६८.५ (गत वर्ष ६५.८) र माध्यमिक तहमा ५९.९ (गत वर्ष ३५.५)प्रतिशत छन् । मातृभाषाको शिक्षालाई प्रवर्द्धन गर्ने क्रममा २१ भाषाका पाठ्यपुस्तक विकास गरिएको छ । आधारभूत तहमा गत वर्षभन्दा थोरै वृद्धि भई कुल विद्यार्थीहरूमध्ये १९.०७ प्रतिशत दलित समुदायका र ३८.५ प्रतिशत जनजाति समुदायका छन् ।

- नेपालका करिब ८० प्रतिशत बालबालिका सामुदायिक विद्यालयमा पढ्दछन्, जसमा आधाभन्दा कममात्रै उर्त्तिण हुन्छन् । गत वर्ष यो ४६.६२ प्रतिशत थियो भने यस वर्ष घटेर ३६.४९ प्रतिशतमा आइपुगेको छ । संस्थागत विद्यालयको राष्ट्रिय योगदान करिब २० प्रतिशतको हाराहारीमा मात्र रहेको छ । यसको उर्त्तिण दर भने ८०-९० प्रतिशतको हाराहारीमा रहेको देखिन्छ । यो दर अघिल्लो वर्ष ८९.५१ प्रतिशत थियो भने यो वर्ष ८४.८८ प्रतिशत रहेको छ ।

- विभिन्न जिल्लाबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६९ का अनुसार नेपालका २८ वटा बालक्लबस्तरीय पुस्तकालय, ९८ वटा सामुदायिक, १,७३३ वटा विद्यालयस्तरीय र १६ वटा अन्य प्रकारका गरी जम्मा १,८७५ वटा पुस्तकालय रहेको विवरण प्राप्त भएको छ ।

- नेपालमा ५२ जिल्लामा १३,३३१ को सङ्ख्यामा बालबालिकाका समूह, क्लब, बालअधिकार मञ्चहरू क्रियाशील रहेका छन् । जसमा करिब ३ लाख ५० हजार बालबालिका आबद्ध भएको अनुमान छ ।

- जिल्ला तथा गाउस्तरीय संरचना (जि.बा.क.स., जि.बा.सं.स.उ.स.,गा. ⁄ न.बा.स .स.उ.स., वि.व्य.स.) मा गत वर्षभन्दा झण्डै दोब्बर १३९८ बालबालिकाको सहभागिता रहेको देखिन्छ ।

- २०६९ साल असार महिनासम्मको तथ्याङ्कअनुसार यस आवमा ४ लाख ०३ हजार ५४१ जनाको जन्मदर्ता भएको देखिन्छ ।

समग्रमा हेर्दा बालअधिकारसम्बन्धी नीतिगत व्यवस्थाहरू, बालअधिकाबारे सचेतना,

बालबालिकाको आधारभूत स्वास्थ्य, शिक्षा लगायत बालबालिकाको सहभागितजस्ता क्षेत्रहरूमा प्रगति भएको देखिन्छ तर बालसंरक्षणको क्षेत्रमा भने अझबढी ध्यान पुऱ्याउनु पर्ने देखिएको छ। यस प्रतिवेदनमा सूचना स्रोतका रूपमा जिल्लाहरूबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९ लाई तथा अन्य निकाय, सङ्सस्थाका उपलब्ध भएसम्मका पछिल्ला तथ्याङ्क, जानकारीलाई आधार मानिएको छ। सबै जिल्लाबाट बालअधिकार अनुगमन सूचकाङ्क फाराम प्राप्त नहुनु तथा समयसीमाभित्र प्राप्त भएकाहरूमा पनि पूर्ण जानकारी उल्लेख हुन नसक्नुले सङ्कलित तथ्याङ्क, जानकारीलाई राष्ट्रिय स्वरूपमा विश्लेषण गर्न कठिनाइ पर्न गएको छ। बालबालिका सम्बन्धी समग्र तथ्याङ्क, जानकारीलाई एकीकृत रूपमा सङ्ग्रहित गरी आवधिक विश्लेषण गर्ने कार्यका लागि राष्ट्रिय बालबालिका सूचना केन्द्रको स्थापना गर्न सकिएमा बालबालिकाको स्थितिको सही विश्लेषण गर्न सजिलो हुने देखिन्छ। सूचना, जानकारीको सङ्कलन विश्लेषण कुनै अवसरका रूपमामात्रै गर्नेभन्दा पनि नियमित प्रक्रियाभित्रै समावेश गर्न सकिएमा सो एकिकृत गर्न सजिलो हुनजान्छ। यस प्रतिवेदनमा विविध श्रोतबाट जानकारी, तथ्याङ्कहरू सङ्कलन गरिएको हुँदा समयावधिमा विविधता रहन गएको छ। कतिपय नेपाली आर्थिक वर्ष २०६८/०६९ आधारित छन्, केही २०६८ सालका छन् भने कतिपय इस्वी सन्मा आधारित छन्। तयारी क्रममा उपलब्ध समयसीमाभित्र प्राप्त भएसम्मका नयाँ जानकारीहरूलाई समावेश गरिएको भएता पनि कतिपय सान्दर्भिक सूचना, जानकारीहरू गत वर्षको नेपाली बालबालबालिकाको स्थिति प्रतिवेदनमा आधारित रहेका छन्।

# विषय सूची


| शिर्षक | पेज नं. |
| --- | --- |
| **सारसङ्क्षेप** | |
| **परिच्छेद १** | १ |
| **१. प्रारम्भ** | १ |
| १.१ नेपालमा बालअधिकारको अवधारणा विकास | २ |
| १.२ नीति तथा अवधारणागत उपलब्धि | ३ |
| १.२.१ बालअधिकारबारे सरोकार र सचेतनामा वृद्धि | ४ |
| १.२.२. कानुनी तथा नीतिगत परिर्वतन | ५ |
| १.३. राष्ट्रिय संरचना तथा संयन्त्रहरू | ८ |
| **परिच्छेद २** | ११ |
| **२. बालबालिकाको बाँच्न पाउने अधिकार** | ११ |
| २.१. गर्भ र जन्मको अवस्था | ११ |
| २.२. जन्मपछि ५ वर्ष उमेरसम्म | १३ |
| २.२.१ मृत्युदर | १३ |
| २.२.२ खोप | १५ |
| २.२.३ पोषण | १७ |
| २.२.४ जन्मदाको तौल | १९ |
| २.२.५ बाल्यकालमा हुने बिरामी | १९ |

## परिच्छेद ३


३. बालसंरक्षण २१

३.१ बालश्रम २२

३.२. बालबालिकाविरुद्ध परिलक्षित अपराध तथा दुर्व्यवहार २९

३.२.१ यौन दुर्व्यवहार, बेचबिखन २९

३.२.२ यातना, दण्ड तथा कठोर सजायसम्बन्धी घटना तथा उजुरी ३३

३.३ सामाजिक विभेद ३४

३.४. अन्य घटनाहरू ३६

३.५. हराएका फेला परेका बालबालिका ३८

३.६. कानुनको विवादमा परेका बालबालिका ४०

३.७ बालसुधार गृहमा रहेका बालबालिका ४३

३.८. जेलमा आश्रित बालबालिका ४५

३.९. एचआईभी. एड्स ४५

३.१०. सूर्ति, मादक तथा लागूपदार्थ ४७

३.११. इन्टरनेट अनलाइन र बालसंरक्षण ४८

३.१२. सशस्त्र द्वन्द्व र बालबालिका ४९

३.१३. सञ्चार हिंसा ५१

३.१४. धर्म सन्तान ५१

३.१५. शरणार्थी बालबालिका ५३

३.१६. अपाङ्गता भएका बालबालिका ५४

३.१७. सडकमा आश्रित बालबालिका ५६

३.१८. सवारी दुर्घटना र बालबालिका ५८

३.१९. परिवारविहीन बालबालिका ६०

३.२०. बन्दहड्ताल र बालबालिका ६२

३.२१. बालसंरक्षणका लागि केही संरचना तथा कार्यक्रमहरू: ६२

३.२१.१ बालगृह ६३

३.२१.२ बाल हेल्पलाइन १०९८ (दश नौ आठ) ६५

३.२२. बालमैत्री गाविस, नगर तथा स्थानीय स्वायत्त शासन ६९

३.२२.१ बालमैत्री गाविस ६९

३.२२.२. बालमैत्री स्थानीय शासन ७१

३.२३. आपतकालीन मानवीय राहत कोष ७३

परिच्छेद ४

४. बाल विकास ७५

४.१ शिक्षा ७५

४.२ नेपालमा पुस्तकालय ८२

४.३ मनोरञ्जन स्थलहरू ८४

परिच्छेद ५

५. बालसहभागिता ८५

५.१. नेपालका बालक्लब ८६

५.१.१. जिल्लागत बालक्लबको सङ्ख्या ८६

५.१.२. बालक्लबमा आबद्ध बालबालिका ८८

५.१.३. बालक्लबहरूको आधार ८९

५.१.४. बालक्लबहरूको सहजीकरण ९०

५.१.५ बालक्लबहरूको सञ्जाल ९१

**५.२. विभिन्न संरचनाहरूमा बालसहभागिताको स्थिति** ९१

**५.३. सूचना तथा सञ्चारमा बालबालिकाको पहुँच** ९२

**५.४ जन्मदर्ताः पहिचानको पहिलो खुड्किला** ९३

अनुसूची–१ ९७

बालअधिकारका लागि राज्यले राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू जनाएका केही प्रमुख दस्तावेजहरू

अनुसूची–२ १०१

नेपालमा गठन गरिएका गाउँ बाल संरक्षण तथा सबर्द्धन उप-समितिको सङ्ख्यात्मक विवरण (गत वर्षको सूचनासमेत समायोजित)

अनुसूची–३ १०२

तालिका तथा चित्र सूचि

अनुसूची–४ १०६

सन्दर्भ सामग्रीहरू

# संक्षिप्त रूप

| | |
|---|---|
| **AHW** | Assistant Health Worker |
| **CAAFAG** | Children Associated with Armed Forces and Armed Group |
| **CSB** | Central Bureau of Statistics |
| **DOHS** | Department of Health Services |
| **HA** | Health Assistant |
| **ILO** | International Labor Organization |
| **IPEC** | International Program on Elimination of Child Labor |
| **NAOSC** | National Alliance of organizations working for Street Children |
| **NCASC** | National Centre for AIDS and STD Control |
| **NDHS** | Nepal Demographic and Health Survey |
| **NLSS** | Nepal Leaving Standards Survey |
| **SLC** | School Leaving Certificate |
| **UNCRPD** | United Nation Convention on the Rights of Person with Disabilities |
| **UNHCR** | United High Commissioner for Refugees |
| **VDC** | Village Development Committee |
| **आब** | आर्थिक बर्ष |
| **केतवि** | केन्द्रीय तथ्याङ्क विभाग |
| **गा. ⁄ न.बा.सं.स.उ.स.** | गाउ तथा नगर बाल संरक्षण तथा संबर्द्धन उप समिति |
| **गाविस** | गाँउ विकास समिति |
| **गैसस** | गैर सरकारी संस्था |
| **जिविस** | जिल्ला विकास समिति |
| **जिबाकस** | जिल्ला बालकल्याण समिति |
| **जिबासंसंउस** | जिल्ला बालसंरक्षण तथा संबर्द्धन उप समिति |
| **नपा** | नगरपालिका |
| **विव्यस** | विधालय व्यवस्थापन समिति |
| **स्थाविम** | स्थानिय विकास मन्त्रालय |

# परिच्छेद १

## १. प्रारम्भ

बालबालिका मानव जीवनका अत्यन्त महत्वपूर्ण र संवेदनशील अंश हुन् । बालबालिकाबिनाको समाज कल्पना गर्न सकिँदैन । देशमा हुने प्रायः सबै गतिविधिले बालबालिकालाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित पारिरहेको हुन्छ । तसर्थ, बालबालिकाको विषय राज्यको एक प्रमुख सरोकारको विषय हो भन्ने कुरामा विवाद छैन र यो क्रमशः स्थापित हुँदै गएकोछ ।

नेपालमा बालबालिकाको स्थितिका बारेमा केन्द्रीय बालकल्याण समितिले २०६३ सालदेखि वार्षिक प्रतिवेदन प्रकाशन प्रारम्भ गरेको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३२(५) मा व्यवस्था गरिएबमोजिम जिल्ला बालकल्याण समिति तथा केन्द्रीय बालकल्याण समिति समेतबाट तयार गरिएका सूचना, तथ्याङ्कका साथै बालबालिकासँग सम्बन्धित राष्ट्रिय स्तरका सूचना, जानकारी, तथ्याङ्कहरूलाई समायोजन प्रशोधन र विश्लेषण गरी यो बालबालिकाको स्थिति–२०६९ प्रतिवेदन प्रकाशित गरिएको छ । यसमा उपलब्ध भएसम्मका पछिल्ला तथ्याङ्क र सूचनाहरूलाई समावेश गरिएको छ । विविध श्रोतबाट जानकारी, तथ्याङ्कहरू सङ्कलन गरिएको हुँदा समयावधिहरूमा विविधता रहेको छ । कतिपय नेपाली आर्थिक वर्षमा आधारित छन् भने कतिपय इस्वी सम्वत्मा आधारित छन् । मूलतः आ.व. २०६८/६९ तथा सन् २०११ का तथ्याङ्कहरुलाई समेटिएको छ ।

बालबालिकाको स्थितिलाई विभिन्न आधारमा वर्गिकरण गरी व्याख्या गर्न सकिन्छ । बालअधिकार सम्बन्धी महासन्धिमा उल्लेख भएका मूलभूत अधिकारहरूलाई कार्यक्रमगत रूपमा सजिलोसँग बुझ्न बालबचावट, बालसंरक्षण, बालविकास र बालसहभागिता गरी चार समूहमा राखेर व्याख्या गर्ने गरिए पनि यी सबै आपसमा सम्बन्धित रहेका छन् । बालबालिकाको सन्दर्भमा यस वर्ष भए गरेका कार्यहरूलाई बालअधिकारको प्रचलित व्याख्याका रूपमा रहेका यिनै चार समूहमा राखी विवेचना गर्दा उपलब्धी तथा अपुग रहेका विषयलाई हेर्न सजिलो होस् भनी सोहीअनुरूप उपलब्ध भएसम्मका तथ्य जानकारीका आधारमा नेपालमा बालबालिकाको स्थितिलाई विश्लेषण गरिएको छ ।

## १.१ नेपालमा बालअधिकारको अवधारणा विकास

बालबालिकालाई स्वच्छ र भगवानका रूपमा मान्ने परम्परा हाम्रो पूर्वीय समाजमा रहेको छ । तसर्थ आमरूपमा सामाजिक परम्पराअनुरूप बालबालिकाको विशिष्ट अवस्थाको सम्मान गर्ने गरिएको मान्न सकिएता पनि बालबालिकाविरुद्ध गलत तथा हानिकारक परम्परा पनि नभएका होइनन् । कानुनी पक्षलाई केलाउने हो भने नेपालको पहिलो लिखित रूपमा राणाकालको अन्त्य पश्चात विक्रम सम्वत् २००७ सालमा बनेको नेपालको अन्तरिम संविधानमा बालबालिकाले शिक्षा र जोखिम कामबाट संरक्षण पाउने कुरा उल्लेख हुँदै वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ सम्म आईपुग्दा मौलिक हकअन्तर्गत बालबालिकाको हक भनेर उल्लेख गरेको छ । प्रारम्भिक दिनहरूमा बालबालिकाप्रति हेर्ने दृष्टिकोण उपकार वा दयामायामा सीमित थियो भने विगत साढे दुई दशकदेखि अधिकारवादी सोचको क्रमिक विकास हुँदै आएको छ । यस वर्ष (सन् २०१२)लाई नेपालमा बालअधिकार अभियानको २५ वर्षका रूपमा लिन सकिन्छ । संसारमा सन् १९७९ मा अन्तराष्ट्रिय बालवर्ष मनाएपछि बालअधिकारसम्बन्धी महासन्धि बन्नुपर्ने बारेमा ब्यापक चर्चा हुन थाल्यो । नेपालमा भने तात्कालीन पञ्चायती कालमा अधिकारको कुरा ओभ्रेलमा नै हुने गर्दथ्यो । त्यस अवधिमा परोपकारी सोचले बालबालिकाको खासगरी शिक्षा, स्वास्थ्य र अनाथालय जस्ता केही विषयमा सामान्य गतिविधिहरू हुने गरेका थिए । बालसंरक्षणसँग सम्बन्धित विषयहरू, बालबालिकाका विचार भावनालाई सम्मान गर्ने कुरा र कर्तव्य निर्वाहकर्ताहरूलाई जवाफदेही बनाउने जस्ता विषयहरूमा कसैको चासो नै थिएन । मानवअधिकारको कुरा उठाउनु कठिन थियो । सिङ्गो राजनैतिक परिवर्तन र प्रजातन्त्रको पक्षविपक्षमा देशको ध्यान केन्द्रित हुँदा त्यस बेला बालअधिकार झनै ओभ्रेलमा परेको थियो । अन्तरराष्ट्रिय रूपमा बालअधिकार महासन्धिको मस्यौदामाथि चर्चा हुन थालेपछि सन् १९८७-८८ मा नेपालमा मानवअधिकार तथा बालअधिकारको क्षेत्रमा क्रियाशील नागरिक समाजका तर्फबाट सो बालअधिकार महासन्धिको मस्यौदालाई नेपालीमा रूपान्तरित गरी नेपालभित्र बालअधिकारको विषय छलफलमा ल्याइयो । तसर्थ बालअधिकार अभियान सुरुवात भएको वर्ष यसैलाई मानिदै आइएकाले यो वर्ष नेपालमा बालअधिकार अभियानको २५ सौं वर्षका रूपमा रहेको छ ।

नेपालमा बालअधिकारसम्बन्धी नीतिगत व्यवस्थामा बालअधिकारको अवस्थालाई केलाउँदा बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई नेपालले १४ सेप्टेम्बर १९९० मा हस्ताक्षर गरेपछि

यसले गति लिएको पाइन्छ । नेपालमा नीतिगत दस्तावेजहरूमा संविधान, ऐन, नियमावलीदेखि कार्ययोजना तथा निर्देशिकालगायतका हरेक तहका दस्तावेजबाट बालअधिकारको संरक्षणका प्रयासहरू भएको देखिन्छ । बालअधिकारको दृष्टिकोणले नेपालको अन्तरिम संविधान, २०६३ निकै प्रगतिशील रहेको मान्न सकिन्छ । यस अतिरिक्त बालबालिकासम्बन्धी ऐन, २०४८; बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६; बालबालिकाका निम्ति विशेष ऐनका रूपमा रहेका छन् भने मुलुकी ऐनलगायत अन्य धेरै ऐनहरूमा बालबालिकाकासम्बन्धी थुप्रै व्यवस्थाहरू भएको पाइन्छ । यस अतिरिक्त बालन्याय (कार्यविधि) नियमावली, २०६३ नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सम्बन्धी शर्त तथा प्रकृया, २०६५, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका, २०६८, आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९; बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ लगायतका अर्को तहका दस्तावेजहरू रहेका छन् । यसबाहेक पनि विभिन्न विषयगत कार्यविधि, निर्देशिकाहरू जस्तै- बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४; बालबालिका शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ लगायतका विभिन्न कार्यक्रमगत व्यवस्थाहरू मन्त्रिपरिषद्‌देखि मन्त्रालयसम्मका निर्णयहरूबाट कार्यान्वयनमा रहेका छन् ।

नेपालमा योजनाबद्ध राष्ट्रिय विकास प्रणालीको शुरुवात वि.सं. २०१३-२०१८ को प्रथम पञ्चवर्षीय राष्ट्रिय योजनाबाट भएको पाइन्छ । यस्ता मूल राष्ट्रिय योजनामा बालविकाससम्बन्धी योजनाबद्ध रूपमा कार्यक्रम समावेश भएको भने सातौं राष्ट्रिय योजना (सन् १९८५-१९९०) बाटमात्रै भएको देखिन्छ । पछिल्ला सबै राष्ट्रिय योजनाहरूमा बालबालिकाका बारेमा बेग्लै परिच्छेद राखी बालअधिकारका विविध पक्षलाई समेट्ने गरेको पाइन्छ । यस अतिरिक्त बालबालिकाका लागि दशवर्षिय राष्ट्रिय कार्ययोजना, बालश्रमसम्बन्धी गुरु योजना, सशस्त्र द्वन्द्वबाट प्रभावित तथा द्वन्द्वमा संलग्न भएका बालबालिकाको पुनर्स्थापनाका लागि राष्ट्रिय कार्ययोजन लगायत केही विषयगत राष्ट्रिय कार्ययोजनहरू पनि बनेका छन् । जिल्लास्तर र गाउँस्तरसम्ममा बालबालिकाका निमित्त भनेर नै विविध नीतिगत निर्णय र कार्ययोजनाहरू बन्ने गरेको पाइन्छ ।

## १.२ नीति तथा अवधारणागत उपलब्धि

बिगत तीन दशकमा नेपालमा बालबालिकाको विषयमा उल्लेख्य प्रगति भए पनि बालबालिकाका थुप्रै विषयहरूमा परिवर्तनको आवश्यकता छ । बालबालिकाका स्थितिका सम्बन्धमा तथ्याङ्कका

कुरा पछिल्ला परिच्छेदहरूमा उल्लेख गरिएका हुँदा यहाँ केही अवधारणगत, नीतिगत तथा प्रवृत्तिगत पक्षहरूकाबारेमा मात्रै चर्चा गरिएको छ ।

### १.२.१ बालअधिकारबारे सरोकार र सचेतनामा वृद्धि

बालअधिकार क्रमिक रूपमा घरदेखि राज्यका निकायहरू समेतको चासो र सरोकारको विषय बन्न पुगेको छ। बालअधिकारका सम्बन्धमा विभिन्न तहमा सचेतना अभिवृद्धिको क्रम यस वर्ष पनि जारी रहेको पाइन्छ । यसक्रममा राज्यका संयन्त्रमार्फत् विभिन्न कार्यक्रमहरू हुँदै आएका छन् । राष्ट्रिय बालदिवसको नारा गत वर्ष र यस वर्ष पनि "हामी सबैको सरोकारः शान्ति संविधान र सुनिश्चित बालअधिकार" रहनुले देशको तत्कालिन परिवेशमा बालबालिकाको विषयलाई प्राथमिकताका साथ समायोजित गर्न खोजिएको देखिन्छ। बालबालिकाकासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू उदाहरणका लागि बालदिवस, बालअधिकार दिवस, बालश्रमविरुद्धको दिवस, मानव बेचबिखन विरुद्धको दिवसजस्ता कार्यक्रमहरूले यस विषयमा सचेतना बढाउन र तत्सम्बन्धी सरोकारवालाई जवाफदेही बनाउन सहयोग पुऱ्याई रहेकोछ। यसैगरी राष्ट्रिय खोप दिवस, विद्यालय भर्ना अभियान जस्ता राष्ट्रिय कार्यक्रमले सचेतनाका साथै बालबालिकालाई प्रत्यक्ष सहयोग पुगेको पाइन्छ । जिल्ला जिल्लामा पनि यस्ता गतिविधि गरिने हुँदा यस्ता विषयको बिस्तार राष्ट्रव्यापी रूपमा भएको मान्न सकिन्छ । बालअधिकारको विषयलाई आधारभूत तहदेखि नीतिनिर्माणको तहसम्म उठाउने, दबाब सिर्जना गर्ने र सुझाव दिने एवम् सहजीकरण गर्ने काममा गैरसरकारी संस्थाहरूले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । सञ्चारमाध्यमको द्रुत विकाससँगसँगै बालबालिकासम्बन्धी विषय र बालबालिकाका लागि छुट्याइएका विषयले क्रमशः व्यापकता पाउँदै गरेको छ। सरकारले जारी गरेका लोककल्याणकारी विज्ञापनहरूमा पनि बालअधिकारसँग सम्बन्धित विषयलाई प्राथमिकता दिएको पाइन्छ। सरकारी कार्यक्रम लगायत गैरसरकारी क्षेत्रबाट समेत बालबालिकादेखि अभिभावकसम्म, कानुन कार्यान्वयनकर्तादेखि नीतिनिर्माणका विभिन्न तह र क्षेत्रका व्यक्तिहरू माझ बालअधिकारका विविध पक्षमा अभिमुखिकरण तथा सचेतना तालिमहरू सम्पन्न भएका छन् । बालअधिकार बारेको सचेतना कार्यक्रम वयस्कहरू माझ मात्रै नभएर बालसमूहहरू लगायत मार्फत गाउँगाउँका बालबालिकासम्म पुगेको छ । बालअधिकारका बारेमा लेखिएका होर्डिङ् बोर्ड तथा भित्तेलेखनहरू पनि विभिन्न स्थानमा देखिएका छन् । गीतसङ्गीतका माध्यमबाट पनि बालअधिकारका बारेमा सचेत गर्ने प्रयासहरू भए पनि कतिपय अवस्थामा सचेतना पुग्नै पर्ने व्यक्ति र क्षेत्रसम्म पुग्न सकिराखेको छैन । बुझ्नुपर्ने व्यक्तिहरूले बुझ्ने भाषाशैलीमा

यस्ता सामाग्री निर्माण तथा कार्यक्रमहरू सञ्चालन हुन सकिरहेको छैन । विभिन्न अवसरमा गरिने कार्यक्रमहरू, दिवसहरू ठोस रूपमा उपलब्धिमूलक हुनुभन्दा पनि परम्परा धान्न गरिएको जस्ता मात्रै पनि देखिएका छन् । अझै पनि कतिपय सचेतना सामाग्रीहरूमा बालबालिकालाई हेर्ने दृष्टिकोणमा बालबालिका अधिकार धारणकर्ता हुन् र वयस्कहरू कर्तव्य निर्वाह गर्नेहरू हुन् भन्ने भावना मुखरित हुन नसकी परोपकारी अवधारणा नै रहेको पनि पाइन्छ । बालबालिकाका निम्ति मित्रवत् पाठ्य सामग्री, श्रव्य दृश्य सामग्रीको अपर्याप्तताले कतिपय बालबालिकाले नेपाली सामाग्री भन्दा विदेशी सामग्रीमा निर्भर हुनुपरेको पनि पाइन्छ । कतिपय सञ्चार-माध्यमहरूलाई पनि बालालिकाका विषयलाई बालअधिकार सम्मत ढङ्गले संवेदनशील भई प्रस्तुत गर्ने भन्दा पनि सन्सनीपूर्ण बनाएर प्रस्तुत गर्ने शैलीमा परिवर्तन गर्न सचेत गर्नु पर्ने आवश्यकता छ ।

## १.२.२. **कानुनी तथा नीतिगत परिर्वतन**

नेपालमा बालबालिकाका विषयमा कानुनी तथा नीतिगत परिर्वतनहरू क्रमिक रूपमा हुँदै गएका छन् । यसै गरी थुप्रै अदालती निर्णयहरूमा पनि बालअधिकारको सवालबारे न्यायीक सक्रियता देखाईएको छ । यस वर्ष बालिकालाई बेचबिखन गरेको तथा यौनव्यवसायमा लगाएको एक मुद्दामा सिन्धुपाल्चोक जिल्ला अदालतले सम्भवतः हालसम्मकै सर्वाधिक तोकिएको १७० वर्ष कैदसंजाय राष्ट्रिय अन्तर्राष्ट्रिय चर्चाको विषय हुन पुग्यो । यस वर्ष लामो समयदेखि अड्किएर बसेका बालअधिकारसम्बन्धी केही प्रमुख नीतिगत दस्तावेजहरू सरकारबाट स्वीकृत भएका छन् । हाल संविधानसभा विघटन भएता पनि नयाँ संविधान बनाउने क्रममा विगतमा बनेका प्रस्तावित संविधानका अवधारणा पत्रहरूमा बालअधिकारका धेरै पक्षहरूलाई समेट्ने प्रयास भएको छ ।

संविधानसभाको विघटन हुनु अगावै बालबालिकासम्बन्धी वर्तमान ऐनलाई समयानुकुल परिमार्जन गरी नयाँ बालबालिकासम्बन्धी विधेयक, २०६८ तयार भई मन्त्रिपरिषदमा विचाराधीन रहेको थियो । बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति ०६९/०१/०४ मा स्वीकृत भएको छ । जसले समग्र तथा बालबालिकाको विषयलाई समेटेको छ । आगामी दिनहरुका लागि सबै निकायहरुले आ-आफ्नो विषयगत कार्यक्रमहरूमा उक्त बालबालिकासम्बन्धी राष्ट्रिय नीतिका भावनाहरुलाई समेट्नुपर्ने स्पष्ट भएको छ ।

**बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ को दीर्घकालीन लक्ष्यः**
सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाहरूले बालअधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रूपमा व्यक्तित्व विकास गर्न सक्ने वातावरणको सिर्जना गर्ने ।

**नीतिको प्रमुख उद्देश्यः**
१ सबै किसिमका शारिरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने,
२. बालबालिका जन्मनुअघि र जन्मेपछि उनिहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,
३. आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्वद्ध सबै, विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बालसहभागिता अभिवृद्धि गर्ने,
४. बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने,
५. बालन्याय प्रणालीलाई सुदृढ गर्ने ।

यसैगरी आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ पनि तर्जुमा भई कार्यान्वयनमा आएको छ । मानव बेचविखन तथा ओसारपोसारबाट पीडित तथा प्रभावितहरूका संरक्षणका लागि पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६९ तर्जुमा भई कार्यान्वयनमा ल्याइएको छ। बालअधिकारसम्बन्धी महासन्धिको आवधिक प्रतिवेदन तयार भएको छ। यसै गरी महासन्धिको बालबालिका बेचबिखन, बालबेश्यावृत्ति र बालआश्लिल चित्रणसम्बन्धी इच्छाधीन आलेखको प्रारम्भिक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिमा बुझाईसकिएको छ भने सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्धको इच्छाधीन आलेखको प्रारम्भिक प्रतिवेदन तयार भएको छ।

बालबालिकाका लागि बनेको १० वर्षे राष्ट्रिय कार्यायोजना (सन् २००४-२०१४) को मध्यावधी समीक्षा गरी परिमार्जन सहित स्वीकृत भएको छ । यसैगरी बालश्रम न्यूनिकरणसम्बन्धी गुरुयोजना (सन् २००४-२०१४)लाई पनि परिमार्जन गरी (सन् २०११-२०२०) बनाइए पनि आधिकारिक रूपमा स्वीकृत भईसकेको छैन । स्थानीय निकायहरूलाई बालमैत्री बनाउनका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा सो को कार्यान्वयन कार्यविधि, २०६८ कार्यान्वयनमा आइसकेको छ। यसले बालअधिकारसँग सम्बन्धित निश्चित मापदण्डहरू पूरा गरेर स्थानीय निकायहरूलाई बालमैत्री घोषणा गर्दै जान सकिने व्यवस्था गरेको छ ।

बालबालिकालाई कुनै पनि सशस्त्र हिंसा तथा राजनैतिक प्रयोगबाट संरक्षण प्रदान गर्दै उनिहरूका आधारभूत शिक्षामा अवरोध सिर्जना नर्गन विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ जारी भई कार्यान्वयन गर्ने प्रक्रिया थालनी भएको छ । विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचाको लक्ष्य र उद्देश्य निम्नानुसार रहेका छन्ः

**विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ को लक्ष्यः**

नेपालका सबै विद्यालयहरू शान्तिक्षेत्र हुनेछन् ।

**उद्देश्यहरूः**

१. विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्नु,

२. विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नु र

३. विद्यालयलाई भेदभाव, दुर्व्यबहार, बेवास्ता र शोषणबाट मुक्त राख्नु ।

संविधानसभाको व्यवस्थापिका संसदको बैठकमा सम्माननीय राष्ट्रपतिज्यूद्वारा प्रस्तुत आ.व.२०६८/०६९ को नेपाल सरकारको नीति तथा कार्यक्रमहरूमा पनि बालबालिकासम्बन्धी कतिपय कुराहरूलाई समेटिएको देखिन्छ । जसमा निम्न कुराहरू उल्लेख भएको पाइन्छः

- निःशुल्क आधारभूत शिक्षालाई गुणस्तरीय एवम् जीवनउपयोगी बनाई क्रमशः अनिर्वाय गर्दै लगिने, ९-१२ सम्मको माध्यमिक शिक्षामा पहुँच बिस्तार र गुणस्तर सुधार गर्ने, पाठ्यक्रम परिमार्जन गरिने, शिक्षक व्यवस्थापनमा सुधार र पेशागत दक्षता अभिवृद्धि गरिने (बुँदा नं.८१)
- सार्वजनिक विद्यालयको भौतिक सुधार गर्ने, छात्राका लागि छुट्टै शौचालय निर्माण गर्ने, बालमैत्री शिक्षण सिकाइका माध्यमबाट शैक्षिक गुणस्तरमा सुधार गर्ने (बुँदा नं.८३)
- विकट नौ जिल्लामा आधारभूत स्वास्थ्यका सबै सेवा निःशुल्क गर्ने, राष्ट्रिय निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई बिस्तार गर्ने, एकीकृत बालसुधार तथा पोषण कार्यक्रमलाई प्रभावकारी पार्ने (बुँदा नं.८८)
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताअनुसार बालश्रम निवारणका लागि स्थानीय स्तरसम्म कार्यक्रम बिस्तार गर्ने (बुँदा नं.११८)

- द्वन्द्वपीडित १८ वर्षमुनिका टुहुरा एवम् अन्य बालबालिकाको पुनःस्थापना एवम् सहयोग कार्यक्रमहरूको सञ्चालनमा जोड दिने (बुँदा नं.१२८)

नीतिगत रूपमा भएका यी सबै प्रयासहरूको कार्यान्वयन तहमा भने केही समस्याहरू रहेको तथ्यलाई नकार्न सकिँदैन । यी सबै नीति तथा कार्ययोजनाहरूलाई सम्बन्धित निकायका नियमित कार्यक्रमभित्र पारी बजेट विनियोजन नभएसम्म आशा गरिएअनुरूप उपलब्धिहरू हासिल गर्न कठिनाइ पर्ने देखिएको छ । कतिपय अवस्थामा अत्याधिक कार्यभार र आर्थिक अभावका कारण घोषित कार्यक्रमहरूको कार्यान्वयन प्रभावकारी हुन नसक्ने यर्थातता पनि रहेको छ । यसै गरी कतिपय कार्यक्रमहरू खप्टीएको पनि भेटिन्छ । उदाहरणका लागि जिल्लामा कार्यान्वयनमा आइरहेका र बालमैत्री स्थानीय शासनअन्तर्गत गठित जिल्लास्तरीय समिति र यसका कार्यक्रमहरू तथा जिल्ला बालकल्याण समिति र सो अन्तर्गत बनेका बालसंरक्षण तथा सम्वर्द्धन उपसमितिमा अधिकांशतः एकै प्रकारका निकाय, व्यक्ति, संस्था र कार्यक्रमहरू रहेका छन् । यसै गरी जिल्ला बालकल्याण समिति र महिला तथा बालबालिका कार्यालयबिच पनि नीतिगत स्पष्टताको खाँचो देखिन्छ । यद्यपी यी सबै हालसम्म समन्वयात्मक रूपमा क्रियाशील रही आएका छन् । राज्यका तर्फबाट निर्माण हुने सबै नीति तथा कार्यक्रमहरूमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिन सकिएमा नै बालअधिकार सबैको सरोकार हो भन्ने कुरा स्थापित हुन सक्दछ ।

## १.३. राष्ट्रिय संरचना तथा संयन्त्रहरू

बालबालिका समाजका अभिन्न अङ्ग भएका हुँदा राज्यका सबै संरचना तथा संयन्त्रहरूसँग यिनीहरूको विषय प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्धित पनि बाल केन्द्रीत कार्यहरूका निम्ति तोकिएका निकाय संरचनाहरू बढी जिम्मेवार हुन्छन् । यसरी हेर्दा केन्द्रीय तहमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय मुख्य सरोकारवालाका रूपमा रहेको छ भने विषयगत रूपमा शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, स्थानीय विकास मन्त्रालय, श्रम मन्त्रालय, कानून मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय पनि बालबालिकाका लागि पहिलो वृत्तभित्र पर्ने निकायका रूपमा रहेका देखिन्छ । राष्ट्रिय योजना आयोगलाई यस वृत्तबाट छुटाउन मिल्दैन । बालबालिकासँग सम्बन्धित थुप्रै कार्यहरूमा यी निकायहरू बीच समन्वय हुने गरेको छ ।

बाल केन्द्रित रहेर बालबालिकाको विषयमा समेत बढी जिम्मेवार बनाउन महिला विकास विभागलाई 'महिला तथा बालबालिका विभाग' को रूपमा परिणत गरिएको छ भने ७५ जिल्लामा महिला विकास अधिकृतलाई बालकल्याण अधिकारीका रूपमा विगत देखि नै तोकिएको छ। जिल्ला बालकल्याण समितिलाई अझ बढी व्यवस्थित र क्रियाशील बनाउन हाल ५० जिल्लामा बालअधिकार अधिकृत रहेको र छिट्टै ७५ वटै जिल्लामा व्यवस्था गर्ने कार्यको आरम्भ भइरहेको छ।

बालन्याय सम्बन्धमा क्रियाशील रहन केन्द्रमा सर्वोच्च अदालतका माननीय न्यायधीशज्यूको अध्यक्षतामा केन्द्रीय बालन्याय समन्वय समिति गठन भएको छ भने बालन्यायसम्बन्धी कार्यक्रम सञ्चालन भएका ३२ जिल्लामा बालन्याय समन्वय समितिहरू गठन भएका छन्। भक्तपुरमा एउटै मात्र बालसुधारगृह रहेकामा हाल कास्कीमा अर्को एक बाल सुधार गृहको सञ्चालन भईसकेको छ भने विराटनगरमा निर्माणाधीन अवस्थामा रहेको छ।

बालबालिका सम्बन्धी विषयलाई संवेदनशील ढङ्गले सम्बोधन गर्न सकियोस् भन्ने अभिप्रायले नेपाल प्रहरी भित्र महिला तथा बालबालिका सेवा केन्द्र रहेको छ। केन्द्रमा निर्देशनालयको तहमा रहेको यस सेवा केन्द्र ७५ वटै जिल्ला प्रहरी कार्यालयमा बिस्तार गरिएको छ।

बालअधिकार हननूका घटनालाई तत्काल सम्बोधन गरी आवश्यक कारबाही गर्न तथा बालबालिकाको आपत्कालीन उद्दार, राहत, परामर्श र संरक्षणका लागि सञ्चालित निःशुल्क फोन १०९८ (दश-नौ-आठ) सहितको एकीकृत सेवालाई १३ जिल्लामा बिस्तार गरिएको छ। हराएका बालबालिका खोजतलास तथा समन्वयका लागि काठमाडौंमा निःशुल्क फोन नं. १०४ सहित बालबालिका खोजतलास केन्द्र सञ्चालनमा रहेको छ।

जिल्लाहरूमा मानव बेचबिखनविरुद्ध लगायतका विभिन्न विषयगत कार्यदल, लैङ्गिक तथा बालअधिकार मूलप्रवाहीकरण समन्वय समिति, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (घरेलु हिंसा पीडितका लागि १५ जिल्लामा) लगायतका समितिहरू रहेका छन्। समुदायसम्म पहुँच हुने गरी जिल्ला शिक्षा कार्यालय तथा जिल्ला जनस्वास्थ्य कार्यालयअन्तर्गतका संरचनाहरू क्रियाशील छन्। यसै गरी स्थानीय निकायहरू पनि बालबालिकाका लागि महत्वपूर्ण रहेका छन्। बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि गाँउ तथा जिल्ला विकास समितिहरू क्रियाशील रहेका छन्। यसैगरी बालसंरक्षणमा विशेष जोड दिन जिल्ला बालकल्याण समितिअन्तर्गत जिल्ला तथा गाउँ बालसंरक्षण तथा सम्वर्द्धन उपसमितिहरू क्रियाशील रहेका छन्।

गैरसरकारी क्षेत्रबाट बालबालिकाका बारेमा थुप्रै सङ्घसंस्थाहरू क्रियाशील रहेका छन् । यस्ता संस्थाहरूको विषयगत राष्ट्रिय सञ्जालहरू पनि निर्माण भएका छन् । बालक्लबहरूका पनि विभिन्न तहमा सञ्जालहरू निर्माण भएका छन् । जसले बालबालिकाका विषयलाई एकीकृत रूपमा आवाज उठाउन र सम्बोधन गर्न सघाउ पुऱ्याएको छ ।

यसका वावजुद पनि अझै पनि यी सबै संयन्त्रहरूलाई अझ बढी बालबालिकाप्रति सम्वेदनशील र जवाफदेही बनाउनुपर्ने देखिएको छ । संयन्त्रहरू हुनु राम्रो हो भने मूलतः त्यसभित्र रहने मानव श्रोतको सक्षमता र अवधारणागत स्पष्टता वृद्धि गर्न सकिएन भने सो संयन्त्र क्रियाशील हुन सक्दैन । तसर्थ सबै तहमा मानवश्रोत र आर्थिक श्रोतका साथै सूचना श्रोतको उचित व्यवस्थापन र समन्वयात्मक भूमिकालाई अभिवृद्धि गर्नु जरुरी छ ।

✦

# परिच्छेद २

## २. बालबालिकाको बाँच्न पाउने अधिकार

बालबालिकाको विषयमा चर्चा गर्दा यस धर्तिमा जन्म लिइसकेका बालबालिकाको मात्रै होइन, जन्मने तयारी क्रममा रहेकाहरूसमेतको बारेमा उल्लेख नगर्ने हो भने त्यो अपुरो हुन जान्छ। संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि १९८९, (जसलाई नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदिन गरी अन्तरनिहित सम्पूर्ण भावनाहरूलाई कार्यान्वियन गर्ने प्रतिवद्धता जनाइसकेको छ। यसको प्रस्तावनामा *बालबालिकालाई निजको शारीरिक तथा मानसिक अपरिपक्वताका कारण जन्मनुअघि र जन्मेपछि विशेष संरक्षण र स्याहारको साथै समुचित कानुनी संरक्षणको आवश्यकता पर्ने कुरालाई हृदयङ्गम गर्दै* भन्ने उल्लेख भएको छ। अतः नेपालको बालबालिकाको स्थितिबारे प्राप्त तथ्य तथा जानकारीहरूको विश्लेषण गर्दा गर्भावस्थादेखिकै कुरालाई समावेश गरिने प्रयत्न गरिएको छ।

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो। यसका लागि गर्भमा रहेदेखि जन्मसम्म नै सुरक्षित हुनुपर्छ। जन्मेपछि पौष्टिक आहार, स्वस्थ वातावरण, सफापानी, खोप तथा प्राथमिक उपचारलगायतका आधारभूत कुराको व्यवस्था हुनुपर्दछ। अतः यसै सेरोफेरोमा भएका तथ्यहरूलाई यहाँ प्रस्तुत गरिएको छ।

### २.१ गर्भ र जन्मको अवस्था

जन्मेपछि बालबालिकाको अवस्था कस्तो हुन्छ भन्ने कुरा जन्मनुअघि गर्भमा रहँदाको स्थितिले धेरै असर गर्दछ। मुलतः गर्भाधारण हुँदा महिलाको उमेर, उसलाई प्राप्त पोषण, आराम, स्वास्थ्य जाँच, त्यसबेला निजले मादक तथा सूर्तिजन्य पदार्थको सेवन लगायतका आधारमा बालबालिकाको स्वास्थ्य अवस्था निर्भर गर्दछ। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ (NDHS-2011) बाट प्राप्त तथ्यहरूलाई केलाउँदा निम्नानुसार देखिन्छः

किशोरावस्थाको गर्भाधारण आमा र बच्चा दुवैका निम्ति स्वस्थ मानिँदैन तर नेपालमा १५ देखि १९ वर्षका १७ प्रतिशत महिला गर्भवति भएका वा निजबाट पहिलो बच्चा जन्मिसकेको हुने


पाइएको छ । किशोरावस्थामा हुने गर्भाधारण शिक्षासँग सम्बन्धित रहेको पनि देखिन्छ । शिक्षित किशोरीहरूभन्दा अशिक्षित किशोरीको गर्भाधारण चार गुणा बढी रहेको छ। ३२ प्रतिशत अशिक्षित किशोरीहरूले गर्भाधारण गरेका छन् भने एसएलसी वा सो भन्दा माथि अध्ययन गरेका किशोरीहरू ८ प्रतिशतमा मात्र गर्भाधारण भएको देखिन्छ ।

आमा र बच्चाको मृत्युदर कम गर्न गर्भावस्थाको स्वास्थ्य जाँच (Antenatal Care) अति महत्वपूर्ण हुन्छ । ५८ प्रतिशत आमाले दक्ष स्वास्थ्यकर्मी (डाक्टर, नर्स वा अ.न.मी.) बाट गर्भावस्थाको स्वास्थ्य जाँच पाएका छन् । ८२ प्रतिशत आमा नियोनेटल टीटानसबाट सुरक्षित भएको पाइएको छ ।

नेपालमा जन्मेका बालबालिका मध्ये ३५ प्रतिशतको मात्र जन्म स्वास्थ्य सुविधा भएको स्थानमा हुने गरेको छ। जुन पाँच वर्षअघि सन् २००६ को १८ प्रतिशतको झण्डै दोब्बर हो । बाँकी धेरै सङ्ख्याको भने घरमा जन्म हुने गरेको पाइन्छ। बच्चा जन्मदा उचित सहयोग तथा स्वास्थ्यमा ध्यान दिन नसक्नुले पनि आमा तथा बच्चाको मृत्युसमेतको जोखिम बढ्दछ ।

नेपालका ३६ प्रतिशत बालबालिकाको जन्ममात्रै दक्ष जन्म सहयोगी (Skilled Birth Attendant) (डाक्टर, नर्स वा अ.न.मी.)को सहयोगमा हुने गरेको छ। यस अतिरिक्त ८ प्रतिशत हे.अ., अ.हे.ब. तथा महिला स्वास्थ्य स्वयम् सेविकाको सहयोगमा, ११ प्रतिशत परम्परागत सुडेनीको सहयोगमा र ४० प्रतिशत भने नातेदार वा अन्य व्यक्तिको सहयोगमा हुने गरेको छ। ३ प्रतिशतले कसैको सहयोग बिना नै बच्चा जन्माउने गरेको पाइएको छ । २० वर्षभन्दा मुनिका आमाहरूमा ४२ प्रतिशत र पहिलो बच्चा जन्माउनेमा ५५ प्रतिशतले दक्ष जन्म सहयोगीका साथ बच्चाको जन्म दिएका छन् । दक्ष जन्म सहयोगीको सेवा प्राप्त गर्ने शहरमा ७३ प्रतिशत छन् भने गाउँमा ३२ प्रतिशमात्रै छन् ।

**चित्र २.१: सुरक्षित जन्मका लागि बच्चा जन्माउदाका सहयोगी**




*श्रोतः NDHS, 2011*

गर्भावस्थामा नै गर्भ रहेको बच्चाको मृत्यु हुने दर ३७ प्रति हजार गर्भावस्था रहेको छ । यो दर २० वर्ष उमेरभन्दा कम रहेका आमाको हकमा भने ४८ प्रति हजार गर्भावस्था देखिएको छ । कुल गर्भवती महिलामध्ये १० प्रतिशत तथा बच्चालाई दुध खुवाइरहेका आमामध्ये १३.९ प्रतिशतले सूर्तिजन्य पदार्थको सेवन गर्ने गरेको पाइएको छ । नेपालमा १५ देखि १९ वर्षका १.२ प्रतिशत महिलाले सूर्तिजन्य पदार्थको सेवन गर्ने गरेको पाइएको छ ।

प्रसुतीसम्बन्धी समस्याका कारण आमाको मृत्यु हुने अनुपात अर्थात मातृ मृत्युदर (Maternal Mortality Ratio) भने पछिल्लो तथ्याङ्क २००६ को NDHS अनुसार २८१ प्रति लाख रहेको छ ।


## २.२ जन्मपछि ५ वर्ष उमेरसम्म

बालबालिकाको जन्मपछि ५ वर्षसम्मको उमेर मानवजीवनको अत्यन्त महत्वपूर्ण र सम्वेदनशील अवस्था हो । यस समयमा बालबालिकालाई उपलब्ध पोषण, स्वास्थ्य सेवा, सिक्ने, हेर्ने बुझ्ने अवसर लगायतका हुर्काइको वातावरणले उसको सिङ्गो विकासमा महत्वपूर्ण प्रभाव पार्दछ ।

### २.२.१ मृत्युदर

नेपालमा जन्मदेखि ५ वर्षमुनिका बालबालिकाको मृत्युदरमा विगत केही वर्षदेखि उल्लेख्य प्रगति भएको पाइन्छ । शिशु मृत्युदर (जन्मदेखि एक वर्षभित्र हुने मृत्यु) सन् २००१ मा ६४ प्रति हजार ज्युँदो जन्म थियो भने सो घटेर सन् २०११ मा ४६ मा आइपुगेको छ । यसैगरी सोही अवधिमा ५ वर्षमुनिको बालमृत्युदर (जन्मदेखि पाँचौ जन्म दिनभित्र हुने मृत्यु) ९१ बाट घटेर ५४ मा आइपुगेको छ । यसैगरी जन्मदेखि पहिलो एक महिनाभित्र हुने मृत्युदर भने ३९ बाट घटेर ३३ मा आइपुगेको छ ।

**चित्र २.२: शिशु तथा ५ वर्षमुनिको बालमृत्युदर**




*श्रोतः NDHS, 2011*

बालबालिकाको प्रारम्भिक अवस्थामा नै हुने मृत्युदर शहरी क्षेत्रको तुलनामा ग्रामीणक्षेत्रमा धेरै रहेको छ । शहरी क्षेत्रको शिशु मृत्युदर ३८ छ भने ग्रामीण इलाकामा ५५ रहेको छ । भौगोलिक अवस्थानुसार पनि बालबालिकाको मृत्युदरमा भिन्नता रहेको छ । तराई क्षेत्रमा पाँच वर्ष मूनिका बालबालिकाको मृत्युदर ६२ प्रति हजारका तुलनामा हिमाली क्षेत्रमा ८७ रहेको छ । यसै गरी यो दर पूर्वाञ्चलमा ५५ को तुलनामा सुदुर पश्चिमाञ्चलमा ८२ रहन गएको छ ।

**तालिका नं. २.१: स्थानका आधारमा मृत्युदर**

| स्थान/क्षेत्र | शिशु मृत्युदर | पाँच वर्ष मूनिका बालबालिकाको मृत्युदर |
|---|---|---|
| शहरी क्षेत्र | ३८ | ४५ |
| ग्रामीणक्षेत्र | ५५ | ६४ |
| | | |
| पूर्वाञ्चल | ४७ | ५५ |
| मध्माञ्चल | ५२ | ६० |
| पश्चिमाञ्चल | ५३ | ५७ |
| मध्य पश्चिमाञ्चल | २४ | ७३ |
| सुदुर पश्चिमाञ्चल | २४ | ८२ |

*श्रोतः NDHS, 2011*

पाँच वर्षमुनिकाको बालमृत्युदरमा बच्चाको लिङ्गको आधारमा भने ठूलो भिन्नता रहेको देखिदैन । यो दर बालकको हकमा ६३ रहेको छ भने बालिकाको हकमा ६२ देखिएको छ । बच्चा जन्माउँदा रहेको आमाको उमेरको आधारमा भने मृत्युदरमा स्पष्ट भिन्नता देखिन्छ । २० वर्षभन्दा कम उमेरका आमाले जन्माएका पाँच वर्षमुनिका बच्चाको मृत्युदर ७८ छ भने २० देखि २९ वर्ष उमेरका आमाले जन्माएको बच्चामा यो दर ५७ मात्रै रहेको छ । यसै गरी ३०–३९ वर्ष उमेरका आमाको बच्चाको मृत्युदर ६२ रहेको छ ।

**तालिका नं. २.२: लिङ्ग तथा बच्चा जन्माउँदा आमाको उमेरका आधारमा मृत्युदर**

| पृष्टभूमि | शिशु मृत्युदर | पाँच वर्ष मूनिका बालबालिकाको मृत्युदर |
|---|---|---|
| बालक | ५४ | ६३ |
| बालिका | ५२ | ६२ |
| बच्चा जन्माउदा आमाको उमेर | | |
| २० वर्षभन्दा कम | ६९ | ७८ |
| २०-२९ | ४९ | ५७ |
| ३०-३९ | ४९ | ६२ |

*श्रोतः NDHS, 2011*

बालबालिकाको मृत्युदर स्वास्थ्य सुविधालगायतका विषयहरूका अतिरिक्त महिलाको सशक्तिकरणसँग पनि सम्बन्धित रहन गएको पाइएको छ। खासगरी आफ्नो स्याहार, घरायसी सरसामानको खरिद र परिवारका अन्य सदस्य वा नातेदारकहाँ जानेजस्ता तीन मुख्य विषयमा निर्णय गर्ने स्वतन्त्रता पाएका विवाहित महिलाको हकमा शिशु मृत्युदर ४६ तथा पाँच वर्ष पुगेकाको बालमृत्युदर ५५ प्रति एक हजार जिवित जन्म रहेको छ भने उक्त निर्णय गर्न नपाउने हरूको सन्दर्भमा सो दर क्रमश ६७ र ६८ रहेको देखिएको छ। (NDHS-2011)

## २.२.२ खोप

बालस्वास्थ्यका लागि खोप अत्यन्त महत्वपूर्ण रहन्छ। १२ देखि २३ महिनासम्मका पूर्ण रूपमा खोप पाउनेको प्रतिशत विगत १५ वर्षभन्दा हाल दोब्बर बढ्न गएर १९९६ मा रहेको ४३ प्रतिशतबाट हाल २०११ मा ८७ प्रतिशत पुगेको छ। (NDHS-2011)

स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०६७/६८ का अनुसार हरेक वर्ष खोप पाउनेहरूको सङ्ख्या बढ्दै गएको छ। २०६७/६८ मा BCG खोप ९७ प्रतिशत, Polio-3 खोप ९५ प्रतिशत, DPT-Hep B- Hib 3 खोप ९६ प्रतिशत, दादुरा खोप ८८ प्रतिशत बालबालिकाले प्राप्त गरेका छन् भने गर्भवति महिलामध्ये ४१ प्रतिशतले TT-2 खोप पाएका छन्।

विद्यालय खोप कार्यक्रमको निरन्तरता रहेको छ भने दुई चरणमा राष्ट्रिय खोप कार्यक्रम तथा राष्ट्रिय खोप दिवसको अवसरमा प्रदान गरीने पोलियो खोपले पोलियो उन्मुलनमा सहयोग पुऱ्याएको छ । गत वर्ष नियमित खोपको लक्ष्य ६ लाख ४८ हजार ८५५ जना बालबालिका थिए भने यस वर्ष यो केही बढेर ६ लाख ९५ हजार १६ रहेको थियो ।

**तालिका नं २.३: वर्ष तथा क्षेत्रका आधारमा खोप प्राप्त प्रतिशत**

| सुचक | वर्ष | पूर्वाअञ्चल | मध्यमाञ्चल | पश्चिमाअञ्चल | म.पश्चिम | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|
| बि.सि.जि. | २०६५।६६ | ८७.४ | ८९.८ | ७८.५ | ८५.७ | ७७.२ | ८४.९ |
| | २०६६।६७ | ९०.४ | ९६.९ | ८६.१ | १०४.७ | ९९.१ | ९४.५ |
| | २०६७।६८ | ९२.९ | १००.७ | ९०.७ | १०४.४ | ९९.४ | ९७.२ |
| डि.पि.टि. हेपबि, हिप ३ | २०६५।६६ | ८३.३ | ८३.२ | ७६.६ | ८३.५ | ७६.१ | ८१.२ |
| | २०६६।६७ | ८०.१ | ८२.० | ७५.८ | ८८.१ | ८६.५ | ८१.६ |
| | २०६७।६८ | ९२.२ | ९७.० | ८८.० | १०४.५ | १०३.३ | ९५.७ |
| पोलियो | २०६५।६६ | ८२.९ | ८३.२ | ७५.७ | ८३.७ | ७६.१ | ८०.९ |
| | २०६६।६७ | ८२.० | ८२.७ | ७६.७ | ९२.२ | ८९.४ | ८३.३ |
| | २०६७।६८ | ९०.९ | ९६.० | ८८.० | १०४.३ | १०३.२ | ९५.० |
| दादुरा | २०६५।६६ | ७८.० | ७५.९ | ६९.५ | ८०.८ | ७१.७ | ७५.४ |
| | २०६६।६७ | ८३.३ | ८६.० | ८०.२ | ९७.४ | ९१.५ | ८६.४ |
| | २०६७।६८ | ८७.७ | ८७.० | ८०.९ | ९६.१ | ९२.८ | ८७.७ |
| टि.टि.२ र टि.टि.२+ | २०६५।६६ | ६५.६ | ५७.२ | ५७.० | ६६.७ | ५१.८ | ५९.८ |
| | २०६६।६७ | ८६.० | ७६.० | ७७.७ | ८०.२ | ६६.९ | ७८.४ |
| | २०६७।६८ | ८२.७ | ७४.९ | ८३.७ | ७६.५ | ६७.६ | ७८.० |


*श्रोतः स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०६७/६८ (DOHS, 2011)*

यस वर्ष DPT-Hep B- Hib 3 नपाएका बालबालिकको सङ्ख्या २७,७१४ रहेको छ। जुन गत वर्ष १,३१,०११ थियो । यो सङ्ख्या कुनै पनि खोप सेवा नपाएका बालबालिकाको हो ।

माथि उल्लिखित तथ्याङ्कमा देखिएका उपलब्धि घोषित गरिएको लक्ष्यका आधारमा प्राप्त हुन् । तसर्थ निर्धारण गरिएका लक्ष्यले सबै बालबालिकालाई समेट्न सकेको छ कि छैन या सो वास्तविकताभन्दा

धेरै छ भन्ने विषय पनि विचारणीय छ तर उपरोक्त स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदनबाट देखिएको उपलब्धी र देशभरीलाई समेट्ने गरी तथ्याङ्क विभागबाट गरिएको नेपाल जीवनस्तर सर्वेक्षण, २०१०/०११ बाट देखिएको अवस्थामा भिन्नता पाइन्छ । जसअनुसार पूर्णरूपमा खोप पाउने पाँच वर्षमुनिका बालबालिका ६४.१ प्रतिशत, आंशिक रूपमा खोप लगाएका ३३.१ प्रतिशत र खोप नै नपाएका २.८ प्रतिशत रहेका देखिएकोछ ।

**चित्र २.३: खोप पाउनेको प्रतिशत**




*श्रोतः NLSS, 2010/11*

## २.२.३ पोषण


बालबालिकालाई कुपोषणबाट जोगाउनका लागि स्तनपान, उमेर अनुसारको उचाइअनुगमन, आयोडिनको कमीबाट हुन सक्ने अवस्थालाई रोक्ने, भिटामिन 'ए' क्याप्सुल, आइरन चक्कि वितरण, जुकाविरुद्धको रोकथामजस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् । ५ वर्षमुनिका बालबालिकाको वृद्धि अनुगमन गर्ने गरिएकोमा गत वर्षको तुलनामा यस वर्ष २०६७/०६८ मा वृद्धि अनुगमनको कभरेज ७ प्रतिशतले घटी ४६ प्रतिशतबाट ३९ प्रतिशत रहेको छ । गर्भावस्थाको पोषणका लागि ७३ प्रतिशत गर्भवति महिलाले आइरन चक्की पाएका छन् भने ६५ प्रतिशतले जुका विरुद्धको उपचार पाएका छन् । (NDHS-2011)

बच्चाको निम्ति पोषणको एक प्रमुख श्रोत आमाको दुध हो । नेपालका ९८ प्रतिशत आमाले बच्चालाई दुध खुवाउने गरेको पाइएको पनि बच्चा ५ महिना नपुगुन्जेल लगातार दुधमात्रै खुवाउने आमाको सङ्ख्या भने ७० प्रतिशत रहेको छ । (NDHS-2011)

सामान्यतया कुपोषणको अवस्था कस्तो छ भन्ने हेर्नका लागि पाँच वर्षमुनिका बालबालिकाको तीन आधारमा परीक्षण गरिन्छ । जसमा उमेरका आधारमा उचाइ कम भएका पुड्को (Stunted), उचाइअनुसारको तौल नपुगी ख्याउटे (Wasted) भएका र उमेरअनुरूप तौल नपुगेका (Under weight) पर्दछन् । नेपालका ४१ प्रतिशत ५ वर्षमुनिका बालबालिका उमेरका आधारमा उचाइ कम भएका पुड्का (Stunted) छन् र १६ प्रतिशत अति नै पुड्का (Severely stunted) छन् । यसले बालबालिकामाथि दीर्घकालीन कुपोषणले पारेको असरलाई देखाउँदछ । यो बालिकामा ४० प्रतिशत छ भने बालकमा केही बढी ४१ प्रतिशत रहेको छ । शहरका २७ प्रतिशतमा यो समस्या छ भने ग्रामीण इलाकामा ४२ प्रतिशतमा रहेको पाइन्छ । यसै गरी उचाइअनुसारको तौल नपुगी ख्याउटे (Wasted) भएका ११ प्रतिशत छन् र ३ प्रतिशत अति ख्याउटे (Severely wasted) छन् । शहरका ८ प्रतिशतमा र ग्रामीण इलाकाका ११ प्रतिशतमा यो समस्या रहेको छ । २९ प्रतिशत बालबालिका उमेरअनुरूप तौल नपुगेका (Under weight) पाइएका छन् । यो गाउँमा ३० प्रतिशत र शहरमा १७ प्रतिशत देखिएको छ । (NDHS, 2011)

नेपालमा पोषणको स्तरमा क्रमश सुधार भएको पाइन्छ । सन् २००६ को तुलनामा २०११ मा उमेरको आधार उचाइ कम हुने पुड्कोपनको सङ्ख्या ८ प्रतिशतले घटेको छ भने उचाइअनुसारको तौल कम हुने ख्याउटेको सङ्ख्या सोही अवधिमा दुई प्रतिशतले घटेको छ । उमेरअनुरूप तौल नपुगेको सङ्ख्यामा भने सन् २००६को तुलनामा १० प्रतिशतले कमी आएको छ । (NDHS, 2011)

**चित्र २.४: पाँच वर्षमुनिका बालबालिकाको पोषण अवस्था**




*श्रोतः NDHS, 2011*

पोषणलाई सघाउ पुऱ्याउन ९० प्रतिशत ६–५९ महिनाका बालबालिकालाई भिटामिन ए चक्कि दिईएको छ । स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०६७/६८ अनुसार यस वर्ष लक्ष्यभन्दा बढी १०६ प्रतिशतलाई भिटामिन ए वितरण गरिएको छ, जुन गत वर्ष ९० प्रतिशतमात्रै थियो ।

### २.२.४ जन्मदाको तौल

जन्मदा २.५ किलोग्राम भन्दा कम तौल भएका बालबालिकालाई “धेरै साना” शिशुका रूपमा लिइन्छ, जो अन्यको तुलनामा बढी जोखिममा हुन्छन् । नेपालमा स्वास्थ्य केन्द्रमा जन्माउने सङ्ख्या नै कम भएका कारण ३६ प्रतिशत बालबालिकाको मात्रै जन्मदा तौल लिइएको पाइयो । जसमा १२ प्रतिशत २.५ किलोग्राम भन्दा कम तौलको रहेको पाइयो । (DOHS, 2011)

### २.२.५ बाल्यकालमा हुने बिरामी

बाल्यकालमा हुने प्रमुख बिरामीका प्रचलित कारणहरूमा झाडा पखाला र श्वासप्रश्वाससम्बन्धी सङ्क्रमण प्रमुख रूपमा रहेका छन् । स्वास्थ्य संस्थाको सम्पर्कमा आएका प्रति एक हजार पाँच वर्षमुनिका बालबालिकामा ०६६/६७ मा ५९८ लाई झाडा पखाला लागेको थियो भने ०६७/६८ मा यो ५०० मा झरेको छ तर त्यसमध्ये पनि गम्भीर जलबियोजन (Severe dehydration) भएको सङ्ख्या भने गत वर्ष र यस वर्ष समान रूपमा ०.४ प्रतिशत कायम नै रहेको छ । झाडापखाला लागेकामध्ये जिङ्क तथा पुर्नजलीय उपचार प्राप्त गर्नेको सङ्ख्या गत वर्ष रहेको ४८ प्रतिशतबाट यस वर्ष बढेर ८८ प्रतिशत पुगेको छ । (DOHS, 2011)

झाडापखाला लागेका बालबालिकालाई बढी झोल खुवाउनुपर्छ । तर ७१ प्रतिशतलाई झाडापखाला लाग्दा पनि सामान्य जत्तिकै झोल पदार्थ दिने गरेको, १४ प्रतिशतलाई मात्र सामान्यभन्दा धेरै दिने गरेको तथा १० प्रतिशतलाई सामान्य अवस्थामा भन्दा कम दिने गरेको र १ प्रतिशतलाई भने अति न्यून दिने गरेको पाइएको छ । (NDHS, 2011)

श्वासप्रश्वाससम्बन्धी सङ्क्रमण (Acute Respiratory Infection (ARI) हुने घटना भने ५ वर्षमुनिका स्वास्थ्य संस्थाको सम्पर्कमा आएका प्रति १ हजार बालबालिकामा गत वर्षको ८८२ बाट घटेर यस वर्ष ८२४ पुगेको छ । यसमध्ये निमोनिया हुनेहरूको सङ्ख्या भने गत वर्ष २५५ रहेकोमा यस वर्ष २४६ पुगेको छ । (DOHS, 2011)

**तालिका नं. २.४: पाँच वर्षमुनिका बालबालिकामा झाडा पखाला र श्वासप्रश्वास सङ्क्रमण** (**प्रति एक हजारमा**)

| **आ.व.** | **झाडा पखाला लागेको** | **श्वासप्रश्वास सम्बन्धी सङ्क्रमण** | **निमोनिया भएको** |
|---|---|---|---|
| ०६६/६७ | ५९८ | ८८२ | २५५ |
| ०६७/६८ | ५०० | ८२४ | २५५ |

समुदायमा आधारित नवजात शिशु स्याहारसम्बन्धी कार्यक्रम २०६५/०६६ मा १० जिल्लाबाट सुरुवात गरिएकोमा २०६६/०६७ मा थप १५ जिल्ला र २०६७/०६८ मा थप १० जिल्ला गरी हाल ३५ जिल्लामा पुगेको छ। जसले नवजात शिशुमा हुने सङ्क्रमणलगायतलाई न्यूनिकरण गर्न महत्वपूर्ण सहयोग पुऱ्याएको छ। (DOHS, 2011)

समग्रमा हेर्दा बालबालिकाको बाँच्न पाउने अधिकारसँग सम्बन्धित आधारभूत स्वास्थ्यसम्बन्धी सेवाहरूमा क्रमिक सुधार आएको पाइए पनि यो राष्ट्रिय तथ्याङ्कका आधारमा उल्लेख गरिएको समग्र प्रगति सबै तिर एकैनासको भने छैन। शहरीभन्दा ग्रामीणक्षेत्र, पूर्वभन्दा सुदूरपश्चिम, तराईभन्दा हिमाली क्षेत्रमा कतिपय समस्याहरू बढी देखिएका छन्। जहाँ स्रोतसाधन र सेवाहरूको पहुँच पुग्न सकेको छैन।

✦

# परिच्छेद ३

## ३. बालसंरक्षण

बालअधिकारसम्बन्धी महासन्धिले बालबालिकाको संरक्षण हुन पाउने अधिकारलाई सुनिश्चित गरिनुपर्ने सम्बन्धमा थुप्रै व्यवस्था गरेको छ । सबै प्रकारका दुर्व्यवहार, शोषण र बेवास्थाबाट संरक्षण पाउनु बालबालिकाको अधिकार हो । नेपालमा बालबालिका विभिन्न बहानामा हुने गरेका हेला, भेदभाव, शारीरिक मानसिक दुर्व्यवहार, यौनदुर्व्यवहार, यौनशोषण, श्रमशोषण, बेवास्ता तथा परित्यक्तता लगायतबाट प्रभावित भइरहेका छन् । यस्ता सबै कार्यबाट बालबालिकालाई संरक्षण गरिनुपर्ने बारेमा थुप्रै कानुनी प्रावधानहरू रहे पनि तथापी कतिपय अवस्थामा सामाजिक कुप्रथाका कारण, बालबालिका प्रतिको संवेदनहीनता, कसैको निहित स्वार्थ लगायतका कारणबाट बालबालिकाविरुद्ध थुप्रै अपराधजन्य कार्यहरू पनि समाजमा भइरहेका छन् । अपहरण, हत्या लगायत बेचविखन तथा ओसारपसारजस्ता घटनाहरूबाट पनि बालबालिका पीडित भइरहेका छन् ।

समाजमा बालबालिकाले विभिन्न समस्याहरू भोगी रहेका हुन्छन् र संरक्षण हुन पाउने अधिकारबाट वञ्चित भई रहेका हुन्छन् । बालबालिकाका संरक्षणसम्बन्धी सरोकारका विषयहरू धेरै रहेका छन् । जस मध्येका केही प्रमुख तथा विशेष ध्यान दिइनु पर्ने सरोकारका बिषयहरू निम्नानुसार छन्ः

- बालश्रम
- बालयौन शोषण, व्यवसायिक यौन शोषण
- दुर्व्यवहार
- बालबिबाह
- घरेलु हिंसामा पीडित वा साक्षी
- सशस्त्रद्वन्द्व पीडित तथा द्वन्द्वमा संलग्न
- बेचबिखन तथा ओसारपसारमा परेका बालबालिका
- शारीरिक दण्डसजाय
- विद्यालयबाट वञ्चित बालबालिका
- अपाङ्गता (शारिरिक, मानसिक) भएका बालबालिका
- परित्यक्त बालबालिका
- लागुपदार्थ, मादक पदार्थ ओसारपसार तथा दुर्व्यसनमा संलग्न
- अभिभावक विहीन
- शरणार्थी बालबालिका
- प्राकृतिक प्रकोपबाट प्रभावित
- परम्परा विशेष (कमलरी, झुमा, छाउपडी, कुमारी, आदि)
- कानुनको विवादमा परेका बालबालिका

नेपाली समाजमा विद्यमान रहेका उपरोक्त विषयहरूबाट बालबालिकालाई जोगाउन सरकारी तथा गैरसरकारीस्तरमा बिभिन्न गतिविधि भइरहेका पनि सबैको एकीकृत सूचना तथा तथ्याङ्कहरूको व्यवस्थित अभिलेख उपलब्ध हुन सकेन । बालबालिकाको संरक्षणसँग सम्बन्धित केही प्रमुख बिषयहरूका सम्बन्धमा प्राप्त तथ्याङ्कले नेपाली बालबालिकाले भोगीरहेका समस्यालाई दर्शाएको छ ।

## ३.१ बालश्रम

सुरक्षित वातावरणमा नयाँ नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाले काम गर्ने गरेका छन् । बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थता हो । काम गर्नुपर्नाले शिक्षाबाट बञ्चित हुने देखी शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पीडित भएका छन् । बालश्रम नेपाली समाजमा व्याप्त एक प्रचलकै रूपमा रहेको पाइन्छ । जहाँ श्रम छ, प्रायः त्यहाँ बालश्रम संलग्न भएको पाइन्छ । ६० भन्दा बढी श्रमक्षेत्रहरूमा बालबालिकाको उल्लेख्य संलग्नता भएको पाइन्छ (सिविन, २००९) । नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठूला अध्ययनहरू भएता पनि आवधिक तथा एकीकृत तथ्याङ्क तथा जानकारीको भने अभाव रहेको छ ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरीत कार्य हो । यस सम्बन्धमा नेपालको अन्तरिम संविधानको धारा २२ मा पनि उल्लेख भएको छ भने बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६; श्रम ऐन, २०४८ लगायतका कानुनी व्यवस्थाहरू रहेका छन् । यसै गरी नेपालले राज्य पक्षका रूपमा अनुमोदन गरीसकेको संयुक्त राष्ट्रसङ्घको बालअधिकारसम्बन्धी महासन्धि १९८९, अन्तराष्ट्रिय श्रम सङ्गठनको रोजगारीको न्यूनतम उमेरसम्बन्धी महासन्धि नं. १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धि नं. १८२ तथा सिफारिस नं. १९० ले पनि राज्यलाई बालश्रम विरुद्ध थप दायित्ववान बनाएको छ ।

बालश्रम न्यूनिकरणसम्बन्धी अन्तराष्ट्रिय कार्यक्रमको क्रममा नेपालले सात प्रकारका श्रमलाई बालबालिकाका लागि निकृष्ट प्रकारको श्रमक्षेत्रका रूपमा लिएको छ । जसमा बालभरिया, सडकमा आश्रित बालबालिका, बँधुवा बालश्रमिक, घरेलु बालश्रमिक, ईँटा कारखानामा काम गर्ने बालबालिका, कोइला तथा अन्य खानीमा काम गर्ने बालबालिका र श्रम तथा यौनशोषणका लागि बेचबिखनमा परेका बालबालिका पर्दछन् । करिब १० वर्षअगाडि यी क्षेत्रहरूमा द्रुत मूल्याङ्कन पद्दतिको विधि अपनाई अध्ययन गरिएको थियो भने सो पछिको अध्यावधिक तथ्याङ्क उपलब्ध छैन ।

पछिल्लो चरणमा तथ्याङ्क विभागद्वारा राष्ट्रिय स्तरमा गरिएको श्रमशक्ति सर्वेक्षण, २००८ मा प्राप्त तथ्यहरूलाई थप विश्लेषण गरी "नेपाल बालश्रम प्रतिवेदन" सन् २०१२ मा प्रकाशित भएको छ। नेपाल सरकार, तथ्याङ्क विभाग तथा अन्तराष्ट्रिय श्रम सङ्गठनद्वारा प्रकाशित यस प्रतिवेदनलाई हालसम्मको बालश्रमसम्बन्धी बृहत अध्ययन प्रतिवेदनका रूपमा लिन सकिन्छ। उक्त प्रतिवेदनअनुसार नेपालमा ५-१७ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्या ७७ लाख ७० हजारमध्ये ४०.४ प्रतिशत अर्थात जम्मा ३१ लाख ४० हजार बालबालिका रोजगारीमा (काममा) संलग्न कामदार देखिन्छन्। जसमध्ये १६ लाख बालबालिका (५१ प्रतिशत) बालश्रमको समूहभित्र पर्दछन्। जसले गर्दा उनीहरूको शिक्षामा अवरोध पुग्ने, स्वास्थ्य वा शारीरिक मानसिक, आध्यात्मिक, नैतिक वा सामाजिक विकासमा हानि पुग्ने सम्भावना हुन्छ। त्यसमध्ये पनि ६ लाख २० हजार बालबालिका भने जोखिमपूर्ण श्रममा संलग्न रहेको अनुमान गरिएको छ।

**तालिका नं. ३.१: बालश्रमिकको सङ्ख्या**

| उमेर | कुल सङ्ख्या क | काममा संलग्न ख | बालश्रममा संलग्न ग | जोखिमपूर्ण श्रममा संलग्न घ |
|---|---|---|---|---|
| ५-१७ वर्ष उमेर समूहका बालबालिका | ७७,७०,००० | ३१,४०,००० (कको४०.४%) | १६,००,००० (खको ५१%) | ६,२०,००० (गको ३८.७%) |

*श्रोतः नेपाल बालश्रम प्रतिवेदन, श्रमशक्ति सर्वेक्षण २००८ मा आधारित, केन्द्रीय तथ्याङ्क विभाग*

यस अध्ययनको लागि आर्थिक क्रियाकलापको परिभाषा अनौपचारिक क्षेत्रलाई समेत समेट्ने गरी ILO ले सिफारिस गरेअनुसार लिइएको छ। सोही आधारमा काम गर्ने बालबालिका (Working Children ), बालश्रम गर्ने बालबालिका (Child Labour) र जोखिमपूर्ण श्रम (Hazardous work) गर्ने बालबालिका गरी तीन चरणमा छुट्याएको छ।

विद्यालयबाहिर रहेका बालबालिका कामदार बालबालिकामा पर्दछन् भन्ने मान्यता रहँदै आएको छ। नेपालमा ५-१७ वर्ष उमेर समूहका ५४ प्रतिशत बालबालिकामात्र काम नगरी विद्यालय जान पाएका छन्। कामदार बालबालिकामध्ये २१ प्रतिशत बालबालिका विद्यालय जाँदैनन्।

- ५-१७ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्या ७७,७०,३२१
    - काम नगरी विद्यालय जाने ४१,९४,७५५ (५४ प्रतिशत)

- विद्यालय नजाने काम गर्ने ४,३३,०६५ (५.६ प्रतिशत)
- कुल कामदार बालबालिका (विद्यालय जाने नजाने) ३१,४२,५०१ (४०.४ प्रतिशत)
    - विद्यालय जान पाएका कामदार बालबालिका २४,८१,८४३ (७९ प्रतिशत)
    - विद्यालय जान नपाएका कामदार बालबालिका ६,६०,८६८ (२१ प्रतिशत)

कामदार बालबालिकाहरू मध्ये ८९.८ प्रतिशतले घर परिवारलाई सघाउँछन्, जसले पैसा पाउदैनन् । यसमा अधिकतम् बालिकाहरू पर्दछन् । पैसा पाउने रोजगारी गर्ने बालबालिका ४.२ प्रतिशतमात्र छन् भने आफ्नै व्यवसायमा काम गर्ने ५.९ प्रतिशत रहेका छन् ।

**तालिका नं. ३.२ः उमेर, लिङ्ग र क्षेत्रको आधारमा कामदार बालबालिकाको प्रतिशत**

| लिङ्ग/उमेरसमूह/क्षेत्र | अहिले काम गरिरहेका बालबालिका | तलबी कामदार | आफ्नो व्यवसाय सञ्चालन गरेका | विना तलब परिवारलाई सहयोग | अन्य |
|---|---|---|---|---|---|
| **नेपाल** | **१००** | **४.२** | **५.९** | **८९.८** | **०.२** |
| शहरी क्षेत्र | १०० | १३.३ | ८.० | ७८.२ | ०.४ |
| ग्रामीण क्षेत्र | १०० | ३.६ | ५.७ | ९०.५ | ०.२ |
| **उमेर समूह** | | | | | |
| ५-९ वर्ष | १०० | ०.४ | ४.२ | ९५.२ | ०.२ |
| १०-१३ वर्ष | १०० | १.६ | ५.५ | ९२.७ | ०.२ |
| १४-१७ वर्ष | १०० | ७.५ | ६.७ | ८५.६ | ०.२ |
| **लिङ्ग** | | | | | |
| बालक | १०० | ५.४ | ५.४ | ८८.९ | ०.३ |

*श्रोतः नेपाल बालश्रम प्रतिवेदन, श्रमशक्ति सर्वेक्षण २००८ मा आधारित, केन्द्रीय तथ्याङ्क विभाग*

वर्षका काम गर्ने बालबालिकामध्ये ८७.७ प्रतिशत बालबालिका कृषि क्षेत्रमा संलग्न छन् भने त्यस पछि क्रमशः विद्युत, ग्याँस, पानीसम्बन्धी काम, उत्पादनसम्बन्धी काम, थोक तथा खुद्रा व्यापार जस्ता काममा संलग्न छन् ।

**तालिका नं ३.३: लिङ्ग र उद्योगका आधारमा कामदार बालबालिकाको प्रतिशत**

| | **काम गरीरहेका बालबालिका** | | |
|---|---|---|---|
| | **बालक** | **बालिका** | **जम्मा** |
| **उद्योग** | | | |
| कृषि र माछा पालन | ८६.१ | ८९.१ | ८७.७ |
| उत्पादन र प्रशोधन | २.७ | २.३ | २.५ |
| विद्युत, ग्याँस र पानीको आपूर्ती | ३.९ | ५.८ | ४.९ |
| निर्माण | १.३ | ०.१ | ०.७ |
| थोक र खुद्रा व्यापार | ३.० | १.२ | २.० |
| होटल तथा रेष्टुरेन्ट | १.३ | ०.९ | १.१ |
| यातायात, गोदाम र सञ्चार | १.० | ०.० | ०.५ |
| निजी घरमा काम गर्ने | ०.२ | ०.३ | ०.२ |
| अन्य | ०.५ | ०.३ | ०.४ |
| **जम्मा** | **१००** | **१००** | **१००** |

*श्रोतः नेपाल बालश्रम प्रतिवेदन, श्रमशक्ति सर्वेक्षण २००८मा आधारित, केन्द्रीय तथ्याङ्क विभाग*


जम्मा कामदार बालबालिकामध्ये १९.७ प्रतिशत जोखिमपूर्ण श्रममा संलग्न छन् । लिङ्गका आधारमा हेर्दा जोखिमपूर्ण श्रम गर्नेमा बालकभन्दा बालिका धेरै छन् । कुल बालिकामध्ये ४४.५ प्रतिशतले काम गर्दछन् भने त्यसमा २१.९ प्रतिशत जोखिमपूर्ण श्रम गर्दछन । ३६.५ प्रतिशत बालकले काम गर्दछन् भने त्यसमा १७.३ प्रतिशत जोखिमपूर्ण श्रम गर्दछन् । देशका अन्य क्षेत्रको तुलनामा काठमाण्डौ उपत्यकामा काम गर्ने धेरै बालबालिकाहरू जोखिमपूर्ण श्रममा लागेको देखिएको छ ।

## तालिका नं ३.४: उमेर, लिङ्ग, क्षेत्रका आधारमा कामदार, बालश्रम र जोखिमपूर्ण श्रममा लागेका बालबालिका

| | ५-१७ वर्षका बालबालिकाको जनसङ्ख्या (हजारमा) | काम गर्ने कुल बालबालिका (हजारमा) | काम गर्ने बालबालिकाको प्रतिशत | बाल श्रमिकको सङ्ख्या (हजारमा) | बाल श्रमिकको प्रतिशत | जोखिमपूर्ण श्रममा संलग्न रहेका बाल श्रमिकको सङ्ख्या (हजारमा) | जोखिमपूर्ण श्रममा संलग्न बालबालिकाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| **नेपाल** | **७७७०** | **३१४३** | **४०.४** | **१५९९** | **५०.९** | **६२१** | **१९.७** |
| शहरी | १०२२ | १९३ | १८.९ | ९३ | ४८.४ | ६० | ३१.२ |
| काठमाण्डौ उपत्यका | २६७ | २० | ७.४ | १४ | ७०.६ | १३ | ६७.४ |
| ग्रामीण | ६७४८ | २९४९ | ४३.७ | १५०६ | ५१.१ | ५६० | १९.० |
| **लिङ्ग** | | | | | | | |
| बालक | ३९३७ | १४३८ | ३६.५ | ६८८ | ४७.८ | २४८ | १७.३ |
| बालिका | ३८३४ | १७०४ | ४४.५ | ९११ | ५३.५ | ३७३ | २१.९ |
| **उमेर समूह** | | | | | | | |
| ५-९ वर्ष | २९७८ | ३९५ | १३.३ | ३९५ | १०० | ७१ | १७.९ |
| १०-१३ वर्ष | २६२३ | १३०६ | ४९.८ | ८२१ | ६२.९ | १६७ | १२.८ |
| १४-१७ वर्ष | २१६९ | १४४२ | ६६.५ | ३८३ | २६.६ | ३८३ | २६.६ |


*श्रोतः नेपाल बालश्रम प्रतिवेदन, श्रम शक्ति सर्वेक्षण २००८ मा आधारित, केन्द्रीय तथ्याङ्क विभाग*

**चित्र ३.१: उमेरअनुसार जोखिमपूर्ण श्रममा लागेका बालबालिकाको प्रतिशत**




*श्रोतः नेपाल बालश्रम प्रतिवेदन, श्रमशक्ति सर्वेक्षण, २००८ मा आधारित, केन्द्रीय तथ्याङ्क विभाग*

**चित्र ३.२: उमेरका आधारमा बालश्रममा लागेका बालबालिकाको प्रतिशत**




*श्रोतः नेपाल बालश्रम प्रतिवेदन, श्रमशक्ति सर्वेक्षण, २००८ मा आधारित, केन्द्रीय तथ्याङ्क विभाग*

**जि.बा.क.स.बाट प्राप्त विवरणअनुसार श्रममा संलग्न रहेका बालबालिकाको क्षेत्रगत तथ्यात्क**

२९ जिल्लाका जिल्लागत बालअधिकार अनुगमन सूचकाङ्क फारमबाट प्राप्त पहुँचमा आई जानकारी सङ्कलन गरिएको तथ्याङ्कलाई हेर्दा सबैभन्दा धेरै घरेलु तथा ज्यालादारी काममा लागेका ६४ प्रतिशत र त्यसपछि भारबोक्ने ११ तथा होटलमा काम गर्ने झण्डै ८ प्रतिशत गरी कुल ३५,९८४ जना बालबालिका (४२ प्रतिशत बालिका) श्रममा लागेको देखिन्छ । गत वर्षको बालअधिकार अनुगमन सूचकाङ्क फारमबाट यो सङ्ख्या १९,७४७ मात्र रहेकोमा यस वर्ष ८२ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

**तालिका नं ३.५: बालश्रमका क्षेत्रका आधारमा बालश्रमिकहरूको लिङ्गगत तथा सङ्ख्यात्मक विवरण**

| बालश्रमका क्षेत्रहरू | बालिका | बालक | लिङ्ग नखुलेको | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| बँधुवा मजदूर | १७५ | ३०५ | ० | ४८० | १.१९ |
| घरेलू/ज्यालादारी | ११,५६६ | १२,०१३ | २,२५० | २५,८२९ | ६४.१७ |
| होटल | ४३४ | १,५३३ | १,०९८ | ३,०६५ | ७.६१ |
| यातायात | १२८ | ७१० | २२२ | १,०६० | २.६१ |
| खानीमा काम गर्ने | ११ | ४१ | ७५ | १२७ | ०.३२ |
| भारी बोक्ने | १४३१ | ३११९ | ० | ४,५५० | ११.३१ |
| उद्योग तथा कलकारखाना | ४१४ | १२४१ | ० | १,६५५ | ४.१२ |
| सडकमा आश्रित | १०७ | ९११ | ९७ | १,११५ | २.७८ |
| अन्य | ८५५ | ९९० | ५२४ | २,३६९ | ५.८९ |
| जम्मा | **१५१२१** | **२०८६३** | **४२६६** | **४०,२५०** | **१००** |
| प्रतिशत | ४२.०२ | ५७.९८ | | | |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत) २०६९ (४३ जिल्लाका फारममध्ये २९ जिल्लाबाट माथि उल्लिखित तथ्याङ्क प्राप्त)*

नेपालमा बालबालिकाले श्रम गर्नु पर्ने अवस्थाबाट सुधार ल्याउने प्रयत्नहरू भई आएका छन् । तर अझै पनि गर्नु पर्ने काम अधिक देखिएको छ । तथ्याङ्कलाई केलाउँदा श्रम शक्तिमा संलग्न ५ देखि १७ वर्ष उमेरका कामदार बालबालिकाको दर सन् १९९८ मा गरिएको नेपाल श्रम शक्ति सर्वेक्षण अनुसार ४८ प्रतिशत थियो भने पछिल्लो सन् २००८ को सर्वेक्षणमा यो झरेर ४१ प्रतिशत रहेको छ । कानुनहरू छन्, बालश्रम निवारणका लागि राष्ट्रिय गुरुयोजना बनेका छन्, यसै गरी सरकारी तथा गैरसरकारी स्तरबाट केही कार्यक्रमहरू पनि सञ्चालित छन्, तर अझै पनि हामी जहीतही बालश्रमिक देखीरहेका छौ । बालश्रमको न्यूनीकरणका लागि मूलभूत रूपमा शिक्षालाई सबैको पहुँचमा पुऱ्याउनु र सोको गुणस्तरीयता कायम गर्नु जरुरी छ । यसै गरी गरिबीमा रहेका परिवारका लागि आर्थिक सशक्तिकरण हुनु पर्ने कुरामा विवादै रहेन । भएका कानूनी व्यवस्थाहरूको पालना र अनुगमनको प्रभावकारी प्रणाली हुने हो भने धेरै समस्या नियन्त्रणमा आउँदछन् भने यसबारे हरेक तहमा अवधारणात्मक स्पष्टता र सचेतनाको पनि अभिवृद्धि हुनु जरुरी छ। सन् २००४-१४ का लागि बनेको

बालश्रमसम्बन्धी राष्ट्रिय गुरुयोजनाको पूर्ण कार्यान्वयन हुन सकेन भने त्यसलाई परिमार्जन गरी सन् २०१६ सम्ममा जोखिमपूर्ण श्रम उन्मुलन गर्ने लक्ष्य रहेको सन् २०११-२० को गुरुयोजना मस्यौदा भए पनि पारित हुन सकेको छैन । यस वर्ष सरकारी निकायको सक्रियतामा गैरसरकारी संस्थाहरुको सहयोग र संलग्नतामा बालश्रमिकको उद्दार गर्ने प्रयास थालनी भएको छ । भक्तपुरमा रहेका जरी कारखानाका १२७ बालबालिकाको उद्धार एक नमुना कार्यक्रमका रूपमा रहन गयो ।

## ३.२. बालबालिकाविरुद्ध परिलक्षित अपराध तथा दुर्व्यवहार

### ३.२.१ यौनदुर्व्यवहार, बेचबिखन

नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालयबाट प्राप्त जानकारीअनुसार यस वर्ष प्रहरीमा दर्ता भएका जम्मा मानव बेचविखनसम्बन्धी अपराधमध्ये आधाभन्दा बढी ५५.०८ प्रतिशत घटनाबाट १८ वर्षमुनिका बालबालिका प्रभावित भएका छन् । यसैगरी जबरजस्ती करणी वा सोको उद्योगअर्न्तगत दर्ता भएका यौनशोषण तथा यौनदुर्व्यवहारका जम्मा घटना ७०१ मध्ये आधा ४९.६४ प्रतिशत पीडित १८ वर्षमुनिका बालबालिका नै छन् । बालविवाह समाजमा ब्याप्त रहेता पनि कारबाहीका लागि उजुरी भने अति न्यून हुने गरेको छ, यस वर्ष जम्मा १२ वटामात्र मुद्दा दर्ता भएको तथ्याङ्क छ ।

**तालिका नं. ३.६ः महिला तथा बालबालिकाविरुद्धको अपराध**

| क्र.स | अपराध | ०६७/६८ जम्मा सङ्ख्या | ०६८/६९ जम्मा सख्या | ०६८/६९ पीडित १८ वर्षमुनिका बालबालिका सङ्ख्या | कुल अपराधको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मानव बेचबिखन | १८३ | ११८ | ६५ | ५५.०८ |
| २ | बालविवाह | ३ | १२ | १२ | १०० |
| ३ | जबरजस्ती करणी/उद्योग | ६३२ | ७०१ | ३४८ | ४०.६४ |
| ४ | बहुविवाह | १९७ | २४९ | | |
| ५ | गर्भपतन | १५ | १२ | | |
| ६ | घरेलु हिंसा | १३५५ | २२५० | | |

*श्रोतः नेपाल प्रहरी, महिला बालबालिका सेवा निर्देशनालय, २०६९*

बालबालिकासहित परिवार भएका महिला पीडित भएका महिलाविरुद्ध हुने खास गरी लैङ्गिक हिंसासम्बन्धी घट्नाबाट बालबालिका पनि प्रत्यक्ष परोक्ष रूपमा प्रभावित हुने गर्दछन् । उनीहरू कतिपय घट्नामा साक्षीका रूपमा रहेका हुनसक्छन्, वा पीडित नै भएका हुन सक्दछन्, जसका बारेमा विवरण उपलब्ध हुन सकेन ।

उमेर र लिङ्गका आधारमा हेर्ने हो भने ७ वर्षभन्दा मुनिका बालबालिकासमेत यौनदुर्व्यवहारमा परेका छन् । यसैगरी ८ देखि १२ वर्षका चार जना बालक पनि यौन दुर्व्यवहारका शिकार भएका छन् । बेचबिखनमासमेत दुई जना बालकहरू परेका छन् ।

**तालिका नं ३.७: लिङ्ग र उमेरका आधारमा यौनदुर्व्यवहार र बेचबिखनका घटना**

| उमेर | लिङ्ग | जबरजस्ती करणी तथा सोको उद्योग | मानव बेचबिखन |
|---|---|---|---|
| ० देखि ७ वर्ष | बालक | - | - |
| | बालिका | ७४ | २ |
| ८ देखि १२ वर्ष | बालक | ४ | - |
| | बालिका | ७० | २ |
| १३ देखि १६ वर्ष | बालक | - | - |
| | बालिका | १२० | ३७ |
| १६ देखि १८ | बालक | - | २ |
| | बालिका | ८० | २४ |
| जम्मा : | | ३४८ | ६५ |

*श्रोतः नेपाल प्रहरी, महिला बालबालिका सेवा निर्देशनालय, २०६९*

**जि.बा.क.स.बाट प्राप्त बालबालिकामाथि भएका यौनदुर्व्यवहारका प्रकाशमा आएका घटनाहरू**

२३ जिल्लामा प्रकाशमा आएका भनी जिल्लागत बालअधिकार अनुगमन सूचकाङ्क फारमबाट प्राप्त जानकारीका आधारमा हेर्दा १३५ घटनामा १३६ जना बालबालिका (३ बालक) यौन दुर्व्यवहारमा परेको देखिन्छ। जुन गत वर्षको सोही फारमबाट प्राप्त जानकारी २१७ घट्नाका २३२ बालबालिका (१५ बालक) भन्दा निकै कम रहेको छ ।

तालिका नं ३.८: बालबालिकामाथि भएका यौनदुर्व्यवहारका प्रकाशमा आएका घटनाहरू

| क्र.स. | जिल्ला | यौन दुर्व्यवहारका घटना सङ्ख्या | पीडित बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा |
| | **जम्मा** | **१३५** | **१३३** | **३** | **१३६** |
| १ | तेह्रथुम | १ | ० | ० | ० |
| २ | मोरङ | ११ | ११ | ० | ११ |
| ३ | उदयपुर | ८ | ८ | ० | ८ |
| ४ | सिन्धुली | ६ | ६ | ० | ६ |
| ५ | रौतहट | ३ | २ | १ | ३ |
| ६ | ललितपुर | १० | १० | ० | १० |
| ७ | काभ्रे | ७ | ७ | ० | ७ |
| ८ | रूपन्देही | ६ | ६ | ० | ६ |
| ९ | नवलपरासी | १ | १ | १ | २ |
| १० | पाल्पा | ५ | ४ | १ | ५ |
| ११ | कास्की | १३ | १३ | ० | १३ |
| १२ | स्याङ्जा | ४ | ४ | ० | ४ |
| १३ | तनहु | ४ | ४ | ० | ४ |
| १४ | रोल्पा | ३ | ३ | ० | ३ |
| १५ | सुर्खेत | १७ | १७ | ० | १७ |
| १६ | बर्दिया | ९ | ९ | ० | ९ |
| १७ | बाके | ४ | ४ | ० | ४ |
| १८ | हुम्ला | ३ | ३ | ० | ३ |
| १९ | कालिकोट | २ | ३ | ० | ३ |
| २० | कैलाली | ३ | ३ | ० | ३ |
| २१ | अछाम | १ | १ | ० | १ |
| २२ | कञ्चनपुर | ६ | ६ | ० | ६ |
| २३ | काठमाडौं | ८ | ८ | ० | ८ |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९*

### बालयौन दुर्व्यवहारसम्बन्धी मुद्दा दायर भएका घटनाहरूको सङ्ख्यात्मक विवरण

२२ जिल्लाबाट प्राप्त जानकारीअनुसार बालयौन दुर्व्यवहारसम्बन्धी १३४ मुद्दा परेकामा ६८ वटा फैसला भएको छ। जुन गत वर्ष (१७४ मुद्दामा ७३ फैसला) भन्दा कम देखिएको छ। यी घटनाबाट ११७ जना (गत वर्ष १९६) पीडित भएका थिए ।

**तालिका नं ३.९: बालयौन दुर्व्यवहारसम्बन्धी दायर मुद्दा**

| क्र.स. | जिल्ला | यौन दुर्व्यवहारका घटना सङ्ख्या | विचाराधीन | फैसला भएका | पीडित बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बालिका | बालक | जम्मा |
| | **जम्मा** | **१३४** | **६८** | **३९** | **११३** | **४** | **११७** |
| १ | धनकुटा | ७ | १ | ६ | ९ | ० | ९ |
| २ | तेह्रथुम | १ | १ | ० | ० | १ | १ |
| ३ | मोरङ | ११ | ११ | ० | ११ | ० | ११ |
| ४ | उदयपुर | ८ | ६ | २ | ९ | ० | ९ |
| ५ | सिन्धुली | ६ | ० | ६ | ६ | ० | ६ |
| ६ | पर्सा | १० | २ | ८ | १० | ० | १० |
| ७ | रौतहट | २ | १ | १ | २ | १ | ३ |
| ८ | ललितपुर | १० | ३ | ७ | १० | ० | १० |
| ९ | काभ्रे | ७ | ७ | ० | ७ | ० | ७ |
| १० | रूपन्देही | ६ | ६ | ० | ० | ० | ० |
| ११ | नवलपरासी | १ | १ | ० | १ | १ | २ |
| १२ | पाल्पा | ५ | ४ | १ | ४ | १ | ५ |
| १३ | कास्की | १३ | ९ | ४ | | ० | ० |
| १४ | तनहु | ४ | ४ | ० | ४ | ० | ४ |
| १५ | सुर्खेत | १४ | ९ | ५ | १० | ० | १० |
| १६ | बर्दिया | ९ | ७ | २ | ९ | ० | ९ |
| १७ | हुम्ला | ३ | १ | २ | ३ | ० | ३ |
| १८ | कालीकोट | २ | १ | १ | ३ | ० | ३ |
| १९ | कैलाली | ३ | ३ | ० | ३ | ० | ३ |
| २० | अछाम | १ | १ | ० | १ | ० | १ |
| २१ | कञ्चनपुर | ३ | ३ | ० | ३ | ० | ३ |
| २२ | काठमाडौं | ८ | ८ | ० | ८ | ० | ८ |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९*

### ३.२.२ यातना, दण्ड तथा कठोर सजायसम्बन्धी घटना तथा उजुरी

बालबालिकालाई विभिन्न बहानामा यातना, दण्ड तथा कठोर सजाय दिने गरेको पाइन्छ। जिल्लागत बालअधिकार अनुगमन सूचकाङ्क फारमबाट प्राप्त जानकारीलाई केलाउँदा यस वर्ष यातना तथा दण्ड सजायको १२३ (गत वर्ष १५७) वटा घटनाहरू प्रकाशमा आएकोमा न्यायीक तथा अर्धन्यायीक निकायहरूमा ९२ (गत वर्ष ८३) वटा घटनाहरू उजुरीमा गएको र ४३ (गत वर्ष ६३) वटा घटनाहरूमात्र न्यायीक निरूपणका लागि अदालतसम्म पुगेको थियो । यस्ता  घटनाहरूमा जम्मा १२६ (गत वर्ष १३१) जना बालबालिका पीडित भएका थिए । यस्ता घटनाबाट बालक (४२ प्रतिशत) भन्दा बालिकाहरू (५८ प्रतिशत) पीडित भएको देखिएको छ । गत वर्ष भन्दा घटना सङ्ख्या घटेको देखिन्छ भने उजुरी भने केही बढेता पनि अदालतसम्म पुगेका घटनामा कमी आएको छ ।

**तालिका नं ३.१०: प्रकाशमा आएका र उजुरी परेका घटना**

| क्र.स. | जिल्ला | प्रकाशमा आएका घटना सङ्ख्या | उजुरी परेको घटना सङ्ख्या | अदालतमा मुद्दा परेको घटना सङ्ख्या | पीडित बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बालिका | बालक | जम्मा |
| | **जम्मा** | **१२३** | **९२** | **४३** | **७३** | **५३** | **१२६** |
| १ | तेह्रथुम | २७ | ७ | ० | १२ | १५ | २७ |
| २ | उदयपुर | ६ | ६ | ० | ६ | ० | ६ |
| ३ | रौतहट | ५ | ३ | १ | २ | १ | ३ |
| ४ | काभ्रे | ५ | ५ | १ | ० | ५ | ५ |
| ५ | रूपन्देही | ३ | ३ | ३ | ९ | ० | ९ |
| ६ | नवलपरासी | १३ | १ | १ | २ | २ | ४ |
| ७ | लमजुङ | १ | १ | ० | ० | ६ | ६ |
| ८ | स्याङ्जा | १२ | १२ | १२ | ४ | ८ | १२ |
| ९ | तनहु | १६ | १६ | ३ | १२ | ४ | १६ |
| १० | दाङ | १४ | १४ | १० | १४ | ० | १४ |
| ११ | रोल्पा | ३ | २ | २ | २ | ० | २ |
| १२ | सल्यान | १ | १ | ० | १ | ० | १ |
| १३ | सुर्खेत | १ | १ | ० | ० | १ | १ |
| १४ | बाके | ६ | ६ | ० | २ | ४ | ६ |
| १५ | बाजुरा | ३ | ३ | ३ | ० | ३ | ३ |
| १६ | अछाम | १ | ५ | ४ | ४ | १ | ५ |
| १७ | कन्चनपुर | ६ | ६ | ३ | ३ | ३ | ६ |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९*

## ३.३ सामाजिक विभेद

नेपाली समाजमा व्याप्त सामाजिक विभेदबाट बालबालिका पनि अछुतो रहन सकेका छैनन् । खासगरी लैङ्गिक तथा जातिय विभेद र अपाङ्गताका आधारमा गरिने विभेदबाट धेरै बालबालिका पीडित छन् । पछिल्ला वर्षहरूमा भने भौगोलिक विभेदका कुराहरू पनि क्रमिक रूपमा उठी रहेको छ । छोरीलाई शिक्षा भन्ने कुरामा धेरै सचेतना र क्रियाकलापहरू भएबाट लैङ्गिक विभेदमा सुधार ल्याउने प्रयत्न भएको छ । जातिगत भेदभावबाट सबैभन्दा प्रताडित दलित जातिको उत्थान तथा छुवाछुत अन्त्यका प्रयास भइरहेको छ । बालिका तथा दलित उत्थानका निम्ति सरकारले विशेष छात्रवृत्तिहरू प्रदान गरेको छ । यसै गरी कर्णाली क्षेत्र उत्थानका निम्ति पनि विशेष छात्रवृत्ति प्रदान गरिएको छ ।

विभिन्न जिल्लामा रहेका जिल्ला बालकल्याण समितिबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फारम, २०६८ बाट प्राप्त केही जानकारीले सामाजिक भेदभावका केही प्रवृत्तिलाई दर्शाएको छ तर यी घटनाहरू प्रकाशमा आउन सकेका प्रतिनिधिमूलक घटनामात्रै हुन् । यस्ता धेरै घटना सञ्चारमाध्यम वा सम्बन्धित निकायका पहुँचसम्म आउन सकेका छैनन । अभिलेख गरिएका बालबालिकाविरुद्ध भेदभाव भई प्रकाशमा आएका यस वर्षको घटना सङ्ख्या ६७ र पीडित बालबालिका ८५ रहेका छन्, जुन गत वर्ष २३ घटनामा २७ बालबालिका मात्र थिए ।

**तालिका नं. ३.११: बालबालिकाविरुद्ध भेदभाव भई प्रकाशमा आएका घटनाहरू**

| क्र.स. | जिल्ला | जम्मा घटना सङ्ख्या | पीडित | | |
|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा |
| | **जम्मा** | **६७** | **५१** | **३४** | **८५** |
| १ | उदयपुर | ९ | २ | ७ | ९ |
| २ | रौतहट | ५ | २ | ३ | ५ |
| ३ | रूपन्देही | ९ | ९ | ० | ९ |
| ४ | स्याङ्जा | १२ | १२ | ० | १२ |
| ५ | तनहु | २ | २ | ० | २ |
| ६ | दाङ | ४ | ४ | ० | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | रोल्पा | | ३ | ३ | ० | ३ |
| ८ | सल्यान | | १ | ४ | ८ | १२ |
| ९ | बांके | | ७ | ५ | २ | ७ |
| १० | बाजुरा | | १३ | ७ | ७ | १४ |
| ११ | अछाम | | १ | ० | १ | १ |
| १२ | काठमाडौं | | १ | १ | ६ | ७ |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६९*

**तालिका नं. ३.१२ः विभिन्न आधारमा बालबालिकामाथि भएका भेदभावका घटनाहरू**

| क्र.स. | घटना विवरण | जम्मा घटना सङ्ख्या | पीडित | | | गत वर्षको जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा | घटना | पीडित |
| | **जम्मा** | **६७** | **५१** | **३४** | **८५** | **२३** | **२७** |
| १ | लिङ्गमा आधारित | ४६ | २३ | ११ | ३४ | १५ | १५ |
| २ | अपाङ्गतामा आधारित | ५ | ३ | ८ | ११ | ३ | ५ |
| ३ | धर्ममा आधारित | १ | १ | १ | २ | - | - |
| ४ | जात/जातिमा आधारित | ८ | ८ | ११ | १९ | ३ | ३ |
| ५ | एच्आइभीमा आधारित | ३ | १ | २ | ३ | - | - |
| ६ | वर्गमा आधारित | २ | १ | १ | २ | - | - |
| ७ | अन्यमा आधारित | २ | १४ | ० | १४ | २ | ४ |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६९*

**तालिका नं. ३.१३: अदालतमा उजुरी परेका भेदभावसम्बन्धी घटनाहरू**

| उजुरी परेको घटना सङ्ख्या | अदालतमा मुद्दा परेको घटना सङ्ख्या | पीडित | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| १९ (गतवर्ष १२) | १८ (गत वर्ष १२) | १० (गत वर्ष १५) | ९ (गत वर्ष ६) | १९ (गत वर्ष २१) |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६९*

## ३.४. अन्य घटनाहरू

बालबालिकासँग सम्बन्धित कतिपय घटनाहरू प्रहरीसमक्ष पुग्न पनि सकिरहेको हुँदैन भने कतिपय घटनाहरूलाई त परिवार वा समाजमा नै ढाकछोप गरी प्रकाशमा नै आउन नदिएको पनि पाइन्छ । बालसंरक्षणसँग सम्बन्धित बालबालिकाको अवस्था कस्तो छ भनी दर्शाउने तथ्याङ्कहरूलाई विभिन्न अध्ययन प्रतिवेदन, राष्ट्रिय सञ्चारमाध्यममा प्रकाशित तथा देशका ५ क्षेत्रमा सञ्चालित बाल हेल्पलाइनमा अभिलेख भएका घटनाका आधारमा सिविनद्वारा तयार पारिएको सन् २०११ को नेपालमा बालअधिकारको स्थितिः वार्षिक प्रतिवेदनबाट निम्नानुसारको देखिन्छ । सन् २०११ मा जम्मा ४ हजार ८ सय २८ वटा घटना अभिलेख गरिएका थिए, जुन सख्या सन् २०१०मा ४३२२ थियो । यी प्रकाशमा आएका प्रतिनिधिमूलक घटनाहरू मात्रै हुन् । जसमध्येका केही मुख्य घटना विवरणः

**तालिका नं. ३.१४: विविध घटनाबाट प्रभावित बालबालिका**

| घटना प्रकृति | २०११ को सङ्ख्या |
|---|---|
| विभिन्न कारण बालबालिकाको हत्या तथा सोको प्रयास | ८६ (७२ हत्या, १४ हत्या प्रयास) |
| नवजात शिशुहत्या | ८ |
| विद्यालयमा अनुशासन कारबाहीसम्बन्धी यातना | १११ |
| बालबालिकाविरुद्ध शारीरिक यातना | ९३ |
| घरेलु हिंसा | २ |
| सुस्त मनस्थितिका कारण समस्यामा परेका वा अलपत्र | ३० |
| बालयौन दुर्व्यवहार | ६८ |
| जातीय विभेद | ३ |
| आर्थिक अभावका कारण बिचल्लीमा परेका बालबालिका | ७८ |
| बालगृहमा हेलचेक्र्याइँमा परेका बालबालिका | ८६ |

| | |
|---|---|
| पारिवारिक द्वन्द्वमा परेका बालबालिका | २१ |
| देशमा चलिरहेको विविध राजनैतिक द्वन्द्वका कारण प्रत्यक्ष रूपमा प्रभावित बालबालिका (मृत्यु, घाइते) | १७ (४ मृत्यु, १३ घाइते) |
| आमाबाबुविहीन, परित्यक्त तथा हेलचेक्र्याइमा परेका बालबालिका | ११५ |
| बाल आत्महत्या तथा प्रयास | २६ (२५ आत्महत्या, १ आत्महत्याको प्रयास) |
| बालविवाह | ३७ (१४ बालक, २३ बालिका) |
| बलात्कार | ८४ |
| बालबालिकाको ओसारपसार | ८० |
| अपहरण गरिएका बालबालिका | ३८ (३० बालक, ८ बालिका) |
| बालश्रम शोषण | ६०९ |
| जेलमा रहेका बालबालिका | २० |
| बालबिज्याँई | ११२ |
| सरुवा रोगबाट प्रभावित/मृत्यु भएका | ५३० (२० जनाको मृत्यु) |
| अज्ञात रोगबाट प्रभावित | ५८ (३ मृत्यु, ५३ जना विरामी) |
| विषाक्त खानाबाट प्रभावित | ३६ (७ जना मृत्यु) |
| बिहोश भएका | २९ (१ बालिकाको मृत्यु) |
| हिस्टेरीया रोगबाट प्रभावित | ११३ (११३ बालिका) |
| देहव्यापारमा संलग्न | २ बालिका |
| मनोसामाजिक समस्या परेका | ४०९ |
| उद्धार गरी आवासीय संरक्षण | १३६ |
| दुर्घटनामा बालबालिकाको मृत्यु | ४१३ |
| दुर्घटनामा सिकिस्त घाइते बालबालिकाहरू | १८५ |
| दुर्घटनामा बेपत्ता भएका बालबालिकाहरू | २५ |
| एच.आइ.भी.बाट प्रभावित भएका (१९ वर्षमुनिका) | २०११ (१४३ नयाँ) |
| एच.आइ.भी.बाट मृत्यु भएका | १ |
| प्राकृतिक प्रकोपबाट प्रभावित | १४७ (८६ मृत्यु, ४९ घाइते, १२ बेपत्ता भएको । |
| धर्मपत्र, धर्मपुत्रीको निम्ति सूचना प्रकाशित | ७२ |

*श्रोतः सिविन नेपाल, २०११*

## ३.५. हराएका फेला परेका बालबालिका


बालबालिका विभिन्न कारण हराउने क्रम जारी छ । बाटो भुलेर, अरुको प्रलोभनमा परेर, अपहरण भएर, कामको खोजी, शहर घुम्ने रहर, पारिवारिक तनाव, परिवारको डर, दुर्व्यवहार लगायतका कारण बालबालिका आफूखुसी वा अरुका कारण घर छाडी हराउने गरेको पाइएको छ । महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरी, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलीकम, विकासका साझेदार संस्थाहरूको संयुक्त प्रयासमा निःशुल्क टेलिफोन नं १०४ सहितको बालबालिका खोजतलास तथा समन्वय केन्द्र सञ्चालनमा छ । उपत्यकामा हराएका बालबालिकालाई सेवा पुऱ्याइरहेको यस बालबालिका खोजतलास तथा समन्वय केन्द्र, भृकुटीमण्डपबाट प्राप्त विवरणअनुसार २०६८/६९ मा १५७८ बालबालिका हराएको तथा ८८० जना फेला परेको देखिन्छ । हराएका बालक ७७४ भन्दा बालिका केही धेरै ८०४ जना छन् तर फेला परेका बालिका बालकको तुलनामा धेरै कम ३७६ जनामात्र छन् जबकि बालक ५०४ जना फेला परेका छन् । हराएका भनी दर्ता नभएका तर बेवारिस अवस्थामा ३२७ जना बालबालिका फेला परेका छन् । हराएकामध्ये दुई बालक र दुई बालिका मृत अवस्थामा फेला परे ।

**तालिका नं ३.१५: क्षेत्र तथा लिङ्गका आधारमा हराएका र फेला परेका बालबालिका**

| क्षेत्र | | हराएका बालबालिका | | | हराएका मध्ये फेला परेका | | | बेवरिस फेला परेका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| पूर्व | | ६८ | १२१ | १८९ | २४ | ४१ | ६५ | - | - | - |
| मध्य | उपत्यका | ५२१ | ३६८ | ८८९ | ४६७ | ३१५ | ७८२ | २२४ | १०१ | ३२५ |
| | उपत्यकाबाहेक | १०७ | १७२ | २७९ | ४ | ३ | ७ | २ | - | २ |
| पश्चिम | | ६१ | १२३ | १८४ | ७ | १३ | २० | - | - | - |
| मध्य पश्चिम | | ६१ | १२३ | १८४ | ७ | १३ | २० | - | - | - |
| सु.पश्चिम | | १६ | १० | २६ | १ | २ | ३ | - | - | - |
| **जम्मा** | | **७७४** | **८०४** | **१५७८** | **५०४** | **३७६** | **८८०** | **२२६** | **१०१** | **३२७** |


*श्रोतः बालबालिका खोजतलास समन्वय केन्द्र, २०६९*

**चित्र ३.३: हराएका बालबालिकाको उमेरगत विवरण:**




*श्रोतः बालबालिका खोजतलास तथा समन्वय केन्द्र,२०६९*

**चित्र ३.४: हराएका, फेला परेका र फेला पर्न बाँकी बालबालिकाको तीन वर्षको विवरण**




*श्रोतः बालबालिका खोजतलास समन्वय केन्द्र,२०६९*

### संरक्षणका लागि जिम्मामा पठाइएका बालबालिकाको विवरण

हराएर फेला परेका १,५७८ जना बालबालिकामध्ये २०४ जना बालबालिकाको संरक्षणका लागि उनीहरूलाई विभिन्न संस्थाहरूलाई जिम्मा लगाइएकोमा १५४ जना बालबालिकालाई परिवार वा अभिभावकको संरक्षणमा बुझाइएको छ भने ३८ जना तिनै संस्थाहरूमा संरक्षित रहेका छन् । संस्थाको संरक्षणमा दिइएकामध्ये १२ जना बालबालिका संस्थागत संरक्षणमा पुगेपछि फेरि भागेको देखिएको छ ।

**नं ३.१६: संरक्षणका लागि जिम्मामा पठाइएका बालबालिकाको विवरण**

| सङ्घ संस्थाको नाम | सेवा पुऱ्याइएको जम्मा बालबालिका सङ्ख्या | अभिभावकलाई जिम्मा लगाएको सङ्ख्या | हाल सोही ठाउँमा रहेको | आश्रयस्थल छोडी भागेका |
|---|---|---|---|---|
| सिविन नेपाल | ५४ | ४५ | ८ | १ |
| सिपीसिएस | १२८ | ९९ | १८ | ११ |
| माइती नेपाल | ६ | ५ | १ | - |
| वोसिड नेपाल | ६ | ३ | ३ | - |
| शक्ति समूह | २ | - | २ | - |
| अन्य ७ संस्था र बौद्ध बृत्तमा एक एक जना गरी जम्मा | ८ | २ | - | - |
| जम्मा | २०४ | १५४ | ३८ | १२ |

*श्रोतः बालबालिका खोजतलास समन्वय केन्द्र, २०६८/०६९*

## ३.६. कानूनको विवादमा परेका बालबालिका

बालबालिका समाजका एक अभिन्न अङ्ग हुन् । त्यसैले समाजमा हुने हरेक प्रकारका गतिविधिबाट बालबालिका प्रभावित भई सिको समेत गरिरहेका हुन्छन् । कानुनले निषेध गरेका कतिपय कार्यहरू बालबालिकाबाट पनि हुने गर्दछ । बालबालिकाले गरेका अपराधिक कार्यलाई बालबिज्याँई भनिन्छ र बालबालिका भएका हैसियतले उनिहरूप्रति अन्य सोही प्रकारका अपराधमा संलग्न वयस्कभन्दा बेग्लै सुधारात्मक व्यवहार गरिनुपर्ने व्यवस्था अन्तरर्राष्ट्रिय तथा राष्ट्रिय कानुनमा गरिएको छ । बालन्याय (कार्यविधि) नियमावली, २०६३ ले यसबारेमा केही बिस्तृत व्यवस्था गरेको छ ।

बालबिज्याँईसम्बन्धी मुद्दाको कारबाही किनाराका लागि हरेक जिल्ला अदालतमा बाल इजलासको व्यवस्था हुनुपर्ने कानुनी व्यवस्थानुरूप हाल ४० जिल्लामा विशेष कक्षका साथ मनोविज्ञ तथा समाजसेवीसमेत सहभागी हुने बाल इजलास गठन भएका छन् । बालअधिकार सम्मत ढङ्गले

बालबालिकामाथि कानुनी कारवाही होस् भन्ने अभिप्रायले प्रहरी, सरकारी वकिल, न्यायाधीश लगायतका बिच विभिन्न तहमा तालिमहरू सञ्चालन भएका छन् । बालन्यायसम्बन्धी समन्वय गर्न केन्द्रमा सर्वोच्च अदालतका न्यायाधीश तथा जिल्लामा जिल्ला न्यायाधीशको अध्यक्षतामा बालबालिकाको क्षेत्रमा क्रियाशील व्यक्तिहरू समेतलाई संलग्न गराई बालन्याय समन्वय समितिको व्यवस्था गरिएको छ ।

बालन्याय समन्वय समितिको सचिवालय, केन्द्रीय बालकल्याण समिति हरिहरभवनबाट प्राप्त विवरणअनुसार बालइजलासमा परेका मद्दाको विवरणअनुसार यस आर्थिक वर्षमा जम्मा ७९ वटा मुद्दा दर्ता भएकोमा १०६ जना बालबालिका संलग्न भएको देखिन्छ, जुन गत वर्षभन्दा केही कम (८५ मुद्दामा ११० जना) रहेको छ। जसमा सबैभन्दा बढी जबरजस्ति करणी ३६ वटा रहेको छ भने त्यस पछि क्रमशः साधारण चोरी ९, कर्तव्य ज्यान ६, लागूऔषध ६ वटा रहेको छ। यी मुद्दाहरूमा अधिकांश बालक जसको सङ्ख्या १०१ रहेको छ ।

**तालिका नं ३.१७ः घटनानुसारका मुद्दा सङ्ख्या**

| क्र.स. | घटना सङ्ख्या | आ.व.२०६७/०६८ | आ.व २०६८/०६९ |
|---|---|---|---|
| १ | डाका | १ | ० |
| २ | साधारण चोरी | ९ | ९ |
| ३ | नकबजारी चोरी | ५ | २ |
| ४ | जबरजस्ती चोरी | १ | ० |
| ५ | नागरिकता किर्ते | १ | ० |
| ६ | सवारी ज्यान | १ | ० |
| ७ | अपहरण | २ | १ |
| ८ | जबरजस्ती करणी | ३४ | ३६ |
| ९ | जबरजस्ती करणी उद्योग | ७ | ३ |
| १० | ज्यानमार्ने उद्योग | ७ | ५ |
| ११ | कर्तव्य ज्यान | ७ | ६ |
| १२ | लागू औषध | २ | ६ |
| १३ | केही सार्वजनिक अपराध | १० | २ |
| १४ | बनसम्बन्धी | १ | ३ |
| १५ | हातहतियार खरखजाना | २ | १ |
| १६ | आगलागी | ० | १ |
| १७ | अप्राकृतिक मैथुन | ० | २ |
| १८ | परीक्षामा अमर्यादा | ० | १ |
| १९ | कुटपिट अङ्गभङ्ग | ० | १ |
| | **जम्मा मद्दा** | **९०** | **७९** |
| | **जम्मा फैसला भएको** | **८५** | **६६** |

*श्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०६९*

**तालिका नं. ३.१८ः मुद्दामा संलग्न बालबालिकाको सङ्ख्या**

| आ.व. | बालक | बालिका | नखुलेको | जम्मा |
|---|---|---|---|---|
| २०६७।०६८ | १०५ | ५ | ० | ११० |
| ०६८।०६९ | १०१ | १ | ४ | १०६ |

*श्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०६९*

**तालिका नं ३.१९ः उमेर समुहको आधारमा मूद्दामा संलग्न बालबालिकाको सङ्ख्या**

| क्र.स. | उमेर | आ.ब.२०६७/०६८ | आ.ब. २०६८/०६९ |
|---|---|---|---|
| १ | १०-१४ | २४ | ४७ |
| २ | १५-१६ | ८६ | ५८ |
| ३ | नखुलेको | - | १ |
| | जम्मा | ११२ | १०६ |

*श्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०६९*

**तालिका नं. ३.२०ः आ.व.२०६८/०६९ मा सबैभन्दा बढी बालइजलासमा मुद्दा परेका १० वटा जिल्लाहरू**

| जिल्ला | मूद्दा सङ्ख्या |
|---|---|
| काठमाडौं | १६ |
| सुनसरी | ७ |
| चितवन | ६ |
| भापा | ५ |
| भक्तपर | ४ |
| दाङ. | ४ |
| बांके | ३ |
| कैलाली | २ |
| मकवानपुर | २ |
| सिन्धुली | १ |

*श्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०६९*

**तालिका नं. ३.२१ः सजायको विवरण**

| सजाय | आ.व.२०६७/०६८ | आ.व.२०६८/०६९ |
|---|---|---|
| कैद | ३५ | १० |
| जरिवाना | १ | ० |
| कैद र जरिवाना | ६ | २ |
| सजाय स्थगन | ५ | २ |

*श्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०६९*

## ३.७. बालसुधार गृहमा रहेका बालबालिका

बालन्यायको सिद्धान्तअनुरूप बालबालिकालाई कैद गरी सजाय गर्ने नभई उनीहरूलाई सुधारगृहमा राखिनुपर्छ । नेपालमा पाँचै विकास क्षेत्रमा बाल सुधारगृहको निर्माण र सञ्चालन गर्ने लक्ष्य भए हाल सम्म भक्तपुरमा २०५८/०५९ देखि र पोखरामा यसै वर्षदेखि बालसुधार गृह सञ्चालनमा आएको छ । विराटनगर बालसुधार गृहको निर्माण कार्य अन्तिम अवस्थामा पुगेको छ ।

भक्तपुरको बाल सुधारगृहमा हाल ८६ जना बालबालिका रहेका छन् । यस आर्थिक वर्षमा यस बाल सुधारगृहमा १३६ जना नयाँ दर्ता भए भने ११८ जना कैद भुक्तानी गरी छुटे र २७ जनालाई पोखराको बालसुधार गृहमा स्थानान्तरण गरियो । भक्तपुरको बाल सुधारगृहमा हालसम्म आएका बालबालिकाको मुद्दालाई हेर्दा सबैभन्दा बढी चोरी २३.६७ प्रतिशत र सार्वजनिक अपराध २३.३० प्रतिशत रहेको छ भने त्यसपछि क्रमशः जबरजस्ती करणी १८ प्रतिशत, कर्तव्य ज्यान १२.५८ प्रतिशत रहेको छ ।

**तालिका नं. ३.२२ हालसम्म भक्तपुरको बालसुधार गृहमा दर्ता भएका र छुटेका बालबालिका**

| वर्ष | भर्ना भएका | छुटेका |
|---|---|---|
| २०५८/५९ | १० | २ |
| २०५९/६० | १५ | ७ |
| २०६०/६१ | ३७ | २८ |
| २०६१/६२ | ४१ | २६ |
| २०६२/६३ | ५८ | ५१ |
| २०६३/६४ | ११० | १०२ |
| २०६४/६५ | १२८ | १०७ |
| २०६५/६६ | ८८ | ९२ |
| २०६६/६७ | ५९ | ५१ |
| २०६७/६८ | १२९ | ११४ |
| २०६८/६९ | १३६ | १४५* |
| **जम्मा** | **८११** | **७२५** |

*कास्कीमा सारिएको २७ जना ।

*श्रोतः बालसुधार गृह, भक्तपुर, २०६९*

नं ३.२३: मुद्दाका आधारमा बालसुधार गृहमा भएका दर्ता

| | | |
|---|---|---|
| सार्वजनिक अपराध | १८९ | २३.३० |
| चोरी | १९२ | २३.६७ |
| जबरजस्ती करणी | १४६ | १८.०० |
| कर्तव्य ज्यान | १०२ | १२.५८ |
| डाँका | ५२ | ६.४१ |
| लागुऔषध | ३५ | ४.३२ |
| ज्यान मार्ने उद्योग | ३४ | ४.१९ |
| मानव बेचबिखन | १३ | १.६० |
| हातहतियार | ५ | ०.६२ |
| खोटाचलन | ३ | ०.३७ |
| कुटपिट | ५ | ०.६२ |
| अन्य | ३५ | ४.३२ |
| जम्मा | ८११ | १०० |

*श्रोतः बालसुधार गृह भक्तपुर, २०६९*

**तालिका नं ३.२४: बालसुधार गृहमा दर्ता भएका बालबालिकाको जिल्लागत विवरण**

| जिल्ला | सङ्ख्या |
|---|---|
| भक्तपूर | २३ |
| चितवन | २४ |
| झापा | १९ |
| कास्की | २० |
| काठमाडौं | ५०० |
| ललितपूर | १३ |
| मोरङ | ३५ |
| पर्सा | १४ |
| रूपन्देही | १६ |
| सून्सरी | २१ |
| अन्य | १२६ |
| जम्मा | ८११ |

*श्रोतः बालसुधार गृह भक्तपुर, २०६९*

**तालिका नं ३.२५: लिङ्गका आधारमा बाल सुधारगृहमा दर्ता भएका बालबालिकाका**

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बालिका | ३० | ३.७० |
| बालक | ७८१ | ९६.३० |
| जम्मा | ८११ | १००.०० |

**तालिका नं. ३.२६: पोखरा, कास्कीमा रहेको बाल सुधारगृहको विवरणः**

| | | |
|---|---|---|
| **बालसुधार गृह भक्तपुरबाट सारिएका** | | २७ |
| ०६८/६९ मा भर्ना | | ७ |
| ०६८/६९ मा मुक्त | | २ |
| | जम्मा | ३६ |

*श्रोतः बाल सुधारगृह भक्तपुर, २०६९*

## ३.८ जेलमा आश्रित बालबालिका

आफूले गरेको अपराधका कारण नभई बाबुआमाले गरेका अपराधका कारण उनीहरूसँगै बालबालिका समेत जेलमा रहन बाध्य भएका छन् । विभिन्न सङ्घसंस्था यस्ता केही बालबालिकाको उद्धार गरी पुनर्स्थापना सेवा प्रदान गरीरहेका भए पनि कारागार व्यवस्था विभागबाट प्राप्त २०६९ असारसम्मको विवरणअनुसार हाल नेपालका २२ जिल्लाका कारागारमा ५९ जना बालबालिका आश्रित रहेका छन् । झापा, मोरङ, महोत्तरी, काठमाडौंमा सात/सात जना, पाल्पामा छ जना, कैलालीमा चार जना, नुवाकोट, पर्सा, चितवन, दैलेख जाजरकोटमा दुई/दुई जना र अन्य जिल्लाका जेलमा एक एक जना बालबालिका आश्रित रहेका छन् ।

## ३.९ एचआईभी एड्स

नेपालमा एड्स पहिलो पटक सन् १९८८ मा देखिएको थियो । तत्पश्चात् नेपालमा एचआईभी, एड्सको समस्यामा परेका बालबालिकाको सङ्ख्या पनि उल्लेख्य रहेको छ । नेपालबाट भारतमा हुने मौसमी बसाईसराईलगायत कामका लागि भारत जाने तथा अन्य तेस्रो मुलुकमा जाने क्रम तथा देशभित्र नै पनि देहव्यापारको बढ्दो क्रम, महिला बालबालिकाका बेचबिखन, सुईजन्य लागूपदार्थको दुरूपयोग, असुरक्षित यौनसम्पर्क लगायतबाट नेपालमा एचआईभीको सङ्क्रमण बिस्तार भइरहेको

छ । देशका थुप्रै ग्रामीण इलाकामा भारतमा श्रम गरी फर्कने परिवारका श्रीमान्‌बाट श्रीमतीमा र आमाबाट बालबालिकामा सरी एचआईभी सङ्क्रमण भएको देखिएको छ । नेपालमा हाल ५५ हजार ६०० जना एचआईभी भएका मानिस रहेको अनुमान गरिएको छ । (NDHS, 2011)

एचआईभी सङ्क्रमित रहेका पुरुष १२,३०२ र महिला ६,८१६ गरी जम्मा १९,११८ देखिएका छन्, गत वर्ष यो सङ्ख्या १७,५५६ रहेको थियो । ५-१४ वर्ष उमेरसम्मका एचआईभी संङ्क्रमित बालबालिकाको सङ्ख्या गत वर्ष १,१४६ थियो भने यस वर्ष बढेर १,२६५ पुगेको छ । (NCASC, 2011)

नेपालमा करिब ३ लाख बालबालिका एड्स प्रभावित (Children Affected by Aids - CABA) अर्थात एचआईभी सङ्क्रमित वा एड्सको अवस्थामा रहेका बाबुआमाका बालबालिका तथा स्वयम् आफैँ सङ्क्रमित वा एड्सको अवस्थामा रहेका बालबालिका रहेको अनुमान छ । जो संरक्षणको दृष्टिबाट अत्यन्त जोखिममा छन् । एचआईभी भएका कारण विद्यालयबाट बालबालिका निकाला गरिएका देखि समाजमा अत्यन्त दुर्व्यवहार भेदभाव गरिएका घटनाहरू प्रकाशमा आईरहेका छन् । नेपालमा एचआईभी र एड्स उपचारका लागि २६ ठाउँमा Anti-Retroviral Therapy (ART) सेवा तथा २०५ स्थानमा परामर्श तथा परीक्षण (Counseling and Testing) सेवाको स्थापना गरिएको छ । सङ्क्रमित गर्भवति महिलालाई सुरक्षित प्रसुति सेवा उपलब्ध गराउन मुलुका २१ स्थानमा Prevention of Mother-to-Child Transmission (PMTCT) of HIV सेवा प्रदान गर्ने व्यवस्थाबाट नवजात शिशुमा हुने सङ्क्रमणको दरलाई न्यूनिकरण गर्ने प्रयास गरिएको छ ।

**तालिका नं. ३.२७: एचआईभी परीक्षण, ART तथा सेवा प्राप्त बालबालिकाको सङ्ख्या**

| क्र.सं | सूचक | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| क. | एचआईभी परामर्श तथा परीक्षण (साउन २०६८ देखि २०६९ असारसम्म) | | | |
| १ | एचआईभी परीक्षण गरिएका ०-१४ वर्षका बालबालिका | १२१६ | ९२९ | २१४५ |
| २ | एचआईभी पोजेटीभ देखिएका ०-१४ वर्षका बालबालिका | ११० | ७५ | १८५ |
| ३ | एचआईभी परीक्षण परामर्श गरिएका (परीक्षण नतिजासहित) ०-१४ वर्षका बालबालिका | ११५५ | ९१२ | २०६७ |

| | | | | |
|---|---|---|---|---|
| ख. | एचआईभी स्याहार र सहयोग (२०६९ असारसम्म) | | | |
| १ | एचआईभी पोजेटीभ देखिएका ०-१४ वर्षका बालबालिका HIV care (Pre-ART) मा अहिलेसम्म सहभागि | ९४२ | ६४० | १५८२ |
| २ | एचआईभी पोजेटीभ देखिएका ०-१४ वर्षका बालबालिका ART मा अहिलेसम्म सहभागि | ४५६ | ३१६ | ७७२ |
| ३ | हाल ART लिइरहेका एचआईभी पोजेटीभ देखिएका ०-१४ वर्षका बालबालिका | २९९ | २०४ | ५०३ |
| ४ | एचआईभी पोजेटीभ देखिएका ०-१४ वर्षका AIDS का कारण मृत्यु भएका बालबालिका | २१ | १८ | ३९ |

*श्रोतः NCASC, 2012*

## ३.१०. सूर्ति, मादक तथा लागूपदार्थ

बढ्दो पश्चिमी संस्कृतिको प्रभाव, लादिएको उपभोक्तावाद, परिवार तथा हेरचाहकर्ताको उचित ध्यान तथा व्यवहारको अभाव, अपराधिक गतिविधिहरूमा वृद्धि, पारिवारिक विचलन, फितलो कानुनी व्यवस्था लगायतका कारण मादक तथा लागूपदार्थको दुरूपयोगबाट थुप्रै बालबालिका प्रभावित भइरहेका छन् । सडक बालबालिका हुन् या उच्च घरानीयाका महङ्गा विद्यालयमा पढ्ने बालबालिका हुन्, यसबाट अछुतो छैनन् । हालका केही वर्षहरूमा सडक बालबालिकामा व्याप्त रहेको 'गम सुँघ्ने' (छाला लगायतका वस्तु टाँस्न प्रयोग गरिने 'डेन्ड्राइट' जस्ता टाँस्ने चीज) अन्य विद्यालयका बालबालिकासम्म पुग्न थालेको छ । अल्कोहल जन्य पदार्थ तथा चुरोट खाने कुरा त सामान्य प्रायः हुन थालेको छ । लागूपदार्थ दुर्व्यसनीबारे अद्यावधिक तथ्याङ्क उपलब्ध छैन । पछिल्लो तथ्याङ्क विभागले गरेको २००७ को एक सर्वेक्षणले नेपालमा ४६ हजार ३०९ लागूपदार्थ दुर्व्यसनी भएको, जसमध्ये १५ वर्ष मुनिका १.२ प्रतिशत तथा २१.६ प्रतिशत १५-१९ वर्षसम्मका रहेको देखाएको छ । (केन्द्रीय तथ्याङ्क विभाग, २०६३)

रक्सीचुरोटको विज्ञापन विद्युतीय सञ्चारमाध्यममा प्रसारण गर्न प्रतिबन्ध लगाउने राम्रो निर्णय सन् १९९९ मा नै भए पनि होर्डिङ बोर्ड तथा छापाहरूमा समेत सूर्तिजन्य पदार्थसमेतको विज्ञापन प्रतिबन्ध भने सन् २०११ बाट भएको हो । तर मदिराजन्य पदार्थको प्रचलित नाम (ब्राण्ड नेम) लाई स्थापीत गर्ने गरी उदाहरणका लागि "म्यूजिक सी.डी" भन्ने जस्तो बहानामा आकर्षक उत्तेजक प्रस्तुति रहेका कानुनलाई छल्ने नियतले बनाइएका प्रतिस्थापित विज्ञापन (Surrogated Advertisement)

तथा कुनै कार्यक्रम प्रायोजन गरी आफ्नो ब्राण्डको प्रचार गर्ने कार्यलाई भने रोक्न सकिएको छैन । सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ ले शिक्षण संस्था, पुस्तकालय, स्वास्थ्य संस्था, शिशुस्याहार केन्द्र, बालगृह, बालउद्यान लगायतका सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ सेवन तथा सो स्थानको कम्तिमा एकसय मिटर वरपर सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न नपाइने व्यवस्था गरेको छ । यसै गरी कसैले पनि १८ वर्ष नपुगेका व्यक्ति र गर्भवति महिलालाई सूर्तिजन्य पदार्थ बिक्रीवितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन ।

रक्सी बेच्ने पसल बेग्लै राख्ने तथा बालबालिकालाई बेचबिखन नगर्ने गरी सरकारले सन् २००८ मा गरेको निर्णय अत्यन्त स्वागतयोग्य रहेता पनि यस्को कडाइका साथ कार्यान्वयन हुन सकेको छैन । मदिरा तथा जनस्वास्थ्य र बालबालिकासमेतका बारेमा नीतिगत वकालत गर्न नागरिक समाजका तर्फबाट "राष्ट्रिय मदिरा नीति सञ्जाल-नापा" क्रियाशील रहेको छ र सबै सरोकारवालाको पहलमा यसै वर्ष मदिरा सम्बन्धी राष्ट्रिय नीति बनाउन स्वास्थ्य मन्त्रालय अन्तरगत एक मस्यौदा तयारी समिति बनेकोछ । मादक तथा लागूपदार्थविरुद्ध विभिन्न सचेतना कार्यक्रमहरू सञ्चालन भएका छन् भने लागूपदार्थ दुर्व्यसनीको लागि विभिन्न संस्थाद्वारा पुर्नस्थापना केन्द्रहरू संचालित छन् तर खासगरी परिवारविहीन वा परित्यक्त एवम् सडक बालबालिकाका लागि निःशुल्क त्यस्ता सेवा प्रदान हुन सकिराखेको छैन ।

## ३. ११. इन्टरनेट अनलाइन र बालसंरक्षण

सूचना, जानकारीका लागि संसारलाई इन्टरनेटले कम्प्युटरको सानो स्क्रीनमा बन्द गरिदिएको छ । विज्ञानको विकास सँगसँगै यसका नकारात्मक प्रभावहरू पनि प्रशस्तै हने गरेका छन् । इन्टरनेटका माध्यमबाट धेरै बालबालिकाहरू गलत कार्यमा लाग्ने, दुर्व्यवहारका शिकार हुने गरेका पनि छन् । पश्चिमी विकसित देशहरूमा यो समस्या धेरै बढी सकेको छ भने नेपालमा पनि यसको शुरुवात भैसकेको छ । यसलाई समयमानै नियन्त्रणमा राख्न र सुरक्षाका उपायहरू अपनाउन बालअधिकारकर्मी, सम्बन्धीत सरकारी निकाय तथा व्यवसायिक संस्थाहरू समेतको सहभागितामा 'अनलाइन सुरक्षा' सम्बन्धी कार्यको थालनी सन् २००८ बाट शुरु भएको छ । यस सम्बन्धमा नेपालमा पहिलो पटक सन् २००८ मा सिविन नेपालले १४३० जना बालबालिका बीच गरेको एक अध्ययनमा ८२ प्रतिशतले इन्टरनेट प्रयोग गर्ने गरेको, २ प्रतिशतले अश्लिल वेभ साइटलाई आफ्नो मनपर्ने पाँच साइटमा राखेको, ६० प्रतिशतले अन्जान साथीसँग भेटघाट गरेकोमा १५ प्रतिशतले पहिलो भेटमा नराम्रो अनुभव गरेको, ३६ प्रतिशतले जानी जानी यौनजन्य सामाग्री हेरेको तथा ६७ प्रतिशतले यौनजन्य सामाग्री देखेको पाइएको छ । (सिविन, २००८)

मोबाइल फोनको अत्याधिक प्रयोगसँगै यसबाट प्रवाह गरिने अक्षर तथा भिडियो सन्देशहरूले पनि बालबालिकामा धेरै प्रभाव पारिरहेको हुन्छ । तसर्थ यस्ता कुराबाट बालबालिकालाई संरक्षण गर्न अभिभावक लगायत सङ्घसंस्था, व्यवसायीहरू एवम् सरकारी निकाय अधिक जिम्मेवार र क्रियाशील हुनु जरुरी छ । हाल नेपालमा १ करोड ५० लाख ५६ हजार १०९ मोबाइल प्रयोगकर्ता रहेका छन्, १८.५७ प्रतिशतले इन्टरनेट प्रयोग गर्दछन् । (नेपाल दुरसञ्चार प्राधिकरण, २०६९) यी सेवाहरू उल्लेख्यमात्रामा बालबालिका र विशेषतः किशोर किशोरीका पहुँचमा पनि रहेको छ । इन्टरनेटबाट हुन सक्ने बालदुर्व्यवहारलाई रोक्न लगायत साइबर अपराध नियन्त्रण गर्न विद्युतीय सञ्चार ऐनको कार्यान्वयन र परिमार्जन आवश्यक रहेको छ । प्रहरीमा रहेको साइबर सेलको क्षमता र सक्रियता बढाउन आवश्यक छ । साइबर क्याफेहरूमा रहेको क्याबिनलाई हटाई व्यवस्थित गर्नुका साथै सबैलाई यस उर्लदो विषयका बारेमा सचेत गर्नु जरुरी छ । विद्यालयमा हुने कम्प्यूटरको पढाईसँगसँगै बालबालिकालाई सुरक्षित रूपमा इन्टरनेट प्रयोग गर्नेबारेमा तथा यसबाट हुन सक्ने जोखिमको बारेमा सचेत गराइनु जरुरी भैसकेको छ ।

## ३.१२. सशस्त्र द्वन्द्व र बालबालिका

२०५२ सालबाट नेपालमा सशस्त्र द्वन्द्वको नयाँ इतिहास कायम भयो । २०६२ सालमा शान्ति सम्झौता भएपछि देशको मूल सशस्त्र द्वन्द्वको अन्त्य भएको छ तर यसका धेरै पक्षहरू अझै समाधान हुन सकेका छैनन् । यस पछि पनि थुप्रै सशस्त्र समूहरूले हिंसा, प्रति हिंसालाई अगाली रहेका छन् । २०५२-६२ सम्ममा सशस्त्र द्वन्द्वका क्रममा जम्मा ४ सय ७५ जना (१ सय ३७ बालिका) को मृत्यु भएको तथा ५ सय ६९ जना घाइते भएको अभिलेख छ । जानकारीमा आउन नसकेका घटनाहरू अझ धेरै भएका हुन सक्ने अनुमान गरिएको छ । यस अवधिमा ३२ हजार ५ सय ५० जना बालबालिका विभिन्न प्रयोजनका लागि विद्रोही पक्षले कब्जामा राखिएको तथा २ सय ५५ जनालाई राज्यपक्षले पक्राउ गरेका जानकारी प्रकाशमा आएको छ । (सिविन-२००६) शान्तिसम्झौतापछि पनि द्वन्द्वकालमा विछ्याइएका तथा असुरक्षित भण्डारण गरिएका विस्फोटक पदार्थका कारण बालबालिका घाइते तथा मृत्यु हुने क्रम जारी रहेको छ । सन् २०११ मा माइन विष्फोटनका २२ घटनामा ३३ जना प्रभावित बने जसमा ४५ प्रतिशत (१५ जना) बालबालिका थिए । २०१०मा २२ घटनाका ४१ जना प्रभावितमध्ये ४९ प्रतिशत (२० जना) बालबालिका थिए । २०१२ को पहिलो ६ महिनामा भने ११ घटनाका २० जना प्रभावित मध्ये ५० प्रतिशत (१० जना) बालबालिका रहेका छन् । (इन्सेक अनलाइन, २०१२)

सशस्त्र द्वन्द्वबाट प्रभावित तथा द्वन्द्वमा संलग्न भएका बालबालिकाको पुनर्स्थापनाका लागि राष्ट्रिय कार्ययोजन बनेको डेढ वर्ष भैसकेको छ र हाल सोको कार्यान्वयनका सन्दर्भमा श्रोत सङ्कलन गर्न तथा स्थलगत कार्यान्वयन गर्नको लागि बिस्तृत कार्यविवरण तयार भइरहेकोछ । शान्ति तथा पुनर्निर्माण मन्त्रालय, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि केही सहयोग कार्यक्रम सञ्चालन भएको छ भने गैरसरकारी संस्थाहरूबाट पनि सहयोग भैरहेको छ । शान्ति तथा पुर्ननिर्माण मन्त्रालयले सशस्त्र द्वन्द्वका क्रममा आमाबाबु गुमाएका ५०५ जना बालबालिका अभिलेख गरेकोछ । आमाबाबु दुवै गुमाएका बालबालिका पुनर्स्थापना कार्यक्रम अन्तरगत शान्ति तथा पुर्ननिर्माण मन्त्रालयले हालसम्म ३४८ जनालाई राहत निकासा गरेको छ। यस अतिरिक्त जनआन्दोलन घाइतेका सन्तानलाई छात्रवृत्ति २८ जनालाई प्रदान गरिएको छ। यस अविधिमा ७५ जिल्लामा स्थानीय शान्ति समिति गठन भएका छन् भने २५ वटा नगरपालिका र १ हजार ७ सयभन्दा बढी गाउँ विकास समितिस्तरमा शान्ति समिति गठन भई शान्ति प्रक्रियामा संलग्न भएका छन् । यस आर्थिक वर्षमा विभिन्न भूमिगत सङ्गठनहरू, विद्रोही पक्षहरू र विभिन्न समूहहरू गरी ३८ पक्षहरूसँग वार्ता भई विभिन्न सहमति एवं सम्झौताहरू भएका छन् । द्वन्द्वकालमा विछ्याइएका सम्पूर्ण ५३ स्थानका बारुदी सुरुङ नष्ट गर्ने कार्य पनि सम्पन्न भएको छ। (आर्थिक सर्वेक्षण, २०६८/६९) द्वन्द्वका क्रममा आमाबाबु गुमाएका बालबालिका पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०६८ अनुरूप शान्ति तथा पुर्ननिर्माण मन्त्रालयले आमाबाबु दुबै गुमाएकालाई सहयोग गरेको छ ।

सशस्त्र द्वन्द्वकै क्रममा पनि बालअधिकारको संरक्षणार्थ यस क्षेत्रमा क्रियाशील संस्थाहरूको पहलमा जनवरी १, २००३ देखि "बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान" को औपचारिक थालनी गरिएको थियो। यसै अन्तरगतको एक प्रमुख बुँदा विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने सम्बन्धमा सरकारले निर्देशिका जारी गरीसकेको छ। शान्तिसम्झौता पछि विद्रोही लडाकुहरूको प्रमाणीकरणमा शिविरमा रहेका २९७३ जना तोकिएको मापदण्डभन्दा कम उमेरका बालबालिका रहेको प्रमाणित भई उनीहरूको छुटकारापश्चात् उनीहरूका लागि तयार गरिएको शिक्षा तथा सीप तालिम प्याकेजमा केही सहभागी भैरहेका छन् । शुरुदेखि हालसम्म द्वन्द्वकालमा सशस्त्र द्वन्द्वका गतिविधिमा लागेका करिब ९ हजार "सशस्त्र फौज तथा समूहमा आवद्ध बालबालिका (काफाग)" लाई विभिन्न संस्थामार्फत उनीहरूको जीवन सामान्यीकरण गर्ने तथा उनीहरूमा परेको मनोसामाजिक असरमा सुधार ल्याउने लगायतका पुनर्स्थापनाका लागि सहयोग गरिसकिएको छ। देशका विभिन्न भागमा सानासाना थुप्रै सशस्त्र समूहहरू रहेको कुरा प्रकाशमा आएको छ । उनीहरूका गतिविधिहरूबाट

बालबालिका निरन्तर प्रभावित भै रहेका छन्, यस्ता कतिपय समूहहरू आपराधिक प्रवृत्ति लगायतका कारणबाट कतिपय सूचना सङ्कलन, अनुगमन तथा उद्धार गर्न समेत चुनौतिपूर्ण रहेको छ ।

## ३.१३. सञ्चार हिंसा

हाल सञ्चारबिनाको संसार अन्धकार मानिन्छ । सञ्चारमाध्यम सभ्यताको एक अंश हो, सूचनाको श्रोत हो । सञ्चारमाध्यम भित्र टीभी, सिनेमा, रेडियो, फोटोग्राफी, विज्ञापन, पत्रपत्रिका, अभिलेख गरिएका गीतसङ्गीत, कम्प्युटर तथा भिडियो गेम, इन्टरनेट अनलाइन, मोबाइल फोनजस्ता सबै आधुनिक सञ्चारप्रविधिहरूका साथै भित्तेलेखन, होर्डिङबोर्डजस्ता कुराहरू पनि पर्दछन् । नेपालमा सञ्चारमाध्यमले बालबालिकाका विषयमा रिपोर्टिङ्ग गर्ने क्रम तथा बालबालिकाका निम्ति सामाग्री प्रशारण गर्ने क्रम बढेको छ र बालअधिकारको संरक्षण तथा प्रवर्द्धनमा सहयोग पनि पुऱ्याएको छ । तर आमरूपमा विशेषतः विद्युतीय सञ्चारमाध्यममा प्रशारित भइरहेका कतिपय उत्तेजित, हिंसात्मक तथा नराम्रो प्रभाव पार्ने तस्वीर एवम् सन्देशहरूले बालबालिकाको अवोधपनालाई धुमिल्याई रहेका पनि छन् । जसबाट बालबालिकामा थुप्रै मनोसामाजिक प्रभावहरू परिरहेका छन् । सञ्चार माध्यमबाट प्रसारित यस्ता कुराले बालबालिकामा हिंसा जहाँ पनि हुन्छ र यसैबाट 'हीरो' बन्न सकिन्छ भन्ने जस्ता छाप परिरहेको हुन्छ । यसै गरी यस्ता सन्देशले बालबालिकाको भाषाशैली, बानीब्यहोरादेखि खाने शैलीमा समेत प्रभाव परिरहेको हुन्छ । नेपालमा पनि सञ्चार क्षेत्रबाट प्रसारित हुने हिंसात्मक, उत्तेजक तथा कामुक सन्देशहरूबाट बालबालिकालाई कसरी संरक्षण गर्ने तथा बालबालिकाको निम्ति उपयोगी हुने बालमैत्री सन्देशहरूको प्रवाहलाई कसरी अभिवृद्धि गर्ने भन्ने कुरामा ध्यान जानु जरुरी छ । अर्कोतिर बालबालिकाका विषयलाई सन्सनीपूर्ण बनाउनुभन्दा संवेदनशिल ढंगले प्रस्तुत गर्ने तर्फ ध्यान जानु पनि आवश्यक देखिन्छ ।

## ३.१४. धर्म सन्तान

परिवारविहीन बालबालिकाको संरक्षणका निम्ति धर्मपुत्रपुत्रीका रूपमा पाल्ने व्यवस्थालाई पारदर्शी र कानुन सङ्गत व्यवस्थित गर्नुपर्ने कुरा बालअधिकारको क्षेत्र भित्रकै कुरा हो । परिवारविहीन बालबालिकाको वैकल्पिक पुनर्स्थापनाका लागि तिनकै नातेदार आफन्त वा समुदाय पहिलो प्राथमिकता हुने र सो हुन नसकेमा स्वदेशमा नै धर्मपुत्रपुत्रीका रूपमा पाल्न प्रोत्साहित गर्नुपर्ने तथा सो पनि हुन नसकेमा कानुनसम्मत निकायको स्वीकृतिमा विदेशीलाई धर्मपुत्रपुत्रीका रूपमा पाल्न दिन सकिने मान्यता रही आएको छ तर नेपालमा कानुनीरूपमा स्वदेशमा नै धर्मपुत्रपुत्रीका रूपमा

पाल्ने चलन अति न्यून छ भने विदेशीलाई धर्मपुत्रपुत्री दिने कार्य भने धेरै वर्षदेखि भइआएको छ । यस क्रममा थुप्रै विकृत्तिहरू रहेको भनी चर्चामा आउने गरेपछि यसलाई व्यवस्थित गर्न हाल नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सम्बन्धी शर्त तथा प्रकृया, २०६५ जारी गरिएको छ । सन् २०११ मा फेला परेका बालबालिका जिम्मा लिन नआए धर्मपुत्र, धर्मपुत्रीमा पठाउन सकिने भन्नेबारे विभिन्न बालगृहबाट ७२ जना (३२ बालिका, ४० बालक) को सूचना प्रकाशित भएको थियो । (सिविन नेपाल, २०१२)

वि.सं. २०५० साल वैशाखदेखि वि.सं. २०६५ साल साउनसम्म धर्मपुत्र, धर्मपुत्री भएर विदेश जाने बालबालिकाको सङ्ख्या २,२३४ जना रहेको छ । नेपालबाट तीन वर्षअगाडि विदेशमा धर्मपुत्र धर्मपुत्री पठाउने व्यवस्था केही समयका लागि रोकिएको थियो पछि २००९ को जनवरीबाट सुचारु गरेपश्चात् २०११ सम्ममा थप २२४ जना बालिका र १२० जना बालक गरी जम्मा ३४४ जना बालबालिका तथा २०१२ मा २ बालक २ बालिका गरी ४ जना विदेशमा धर्मपुत्र, धर्मपुत्रीका रूपमा गएको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले जनाएको छ ।

**तालिका नं. ३.२८: धर्मपुत्र, धर्मपुत्रीका रूपमा विदेश गएका बालबालिका**

| देशहरू | सन् २००९–११ सम्म | | | सन् २०१२ | | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| बेल्जियम | ५ | २ | ७ | | | |
| क्यानाडा | २ | ० | २ | - | २ | |
| डेनमार्क | ८ | ९ | १७ | | | |
| फ्रान्स | १२ | १२ | २४ | | | |
| इटाली | ५९ | ४५ | १०४ | | | |
| नर्वे | ७ | ३ | १० | | | |
| स्पेन | ४४ | १९ | ६३ | | | |
| स्वीडेन | ६ | २ | ८ | | | |
| स्वीट्जरल्याण्ड | ४ | १ | ५ | | | |
| बेलायत | ४ | १ | ५ | १ | | |
| अमेरिका | ७३ | २६ | ९९ | | | |
| भारत | - | - | - | १ | - | - |
| जम्मा | २२४ | १२० | ३४४ | २ | २ | ४ |


*श्रोतः कानुन शाखा, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, २०६९*

## ३.१५. शरणार्थी बालबालिका

राजनैतिक कारणले जोखिममा परी आफ्नो देशमा बस्न नसकि अर्को देशमा गई शरण लिई शरणार्थीका रूपमा गएर बस्ने चलन प्रायः संसार भरी नै छ । यसरी शरणार्थी भएर गएका विदेशी नागरिकलाई सम्बन्धित देशले सुरक्षा तथा संरक्षण दिनुपर्ने मानवअधिकारभित्रको कुरा हो । शरणार्थीको रूपमा बस्नुपर्ने स्थिति आफैंमा जोखिमी अवस्था हो । त्यसमा पनि शरणार्थी अवस्थाका बालबालिका अझ बढी जोखिममा रहेका हुन्छन् । नेपालमा शरणार्थीहरूको समस्या निकै चर्को रूपमा देखिएको छ । नेपालमा करिब १३ वटा देशका शरणार्थी रहेको भनिए पनि तिब्बती शरणार्थी र भुटानी शरणार्थीहरूको सङ्ख्या ठूलो छ । नेपालमा रहेका भुटानीहरूको ठूलो हिस्सा तेस्रो देशमा पुनर्स्थापनाका लागि गईसकेका छन् ।

शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चआयोग (UNHCR) का अनुसार हाल ७,२५१ जना भुटानी शरणार्थी बालबालिका छन् ।

**चित्र ३.५ः भुटानी शरणार्थीको उमेरगत सङ्ख्या**




*श्रोतः UNHCR, २०१२*

नेपालमा तिब्बती शरणार्थीहरूको सङ्ख्या पनि उल्लेख्यमात्रामा रहेको छ । तिब्बती शरणार्थी कल्याण कार्यालय, लाजिम्पाटका अनुसार १६ वर्षमुनिका तिब्बती शरणार्थी बालक ६६७ र बालिका ६६८ गरी जम्मा बालबालिकाहरूको सङ्ख्या १३३५ रहेको छ ।

## ३.१६. अपाङ्गता भएका बालबालिका

विषेश संरक्षणको आवश्यकता पर्ने बालबालिकाको समूह भित्र अपाङ्गता भएका बालबालिका पनि पर्दछन् । सन् २०११ को नेपाल जीवनस्तर सर्वेक्षणले झण्डै ४ प्रतिशत जनसङ्ख्यामा अपाङ्गता भएको देखाएको छ। उक्त तथ्याङ्कअनुसार पुरुषमा ४.२ प्रतिशत र महिलामा ३ प्रतिशत अपाङ्गता भएको पाइएको छ। जसमध्ये सबैभन्दा धेरै शारीरिक अपाङ्गता २९.२, दृष्टिविहीन २२.३, श्रवण अपाङ्गता २३.४, दृष्टिविहीन र श्रवण अपाङ्गता दुवै भएका २.४, स्वर बोलाइसम्बन्धी अपाङ्गता ८.६, वौद्धिक अपाङ्गता ६.८ र बहुअपाङ्गता ७.३ प्रतिशत रहेको पाइएको छ। १-५ वर्षका १ प्रतिशत र ६-१५का २ प्रतिशत बालबालिकामा अपाङ्गता रहेको देखिएको छ।

फ्यास १ रिपोर्ट अनुसार प्राथमिक तहमा खुद भर्नाको १.१ प्रतिशत अर्थात ५१,७६६ जना अपाङ्गता भएका बालबालिका अध्ययनरत छन् भने निम्न माध्यामिक तहमा १५,३३२ (०.८ प्रतिशत) र आधारभूत तहमा ६७,०९८ (१ प्रतिशत) बालबालिका छन् ।

व्यक्तिहरूमा अपाङ्गता हुने कारणमा दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विष्फोटक पदार्थको प्रयोग आदि देखिएको छ, जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्छ। नेपाल सरकारले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको हकहित र अधिकारको संरक्षण एवम् सम्वर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसैगरी २०६६ पौष १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००६ (UN Convention on the Rights of People with Disabilities-UNCRPD, 2006) लाई अनुमोदन गरेको छ । सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी अपाङ्गता परिचयपत्र वितरण गरिरहेको छ । अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइसम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहीनता, मानसिक अपाङ्गता- बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी ७ किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेंलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चारतहमा विभक्त गरी परिचयपत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। ३५ जिल्लाबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फाराम, २०६९ बाट हालसम्म १४,४०५ जना बालबालिकाले अपाङ्गता परिचय पत्र लिएका छन् ।

**तालिका नं ३.२९: अपाङ्गताको किसिम तथा विद्यालय तहका आधारमा विद्यार्थी सङ्ख्या**

| ताह | | अपाङ्गताको किसिम | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | शारीरिक | मानसिक | सुस्त श्रवण र बहिरा | दृष्टिविहीन | बहिरा र दृष्टिविहीन | स्वर र बोलाईसम्बन्धी अपाङ्गता | बहु अपाङ्गता |
| प्राथमिक | कुल | १८,८७० | १३,७८० | ६,६३६ | २,९२५ | ३,१५८ | ६,३९७ | ५१,७६६ |
| | कुल भर्नामा % | ०.४ | ०.३ | ०.१ | ०।१ | ०.१ | ०.१ | १.१ |
| निम्न माध्यमिक | कुल | ६,८२५ | २,७५४ | १,८१९ | १,३६३ | १,२५७ | १,३१४ | १५,३३२ |
| | कुल भर्नामा % | ०.४ | ०.२ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.८ |
| आधारभूत | कुल | २५,६९५ | १६,५३४ | ८,४५५ | ४,२८८ | ४,४१५ | ७,७११ | ६७,०९८ |
| | कुल भर्नामा % | ०.४ | ०.३ | ०.१ | ०.१ | ०.१ | ०.१ | १.० |

*श्रोतः फ्ल्यास १, रिर्पोट, २०६८*

**तालिका नं ३.३०: अपाङ्गताको किसिमको आधारमा जनसङ्ख्या प्रतिशत**

| | अपाङ्गताको किसिम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लिङ्ग | अपाङ्गता | शारीरिक | दृष्टि | श्रवण | दृष्टि र श्रवण | स्वरबोलाइ | मानसिक | बहुअपाङ्गता | जम्मा |
| पुरुष | ४.२ | ३२.९ | १९.० | २१.४ | २.६ | ९.६ | ७.९ | ६.७ | १०० |
| महिला | ३.० | २४.९ | २६.२ | २५.९ | २.१ | ७.४ | ५.६ | ८.० | १०० |
| दुवै | ३.६ | २९.२ | २२.३ | २३.४ | २.४ | ८.६ | ६.८ | ७.३ | १०० |
| उमेर समूह | | | | | | | | | |
| ०-५ वर्ष | १.० | ४५.९ | १०.० | १०.६ | ०.० | १८.६ | ३.९ | ११.० | १०० |
| ६-१४ वर्ष | २.० | ३२.० | १४.७ | २१.६ | २.२ | १०.८ | ९.५ | ९.३ | १०० |

*श्रोतः नेपाल जीवनस्तर सर्वेक्षण, २०१०/०११, केन्द्रीय तथ्याङ्क विभाग*

**तालिका नं ३.३१ः अपाङ्गता भएका र परिचयपत्र लिएका बालबालिका**

| | बालिका | बालक | जम्मा | |
|---|---|---|---|---|
| अपाङ्गता भएका | १४८४३ | १६८९५ | ३३५३६* | |
| प्रतिशत | ४४.२६ | ५०.३८ | | |
| परिचयपत्र लिएका | | | | |
| अपाङ्गताको किसिम | बालिका | बालक | जम्मा | प्रतिशत |
| शारीरिक अपाङ्गता | २६०२ | ३६५८ | ६३३४* | ४३.९७ |
| दृष्टिविहीनता र न्यून दृष्टियुक्त | ५६९ | ७०६ | १३३५* | ९.२६ |
| सुस्तश्रवण र बहिरा | ६३२ | ८०२ | १५१०* | १०.४८ |
| स्वर र बोलाइसम्बन्धी अपाङ्गता | २७२ | ३३० | ८१९* | ५.६८ |
| मानसिक/वौद्धिक अपाङ्गता | ६७५ | ७६९ | १४७२* | १०.२२ |
| बहुअपाङ्गता | १०८९ | १०१० | २५७३* | १७.८६ |
| नखुलेको | १३८ | २५२ | ३६२ | २.१५ |
| कुल | ५९७७ | ७५२७ | १४४०५* | १०० |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९*

(४३ जिल्लाबाट प्राप्त जसमध्ये ३५ जिल्लाबाट माथि उल्लिखित तथ्याङ्क प्राप्त)

* जिल्लागत रूपमा प्राप्त तथ्याङ्कमा लिङ्ग नखुलेको कारण जम्मा योगमा फरक पर्न गएको छ।

## ३.१७ सडकमा आश्रित बालबालिका


सडकमा आश्रित बालबालिकाको समस्या संसारका प्रायः सबै गरिब तथा विकासोन्मुख राष्ट्रहरूमा रहेको पाइन्छ । देशको असन्तुलित विकास, अव्यवस्थित शहरीकरण र मूलतः स्थानीय स्तरमा बालकेन्द्रित कार्यक्रम र प्रभावकारी बालसंरक्षण प्रणालीको अभावमा सडक बालबालिकाको समस्या प्रायः सबैजसो शहरबजारमा कुनै न कुनै रूपमा रहेको पाइन्छ। देशको सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक कारण तथा गरिबी, क्षेत्रीय असन्तुलनका साथै स्रोतको असमान वितरणका कारणले नागरिकहरूको जीवन निर्वाह जटिल बन्दै गइरहेको छ । यसका अतिरिक्त रोजगारी, अशिक्षा र घरेलु हिंसा जस्ताकारणले गर्दा पनि परिवार छोडेर बालबालिका सडकमा आउने र त्यहीँ

बस्ने गरेको पाइएको छ । त्यसैगरी समाजमा व्याप्त विभिन्न कुरीति, कुसंस्कारले पनि परिवारका सदस्यहरूबीच असहज सम्बन्धको स्थिति सिर्जना भई बालबालिका घर छोडेर हिड्ने प्रवृत्ति बढ्दै गएको छ । देशमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्व र राजनैतिक अस्थिरताको प्रत्यक्ष असरको कारणबाट पनि कतिपय बालबालिका सडकमा आएको अनुमान गरिन्छ । सामान्यतयाः सडकमा आश्रित बालबालिका २ किसिमका रहेका छन् । पहिलो, पूर्णरूपमै सडकमै बस्ने, काम गर्ने र सुत्ने जो घर परिवारबाट अलग रहेका हुन्छन् र दोस्रो वर्गमा अधिकांश समयमा सडक बिताउने, कमाइको लागि सडक आउने तर बस्ने र सुत्नका लागि आफ्ना अभिभावकहरू भएको ठाउँमा जाने बालबालिकाहरू पर्दछन् । यी दुवैथरि बालबालिका संरक्षणको जोखिममा रहेका हुन्छन् । सडक कुनै पनि बहानामा बालबालिकाका लागि उपयुक्त हुन सक्दैन र सडकमा बस्नु पर्ने अवस्थाबाट बालबालिकालाई जोगाउनु सबैको दायित्व हो ।

नेपालमा विभिन्न जिल्लाहरूबाट वर्षेनी कम्तीमा पनि ५०० जना बालबालिका उपत्यकाका सडकमा आउने गरेको अनुमान छ । हाल नेपालमा करिव ५ हजारको हाराहारीमा सडक बालबालिकाहरू रहेका छन्, जुन विगत वर्षहरूदेखि यथावतै रहेको देखिन्छ । (सिविन, २०१०) कतिपय सडक बालबालिका पुनर्स्थापीत भएका छन् भने नयाँ आउनेको क्रम पनि जारी नै छ । विभिन्न सङ्घसंस्थाहरूले सडक बालबालिकाको सामाजिकीकरण र पुनर्स्थापनका लागि विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेका छन् । बालबालिका सडकमा नआउन् भन्नका निम्ति सडक बालबालिकाका आश्रित हुने शहरबजार अर्थात् गन्तव्यस्थलमा मात्रै काम गरेर पुग्दैन । उनीहरूको श्रोत अर्थात उत्पति स्थलमा पनि बालसंरक्षणका काम हुनुपर्छ । यसका लागि स्थानीय निकायहरूको भूमिका महत्वपूर्ण हुन्छ ।


सडकमा आश्रित बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरूको साझा सञ्जाल नाओस्क (NAOSC) मा भएको ३५७० जनाको अभिलेखअनुसार सडकमा ७ प्रतिशत बालिकाहरू रहेका छन् । ५७ प्रतिशतले कुनै न कुनै तहको औपचारिक शिक्षा पाएका छन् । सडकमा रहेका २९ प्रतिशतले पुर्नप्रयोग गर्न सकिने पुराना धातु प्लास्टिक आदी सङ्कलन गर्ने काम गर्दछन् भने त्यसपछि २६ प्रतिशतले माग्ने काम गने गरेको देखिन्छ । यि मध्ये सबैभन्दा बढी ५५ प्रतिशत ११ देखि १४ वर्ष उमेर समूहका छन् भने २१ प्रतिशत १० वर्षमुनिका रहेको देखिएको छ ।

**चित्र ३.६: सडक बालबालिकाले गर्नेकाम**




*श्रोतः NAOSC, 2012*

**चित्र ३.७: सडक बालबालिको उमेर समूह**




*श्रोतः NAOSC, 2012*

## ३.१८. सवारी दुर्घटना र बालबालिका

नेपालमा सवारी साधनको सङ्ख्या द्रुत गतिमा बढिरहे पनि सो अनुसार एकातिर स्तरीय सडक बिस्तार हुन सकिराखेको छैन भने अर्कोतिर भएकाको उचित व्यवस्थापनमा पनि कठीनाइहरू रहेका

छन् । सडकको अवस्था, ट्राफिक नियमसम्बन्धी चालकदेखि सर्वसाधारणसम्ममा रहेको सचेतना, सवारी साधनको अवस्था, ट्राफिक व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा अनुगमन लगायतमा रहेका कमीकमजोरीका कारण सडक दुर्घटनाका सङ्ख्या बढिरहेको छ । सवारी साधनमा हुने यात्रुको अत्याधिक चाप र क्षमताभन्दा बढी वजन ढुवानीजस्ता कारणहरू पनि सवारी दुर्घटनाका कारक बनिरहेका छन् । कतिपय विद्यालयका सवारी साधनहरूले पनि क्षमताभन्दा बढी विद्यार्थीहरूलाई कोचाएर जानेआउने गरेको प्रशस्तै देखिन्छ । यस्ता कतिपय सवारी साधनहरू बालसंरक्षणका दृष्टिकोणले अति जोखिमपूर्ण रहेका हुन्छन् । खासगरी तराई क्षेत्रमा रिक्सामा अत्याधिक बालबालिकालाई राखेर जोखिमपूर्ण रूपमा ओसारपसार गरिरहेका पनि देखिन्छ । विद्यालयको सवारी साधनहरू टाढैबाट चिनिने गरी एकरूपता कायम गर्न एकै रङ्गको बनाउने भन्ने प्रयत्न भएता पनि सो कार्यान्वयनमा आइसकेको छैन । यसै वर्ष ट्राफिक प्रहरी तथा निजी विद्यालय, अभिभावकका सङ्घसंस्था लगायतको सक्रियतामा काठमाण्डौँबाट विद्यालयका सवारी साधनमा एकैखालको स्कुल बस भन्ने व्यानर राख्ने तथा अत्याधिक सवारीचाप हुने समयमा नपर्ने गरी विद्यार्थीलाई आवतजावत गराइने जस्ता केही पहल भएकोछ ।

गत दुई वर्षको तथ्याङ्कलाई हेर्दा नेपालमा सवारी दुर्घटनाबाट पिडित हुनेमध्ये मृत्यु हुनेमा १४ प्रतिशत र घाइते हुनेमा ८ प्रतिशत १६ वर्षसम्मका बालबालिका रहेका छन् । यस वर्ष धेरै दुर्घटना ३९ प्रतिशत हाईवेमा भए भने त्यस पछि ३६ प्रतिशत सहरी सडकमा तथा २५ प्रतिशत ग्रामीण सडकमा भएको देखिएको छ ।

**तालिका नं. ३.३२: नेपालमा सवारी दुर्घटनामा पीडित बालबालिका (१६ वर्ष सम्मका)**

| वर्ष | दुर्घटना सङ्ख्या | पीडित | बालक | बालिका | जम्मा | वयस्क | जम्मा | बालबालिका प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| २०६७-०६८ | ७३८६ | मृत्यु | १२३ | ६७ | १९० | ११९० | १३८० | १३.७६ |
| | | घाइते | ५३४ | ३५२ | ८८६ | ९८१५ | १०७०१ | ८.२७ |
| २०६८-०६९ | ८८९२ | मृत्यु | १५५ | ९६ | २५१ | १५९३ | १८४४ | १३.६१ |
| | | घाइते | ५८८ | ३८२ | ९७० | १०८५१ | ११८२१ | ८.२० |

*श्रोतः प्रहरी प्रधान कार्यालय, २०६९*

**तालिका नं. ३.३३: इलाकाअनुसार सडक दुर्घटना प्रतिशत**

| वर्ष | शहरी सडक | ग्रामीण सडक | हाइवे |
|---|---|---|---|
| २०६७-०६८ | ३८.५३ | २८.३२ | ३३.१४ |
| २०६८-०६९ | ३६.४७ | २४.६७ | ३८.८५ |

*श्रोतः प्रहरी प्रधान कार्यालय, २०६९*

## ३.१९. परिवारविहीन बालबालिका

घरपरिवारमा बस्न पाउनु बालबालिकाको आधारभूत अधिकार हो । बालबालिकाको संरक्षण गर्ने पहिलो दायित्व पनि परिवारकै हो । नेपालमा विविध कारण परिवार विहिन हुन पुगेका तथा परित्यक्त भएका बालबालिकाको संरक्षणका लागि अझै पनि व्यवस्थित र प्रभावकारी राज्यप्रणाली स्थापना हुन सकिराखेको छैन तथापी बालबालिकासम्बन्धी ऐन, २०४८ लगायतमा यसबारे केही उल्लेख भएको पाइन्छ ।

४३ जिल्लाबाट प्राप्त जिल्लागत तथ्याङ्कका आधारमा १९ जिल्लाबाट उल्लेख भएअनुसार जम्मा १५,१०१ जना बालबालिका परिवारविहीन बालबालिकाका रूपमा रहेको पाइएको छ । जसमध्ये ७,७७६ जना पारिवारिक संरक्षणविहीन, ३०१ जना परिवारमा वयस्क नभई बालबालिकामात्र भएका र ७,०१७ जना आफन्तको संरक्षणमा रहेका बालबालिका देखिएको छ ।

## तालिका नं. घ.घद्धः परिवारविहीन बालबालिकासम्बन्धी विवर०ा

| क्रस | जिल्ला | परिवारिक संरक्षणविहीन बालबालिकाको कुल सङ्ख्या | | | बालबालिकामात्र भएको अवस्थामा रहेका बालबालिका | | | आफन्तको संरक्षणमा रहेका बालबालिका | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| | **नेपाल** | ५०८ | ७४७ | ७७७६* | १८ | ८ | ३०८* | ३९२ | ४८८ | ७०१७* | ९१८ | १२४३ | १५१०* |
| १ | इलाम | ० | ० | ० | ० | ० | ० | - | - | ४४८६ | - | - | ४४८६ |
| २ | तेह्रथुम | २८ | २२ | ५० | ० | ० | ० | १५ | १७ | ३२ | ४३ | ३९ | ८२ |
| ३ | उदयपुर | ३३ | ५३ | ८६ | ० | ० | ० | ० | ० | ० | ३३ | ५३ | ८६ |
| ४ | सिन्धुली | २३ | १४ | ३७ | ० | ० | ० | ० | ० | ० | २३ | १४ | ३७ |
| ५ | ललितपुर | - | - | २३७० | ० | ० | ० | ० | ० | ० | - | - | २३७० |
| ६ | सिन्धु पाल्चोक | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | १ |
| ७ | लमजुङ | ० | २१ | २१ | - | - | ८० | २४५ | ३२१ | ५६६ | २४५ | ३४२ | ६६७ |
| ८ | नवल परासी | ० | ० | ० | ० | ० | ० | ३ | ० | ३ | ३ | ० | ३ |
| ९ | पर्वत | ८३ | ९९ | १८२ | ० | ० | ० | ७९ | ८२ | १६१ | १६२ | १८१ | ३४३ |
| १० | दाङ | ० | ० | ० | १६ | ६ | २२ | ९ | ५ | १४ | २५ | ११ | ३६ |
| ११ | रोल्पा | ३० | ३६ | ६६ | २ | २ | ४ | २३ | ३१ | ५४ | ५५ | ६९ | १२४ |
| १२ | म्याग्दी | - | - | ६२ | ० | ० | ० | ० | ० | ० | - | - | ६२ |
| १३ | सुर्खेत | - | - | १९२८ | - | - | १८ | - | - | १५२८ | - | - | ३४७४ |
| १४ | बाके | ७३ | १११ | १८४ | ० | ० | ० | ३ | २ | ५ | ७६ | ११३ | १८९ |
| १५ | हुम्ला | २७ | ३४ | ६१ | ० | ० | ० | ० | ० | ० | २७ | ३४ | ६१ |
| १६ | मुगु | - | - | ४३८ | ० | ० | ० | ० | ० | ० | - | - | ४३८ |
| १७ | जुम्ला | ४६ | ७८ | १२४ | ० | ० | ० | १५ | २९ | ४४ | ६१ | १०७ | १६८ |
| १८ | बाजुरा | १६५ | २७९ | ४४४ | ० | ० | ० | ० | ० | ० | १६५ | २७९ | ४४४ |
| - | - | - | - | १७२३ | - | - | १८४ | - | - | १२३ | - | - | २०३० |

*स्रोत : बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९*

* जिल्लागत रूपमा प्राप्त तथ्याङ्कमा लिङ्ग नखुलेको कारण जम्मा योगमा फरक पर्न गएको छ ।

## ३.२०. बन्द हडताल र बालबालिका

विभिन्न समूहहरूले आआफ्ना मागपूर्तिका लागि दबाव सिर्जना गर्न बन्दहडताल नै गर्ने प्रचलन नेपालमा प्रशस्त रहेको छ । हरेक बन्दहडतालको पहिलो निशाना भने विद्यालय वा शैक्षिक क्षेत्र नै हुने गरेको छ । बयस्कका मागपूर्तिका लागि बालबालिकाले आफ्नो अमूल्य बालापनका क्षणहरूलाई कुण्ठित गर्दै विद्यालय शिक्षा लगायत अन्य क्रियाकलापहरूबाट वञ्चित हुनु परिरहेको छ। बाल्यकालमा बुद्धिविकास अत्यन्त द्रुत गतिमा हुने हुँदा एक दिनको पढाइ अवरोधले पनि उनीहरूको सिकाइ चक्रमा उल्लेख्य असर पारिरहेको हुन्छ । पढाइ अवरोधका अतिरिक्त हडतालको क्रममा हुने उत्तेजक तथा कतिपय हिंसात्मक, ध्वंसात्मक गतिविधिमा एकातिर कतिपय बालबालिकालाई नै संलग्न गराइएको पाइन्छ भने अर्कोतर्फ त्यस्ता कार्यका कारण बालबालिकाको मनोविज्ञानमा नकारात्मक प्रभाव पारिरहेको हुन्छ। यसै गरी राजनैतिक विरोध, जुलुस आदिमा पनि विद्यालयबन्द गरी बालबालिकालाई सडकमा उतार्ने गलत अभ्यासहरू पनि रहेका छन् । नेपालबन्द डट कम वेभसाइटमा उल्लेख भएअनुसार नेपालका विभिन्न स्थानहरूमा भएका स्थानीयदेखि राष्ट्रिय स्तरसम्मका बन्दहरूलाई गणना गर्दा सन् २०११ मा जम्मा ११३ दिन विभिन्न स्थानमा गरी १४३ वटा बन्दका घटना भए भने सन् २०१२ को पहिलो आठ महिनामा ६९ दिन विभिन्न स्थानमा १४२ वटा बन्दका घटना भएको अभिलेख छ। यस अतिरिक्त विद्यालय केन्द्रित केही ध्वंसात्मक कार्य र विद्यार्थी चढेका बसहरूलाई जलाउने समेतका घटनाहरू पनि यस वर्ष भएका छन् ।

## ३.२१. बालसंरक्षणका लागि केही संरचना तथा कार्यक्रमहरूः

नेपालमा बालसंरक्षणका लागि सरकारी निकायहरूका साथै केही गैरसरकारी संस्थाको संलग्नतामा संचालित संरचनाहरू क्रियाशील रहेको पाइन्छ । त्यसमध्येमा पनि प्रत्यक्षरूपमा बालसंरक्षणसँग सम्बन्धित सेवा पुर्‍याइरहेका केही संरचनाका बारेमा यहाँ उल्लेख गरिएको छ ।

केन्द्रीय स्तरमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, गृह मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयहरू मुख्य रूपमा प्रत्यक्ष सम्बन्धित देखिन्छन् । यद्यपि बालबालिकाको विषय सबै निकायहरूसँग सम्बन्धित रहन गएका हुन्छन् । यसैगरी मुलतः बालबालिकाकै नाममा रहेका केन्द्रीय बालकल्यण समिति, महिला तथा बालबालिका विभाग पनि रहेका छन् । जिल्लास्तरमा महिला

तथा बालबालिका कार्यालय, जिल्ला बालकल्याण समिति र यस समितिअन्तर्गत उपसमितिका रूपमा रहेको जिल्ला बालसंरक्षण तथा सम्वर्द्धन समिति छन् भने गाउँतहमा गाउँ बालसंरक्षण तथा सम्बर्द्धन समिति रहेका छन् । यस अतिरिक्त न्याय तथा प्रशासनसँग सम्बन्धित अदालत, सरकारी वकिलको कार्यालय, जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय लगायतको पनि प्रत्यक्ष भूमिका रहेको हुन्छ। तर संरक्षणको आवश्यकता परेका बालबालिकालाई कानूनी, प्रशासनीक खालका सेवा यी निकायहरूबाट प्रदान गरिएका हुन्छन् भने प्रत्यक्ष रूपमा संरक्षण सेवा दिने कार्यमा भने प्रायः गैह्रसरकारी संस्थाहरूको संलग्नता बढी पाइन्छ।

### ३.२१.१ **बालगृह**

परिवारविहीन बालबालिकाको पुनर्स्थापनाका लागि अन्तिम विकल्पको रूपमा बालगृहलाई लिइनुपर्ने अवधारणा संसारमा स्थापित हुँदै गएको छ । यससम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरू पनि निर्माण भएका छन् । नेपालमा थुप्रै बालबालिकाले बालगृहमार्फत संरक्षण प्राप्त गरिरहेका छन् तर ती सबै बालगृहहरूमा रहेकाहरू वास्तविक रूपमा संरक्षणको आवस्यकता परेका बाबुआमाविहीन बालबालिका नै हुन् कि होइनन् तथा उनीहरूको अन्य विकल्प छ कि छैन भन्ने बारेमा धेरै चर्चाहरू चलिरहेका छन् । नेपालमा बालगृहको सङ्ख्या हरेक वर्ष वृद्धि हुँदै गएको पाइन्छ । बालगृहहरू सबैको सञ्चालन उचित ढङ्गले नभएका धेरै घटनाहरू प्रकासमा आएका छन् । तसर्थ हालै नेपाल सरकारले "आवसीय बालगृहहरूको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९" जारी गरी लागू गरिएको छ। बालगृहहरूको व्यवस्थापनका लागि यो मापदण्ड कोशेढुङ्गा हुनेछ। नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६९/०१/०४ मा स्वीकृत यस मापदण्डमा बालबालिकाको भर्ना प्रक्रिया, बालगृहको आवसीय सुविधा, पूर्वाधार र परिवेश, संरक्षित बालबालिकाका आधारभूत अधिकारको प्रत्याभूति, बालबालिकाको अधिकारका रक्षा एवम् बालसंरक्षणसम्बन्धी व्यवस्था, बालगृह सञ्चालनको शर्त, बालगृहको व्यवस्थापन, श्रोत तथा मानव संसाधन, बालबालिकाको बिदाइ, पुर्नएकिकरण वा पुनर्मिलन योजना तथा बालगृह अनुगमन संयन्त्र, कार्यविधि र प्रक्रियाहरू लगायतका बारेमा विस्तृत व्यवस्था गरिएको छ।

केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिहरूले बालगृहहरूको अनुगमन गर्ने प्रक्रिया शुरुवात गरेको भएता पनि यसलाई प्रभावकारी रूपमा नियमितता प्रदान गर्न नसकिरहेकोमा नयाँ मापदण्डमा अनुगमन प्रक्रियालाई व्यवस्थित एवम् थप प्रभावकारी बनाउन केन्द्रीय तहमा

केन्द्रीय बालकल्याण समितिका कार्यकारी निर्देशकको संयोजकत्वमा तथा जिल्ला तहमा जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी संयोजक र बालअधिकार अधिकृत सदस्य सचिव रहेको बालगृह अनुगमन समितिको व्यवस्था गरिएको छ ।

सरकारको प्रत्यक्ष संलग्नतामा सञ्चालित बिरगञ्ज, विराटनगर, राजबिराज र बुटवलमा रहेका चारवटा बालगृहहरूमा भएका १०८ जना बालबालिकाको हालको संरक्षण सेवा सन्तोषजनक नदेखिएका तथा मापदण्डसमेत पूरा गर्न कठिन हुने अवस्था देखिएका कारण उक्त बालबालिकाको वैकल्पिक पुनर्स्थापना गरिने नयाँ प्रयासको थालनी महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले गरेको छ ।

नेपालमा रहेका बालगृहहरूको राष्ट्रिय सञ्जाल-सिनेटले बालगृहहरूलाई ब्यवस्थित, मर्यादित र बालअधिकार सम्मत बनाउन क्षमता विकासलगायतका विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ । बालबालिकासँग प्रत्यक्ष सेवा प्रदान गर्ने सहयोगी कर्मचारीदेखि व्यवस्थापकसम्मलाई बालअधिकार तथा बालमित्रवत व्यवहारलगायतकाबारे सचेत गराइने प्रक्रिया थालनी भएको छ भने बालगृहहरूमा 'बालसंरक्षण नीति' निर्माण गरी लागू गर्ने कार्यको पनि प्रारम्भ भएको छ ।

**नेपालमा रहेका बालगृहहरूको सङ्ख्या**

यस वर्ष नेपालमा बालगृहहरू ३३ जिल्लामा ७६७ वटा रहेको देखिएको छ । जुन गत वर्ष ६०२ वटा मात्र रहेको पाइएको थियो । यसवर्ष बालगृहहरूमा रहेका बालबालिकाको कुल सङ्ख्या उपलब्ध हुन सकेन । गत वर्ष यो सख्या १५०९५ रहेको थियो ।

**तालिका नं ३.३५: जिल्लागत बालगृहहरूको सङ्ख्या**

| सि.नं. | जिल्ला | बालगृह सङ्ख्या |
|---|---|---|
| १ | मोरङ | ३ |
| २ | धनकुटा | २ |
| ३ | पर्सा | २ |
| ४ | वारा | २ |
| ५ | ईलाम | १ |
| ६ | सिरहा | १ |
| ७ | धनुषा | १ |
| ८ | झापा | ४ |
| ९ | सुनसरी | ४ |
| १० | मकवानपुर | ७ |
| ११ | रौतहट | १ |
| १२ | काभ्रे | ६ |
| १३ | दोलखा | १ |
| १४ | सिन्धुपाल्चोक | ५ |
| १५ | चितवन | २४ |
| १६ | नवलपरासी | ६ |

| सि.नं. | जिल्ला | बालगृह सङ्ख्या |
|---|---|---|
| १७ | रूपन्देही | ८ |
| १८ | कपिलवस्तु | १ |
| १९ | कास्की | ५७ |
| २० | म्याग्दी | १ |
| २१ | सुर्खेत | ५ |
| २२ | बाँके | १० |
| २३ | मुगु | २४ |
| २४ | अछाम | १ |
| २५ | कैलाली | ८ |
| २६ | कन्चनपुर | २ |
| २७ | रोल्पा | ३ |
| २८ | लमजुङ | १ |
| २९ | जुम्ला | १ |
| ३० | हुम्ला | ४ |
| ३१ | भक्तपुर | २१ |
| ३२ | ललितपुर | १२८ |
| ३३ | काठमाडौं | ४२२ |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९*

### ३.२१.२ बालहेल्पलाइन – १०९८ (दश–नौ–आठ)

बालअधिकार उल्लङ्घनको अवस्थामा छिटोछरितो र बालमैत्री ढङ्गले बालबालिकाको संरक्षण, उद्दार र आवश्यक आपतकालीन सहयोग पुऱ्याउने प्रभावकारी संरचना बालहेल्पलाइन हो । बालहेल्पलाइन विश्वका १३४ भन्दा बढी देशहरूमा सञ्चालन भई बालसंरक्षण प्रणालीको एक महत्वपूर्ण अङ्गका रूपमा स्थापित भएका छन् । नेपालमा पहिलो पटक गैरसरकारी क्षेत्रबाट प्रारम्भ भएको बालबालिकाको आपतकालिन उद्दार सहयोग तथा परामर्शका लागि सन् १९८९ मा स्थापित सिविन हेल्पलाइनको अवधारणालाई बाल हेल्पलाइनमा परिणत गरी हाल सन् २००७ बाट राज्यको संरचनाभित्र आएको छ । महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४ जारी भई सरकारद्वारा बालहेल्पलाइनलाई पैसा नलाग्ने फोन नम्बर १० ९८ (दश-नौ-आठ) उपलब्ध गराइएको छ । केन्द्रीय बालकल्याण समितिको संयोजकत्वमा बाल

हेल्पलाइन १९०८ को केन्द्रीय निर्देशन समितिको गठन भई सोको सचिवालय केन्द्रीय बालकल्याण समितिमा रहेको छ । हाल नेपालमा १३ जिल्लाहरूमा बाल हेल्पलाइनहरू सञ्चालित छन् र सो मार्फत करिब ६० जिल्लाका घटनाहरूलाई सम्बोधन गरिएको पाइएको छ ।  पैसा नलाग्ने फोन नम्बर १०९८ (बालबालिका समेतका लागि सम्झन सजिलो होस् भन्नका लागि यसको उच्चारण "दश नौ आठ" भनि गरिन्छ) दक्षिण एसियाका देशहरूको बाल हेल्पलाइनको साझा नम्बरका रूपमा क्रमशः स्थापित हुँदैछ । बालमैत्री वातावरणमा बालअधिकार उल्लङ्घनका घटनाहरूमा तत्काल सम्बोधन गर्ने एकमात्र प्रभावकारी संरचनाका रूपमा यो हेल्पलाइन रहेको छ ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ मा बाल हेल्पलाइनका बारेमा स्पष्ट रूपमा "संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाका लागि तत्काल सहायता उपलब्ध गराउनको लागि हेल्पलाइन/हटलाइन जस्ता सेवाको प्रवर्द्धन गरिनेछ । निःशुल्क बाल हेल्पलाइन फोन नं. १०९८ (दश-नौं-आठ) लाई सबै जिल्लामा बिस्तार गर्नुका साथै यसलाई सार्क क्षेत्रका राष्ट्रहरूका साझा निःशुल्क बाल हेल्पलाइनमा परिणत गर्ने समेत प्रयास गरिनेछ ।" भन्ने उल्लेख भएकोछ ।

सम्बन्धित सरकारी निकायहरू र बालबालबालिकाको निम्ति क्रियाशील गैससको संयुक्त प्रयास तथा समन्वयमा सिविन नेपालले देशका पाँच स्थानहरूमा हेल्पलाइन सेवा सञ्चालन गरिरहेको छ भने अन्य संस्थाहरूले ८ स्थानमा सञ्चालन गरिरहेका छन् । सिविन नेपालद्वारा काठमाडौंमा सञ्चालित बाल हेल्पलाइनमा यसै वर्षदेखि नेपाल दुरसञ्चारका अतिरिक्त निजी क्षेत्रबाट सञ्चालित एनसेलका फोनबाट पनि निःशुल्क फोन सम्पर्क हुने व्यवस्था भैसकेको छ भने क्रमशः अन्य जिल्लामा पनि बिस्तार गरिने योजना रहेको छ । बालबालिकाविरुद्धका अपराधजन्य घटनाहरूमा बालबालिकको हकहितको संरक्षणको निम्ति सञ्चालित हेल्पलाइनलाई प्रहरी प्रशासन, जिल्ला बालकल्याण समिति, केन्द्रीय बालकल्याण समिति, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, कानुनी सहयोग गर्ने सस्थाहरू, बालबालिका तथा मानवअधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू, अस्पताल, सञ्चारमाध्यम, स्थानीय निकाय तथा समुदाय, बालबालिकाका समूह तथा व्यक्तिहरूको सहयोग र समन्वय प्राप्त भइरहेको छ । बाल हेल्पलाइन सेवाले बालबालिकाविरुद्धका अपराध नियन्त्रण गर्न तथा बालअधिकार हनूनबारे राज्यलाई जानकारी दिन सहयोग पुऱ्याइरहेको छ । यसर्थ आगामी दिनहरूमा बालअधिकार प्रवर्द्धन गर्न तथा बालसंरक्षणका लागि यस सेवालाई विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

**बाल हेल्पलाइनका सेवाहरू:**

१) पैसा नलाग्ने हटलाइन टेलिफोन सेवा

२) प्रत्यक्ष तथा टेलिफोनमार्फत मनोसामाजिक मनोविमर्श सेवा

३) उद्दार सवारी साधन/एम्बुलेन्स सेवा

४) आपत्कालीन उद्दार, राहत तथा संरक्षण

५) प्राथमिक स्वास्थोपचार सेवा

६) अस्पताल उपचार सेवा

७) हराएका बालबालिकाको खोजी कार्य

८) पारिवारिक पुर्नएकीकरण

९) पुनर्स्थापना तथा अन्य सेवाका लागि अन्य संस्थाहरूमा स्थानान्तरण

१०) कानुनी सहयोग तथा मध्यस्थता सेवा

यस आ.व.को अवधिमा नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, सिविन नेपाल, नेपाल टेलिकम र एन सेलको सहकार्यमा सिविन नेपालद्वारा काठमाडौं, विराटनगर, हेटौंडा, नेपालगञ्ज र पोखरामा सञ्चालित बाल हेल्पलाइन नेपालले १६०० (६२४ बालिका, ९६७ बालक) जना जोखिमपूर्ण अवस्थाका बालबालिकालाई सहयोग पुऱ्याएको छ । उपरोक्त बाल हेल्पलाइनहरूमा दर्ता भएका मध्ये शारीरिक हिंसा, बालबालिकाको ओसार-पसार, यौनशोषण, श्रम शोषण, दुर्यव्यवहार, बालविवाह, अपहरण तथा बालविज्याँई लगायत बालबालिका विरुद्धको अपराध तथा कानुनसँग बाझिएका घटनाहरू ९५२ (३४२ बालिका) जना, परिवारबाट परित्यक्त, दुर्यव्यवहार, असहाय, बेवास्था, हराएका, वेवारिस छोडिएका, मनोसामाजिक पीडा दिइएका, अभिभावक जेलमा परि संरक्षण नपाएका लगायत बालअधिकार उल्लङ्घनका घटनाहरू ७५९ (२७२ बालिका) जना, सुस्त तथा मानसिक समस्या, स्वास्थ्य समस्या, दुर्घटना, रहस्यमय मुत्यु, शैक्षिक समस्या, लागुपदार्थ सेवन, पारिवारिक झगडाका कारण बाल हकहित संरक्षणमा समस्या भएका ३८३ (१६६ बालिका) जना बालबालिकालाई हेल्पलाइनले आवश्यक सहयोग पुऱ्याएको छ । यस अवधिमा बाल हेल्पलाइनले ४७२ (२०९ बालिका) जना बालबालिकालाई जोखिमपूर्ण अवस्थाबाट उद्धार गरी आपत्कालिन राहत तथा संरक्षण गरेको छ ।


हेल्पलाइनमा दर्ता भएका घटनाहरू मध्ये सबैभन्दा बढी ३३ प्रतिशत बालबालिका ११ देखि १३ वर्ष उमेर समूहका रहेका छन् । यसै गरी २६ प्रतिशत बालबालिका क्रमशः १४ देखि १६ र २० प्रतिशत बालबालिका ६ देखि १० वर्ष उमेर समूहका रहेका छन् ।

**तालिका नं ३.३६ः हाल बाल हेल्पलाइन सञ्चालनमा आएका स्थानहरू र तिनको सेवाको विवरण**

| क्र.सं | जिल्ला | सञ्चालन गर्ने संस्था | सेवा प्राप्त गर्नेको सङ्ख्या | | | हेल्पलाइन सञ्चालन मिति |
|---|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा | |
| १ | काठमाडौँ | सिविन नेपाल | ३१२ | ५२९ | ८४१ | २०५५ |
| २ | मोरङ | सिविन नेपाल | १६० | १९८ | ३५८ | २०५९ |
| ३ | मकवानपुर | सिविन नेपाल | ७३ | ११९ | १९२ | २०६२ |
| ४ | बाँके | सिविन नेपाल | २२ | ६२ | ८४ | २०६३ |
| ५ | कास्की | सिविन नेपाल | ५७ | ६८ | १२५ | २०६४ |
| ६ | वर्दिया | आवाज नेपाल | तथ्याङ्क प्राप्त नभएको | | | २०६६ |
| ७ | चितवन | दियालो परिवार | | | | २०६६ |
| ८ | दाङ | राडार नेपाल | | | | २०६६ |
| ९ | रूपन्देही | तराई विकास मञ्च | | | | २०६६ |
| १० | सुर्खेत | आवाज नेपाल | | | | २०६७ |
| ११ | दैलेख | आवाज नेपाल | | | | २०६७ |
| १२ | कपिलवस्तु | सहज नेपाल | | | | २०६७ |
| १३ | उदयपुर | नेस्पेक | १ | ४ | ५ | २०६७ |
| | | **जम्मा** | **६३५** | **९८०** | **१६०५** | |

यस वर्ष बाल हेल्पलाइनले सञ्चालन गरेको उपरोक्त पाँच स्थानका निःशुल्क टेलिफोन नम्बर १०९८ (दश–नौ–आठ) मा जम्मा १९,९०९ (८,३९९ महिला) जना व्यक्तिहरूले सम्पर्क गरी बालबालिकाको समस्या राख्नुभएको थियो । जस मध्ये १२ प्रतिशत २,३८३ (१,१३० बालिका) जना बालबालिकाले उक्त निःशुल्क टेलिफोनमा सम्पर्क गरी आफ्नो तथा आफ्ना साथीहरूको समस्या राखेका थिए ।

**चित्र ३.८: हेल्पलाइनमा सम्पर्क गर्ने जम्मा व्यक्ति र महिला तथा बालबालिका र बालिका**




*श्रोतः सिविन नेपाल, २०६९*

### ३.२२ बालमैत्री गा.वि.स., नगर तथा स्थानीय स्वायत्त शासन

बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिताका विषयहरू आपसमा सम्बन्धित हुन्छन् । कसैलाई पनि यो अधिकार भएपछि अर्को नभए पनि हुन्छ भन्न मिल्दैन । सबै अधिकार सबैले पाउनुपर्छ । बालअधिकारको संरक्षण घरबाटै, समुदायबाटै शुरु हुनुपर्दछ । घरघरसम्म पहुँच पुग्ने राज्यको सँयन्त्र भनेको स्थानीय निकाय नै हो । तसर्थ स्थानीय निकायलाई बालमैत्री बनाउने राम्रो अभ्यासको थालनी केही अघि देखि हुँदै आएको छ ।

#### ३.२२.१ बालमैत्री गाविस

केन्द्रीय बालकल्याण समितिले सम्बन्धित जिल्ला बालकल्याण समिति तथा जिल्ला, गाउँ, नगर बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, स्थानीय निकाय, साझेदार संस्था, निकाय र समुदायहरूसँग सहकार्य गर्दै प्लान नेपालसँगको साझेदारीमा २२ जिल्लाका २१ वटा गाविस तथा एउटा नगरपालिकालाई विभिन्न चरणमा गरी योजनावद्ध रूपमा तय भएका सूचकहरूका आधारमा बालमैत्री गाउँ विकास समिति तथा नगरपालिका बनाउने अभियान अगाडि बढाएको छ ।

तालिका नं ३.३७: बालमैत्री गाविस, नगरपालिका कार्यक्रम सञ्चालन गरिएका गाविस, नगरपालिकाहरू

| **क्र.सं.** | **जिल्ला** | **गाविस,नपा** |
|---|---|---|
| १ | इलाम | गोदक |
| २ | सुनसरी | इनरुवा नपा |
| ३ | मोरङ | तेत्तरिया |
| ४ | धनकुटा | घोर्लीखर्क |
| ५ | बारा | महेशपुर |
| ६ | सिन्धुली | हर्साई |
| ७ | पर्सा | पर्सौनी विर्ता |
| ८ | रौतहट | गेडाइगुठी |
| ९ | मकवानपुर | फाखेल |
| १० | चितवन | मङ्गलपुर |
| ११ | रूपन्देही | हाटीफर्साटिका |
| १२ | कास्की | सार्दीखोला |
| १३ | अर्घाखाँची | वाङ्ला |
| १४ | बाँके | परसपुर |
| १५ | हुम्ला | लाली |
| १६ | कञ्चनपुर | दोधारा |
| १७ | बाग्लुङ | तिच्याङ |
| १८ | म्याग्दी | भकिम्ली |
| १९ | पर्वत | चित्रे |
| २० | बर्दिया | धधवार |
| २१ | दाङ | चौदियार |
| २२ | कैलाली | पथरैया |

*श्रोत: केन्द्रीय बालकल्याण समिति, २०६९*

### ३.२२.२ **बालमैत्री स्थानीय शासन**

बालमैत्री स्थानीय शासन बालअधिकारसम्बन्धी समग्र पक्ष (बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता) को प्रवर्द्धन गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । स्थानीय शासन प्रक्रियामा बालबालिकाको अधिकारसम्बन्धी सवाललाई समावेशी सिद्धान्तको आधारमा मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्न गराउनको लागि स्थानीय विकास मन्त्रालयको नेतृत्वदायी भूमिका हुने गरी बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०६८ तयार गरी कार्यान्वयनमा ल्याइएको छ । विगतदेखि नेपालका केही नगरपालिका र गाउँ विकास समितिहरूले नमुनाको रूपमा बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका छन् । यस्ता कार्यक्रमहरूवीच एकरूपता ल्याउन, सामन्जस्य कायम गर्न र क्षेत्र विस्तार गर्न आवश्यक यस रणनीतिको स्वीकृति पछि थप बल पुगेको छ ।

यस रणनीतिले "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका बालबालिकालाई मानेको छ । "बालमैत्री शासन" भन्नाले विनाभेदभाव (गैर विभेदीकरण), बालबालिकाको सर्बोत्तम हित, सर्वाङ्गीण विकास र सहभागिताको सिद्धान्तमा आधारित भई बालअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न राज्यको तर्फबाट गरिने समष्टिगत पद्धति र परिपाटीलाई इङ्गित गरेको छ । यसैगरी "बालमैत्री स्थानीय शासन" भन्नाले बालबचाउ, बालसंरक्षण, बालविकास र सार्थक बालसहभागिताजस्ता बालअधिकारका सवाललाई स्थानीयस्तरको नीति, योजना, संरचना, प्रणाली र कार्यप्रक्रियामा केन्द्रीय जिम्मेवारीलाई स्थानीयस्तरमा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्ने भनी व्याख्या गरिएको छ । "बालमैत्री गाउँ विकास समिति/नगरपालिका/जिल्ला" भन्नाले बाल सहभागितालाई सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ मा आधारित भई स्थानीय निकाय आफैँले आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी निर्धारण गरेका न्यूनत्तम सूचकहरू सुनिश्चित गरी सम्बन्धित परिषदबाट बालमैत्री स्थानीय निकाय भनि घोषणा गरिएको गाविस/नगरपालिका/जिल्लालाई मानिने कुरा उल्लेख गरिएकोछ ।

***बालमैत्री स्थानीय शासनको संस्थागत संरचना***

स्थानीय निकायबीच समन्वय गरी स्थानीय विकास प्रक्रियामा सहजीकरणको कार्य गरिरहेको स्थानीय विकास मन्त्रालयले बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि नेतृत्वदायी भूमिका निर्वाह

गर्नेछ । बालमैत्री स्थानीय शासनको लागि नीतिगत वकालत गर्ने, बालअधिकारको संस्थागत विकासको लागि अन्य निकायहरूलाई मूल प्रवाहीकरण गर्ने, आवधिक र दीर्घकालीन योजना बनाउने, बालमैत्रीसम्बन्धी सूचकहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, स्थानीय निकायको वित्तीय स्रोतबाट बालमैत्री शासन पद्धति र सेवा प्रवाहमा स्रोत विनियोजन तथा उपयोगको सुनिश्चितता गराउने, अनुदान उपलव्ध गराउने, विषयगत मन्त्रालयहरूलाई बालमैत्री योजना तर्जुमा गर्न समन्वय र सहकार्य गर्नेजस्ता कार्य गर्न स्थानीय विकास मन्त्रालयले संस्थागत व्यवस्था मिलाउने छ ।

राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय र मातहतका निकायहरू, केन्द्रीय बालकल्याण समिति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार र निजी क्षेत्रले बालमैत्री शासन प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्नेछन् ।

बालमैत्री स्थानीय शासन कार्यक्रमलाई संस्थागत रूपमा व्यवस्थित गरी समन्वयात्मक ढङ्गबाट कार्यान्वयन गर्न केन्द्रस्तरमा "बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति" जिल्लास्तरमा "बालमैत्री स्थानीय शासन जिल्ला समिति" तथा नगर र गाउँस्तरमा "बालमैत्री स्थानीय शासन नगर/गाउँ समिति" गठन गरिनेछ । साथै समुदायस्तरमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न समुदायस्तरीय समिति गठन र सञ्चालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।

***न्यूनतम सूचक***

बालअधिकारमा आधारित बालमैत्री स्थानीय शासनसम्बन्धी यसले बालबचाउ, बालसंरक्षण, बालविकास, बालसहभागिताका विभिन्न पक्षलाई समेटी न्यूनत्तम सूचकहरू निर्माण गरेको छ । यसै रणनीतिको अनुसूची २ मा आधारित भई निर्धारण गरेको सूचकमध्ये न्यूनत्तम् ८० प्रतिशत सूचक हासिल गर्ने बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय निकायको परिषद्ले आफ्नो क्षेत्र (जिल्ला/नगर/गाउँ) लाई बालमैत्री स्थानीय निकाय भनि घोषणा गर्न सक्ने व्यवस्था गरिएको छ ।

## ***बालमैत्री स्थानीय शासन कार्यान्वयन गरिएका स्थानीय निकाय***

हाल निम्नलिखित ३३ जिल्लाका १५ नगरपालिका र ३०० गाविसमा बालमैत्री स्थानीय शासन कार्यान्वयनमा ल्याइएको छ ।

**तालिका नं ३.३८**

| DACAW/CFLG | CFLG | CFLG/ **नगरपालिका** |
|---|---|---|
| १. जुम्ला | १. काभ्रे | १. पोखरा |
| २. दाङ | २. कास्की | २. व्यास |
| ३. उदयपुर | ३. तनहुँ | ३. इनरूवा |
| ४. डडेल्धुरा | ४. सुनसरी | ४. भरतपुर |
| ५. सप्तरी | ५. चितवन | ५. रत्ननगर |
| ६. पाँचथर | ६. मोरङ | ६. तुल्सीपुर |
| ७. नवलपरासी | ७. ललितपुर | ७. घोराही |
| ८. पर्सा | ८. काठमाडौँ | ८. त्रियुगा |
| ९. डोल्पा | ९. झापा | ९. अमरगढी |
| १०. अछाम | १०. दोलखा | १०. राजविराज |
| ११. मुगु | ११. कञ्चनपुर | ११. विराटनगर |
| १२. रूकुम | १२. भक्तपुर | १२. ललितपुर |
| १३. बाजुरा | १३. लमजुङ | १३. भिमदत्त |
| १४. हुम्ला | १४. बाग्लुङ | १४. नेपालगञ्ज |
| १५. जाजरकोट | १५. रूपन्देही | १५. गुलरिया |
| १६. कालिकोट | | |
| १७. बझाङ | | |
| १८. कपिलवस्तु | | |
| गा.वि.स. सङ्ख्या : ३०० | | |

*श्रोतः स्थानीय विकास मन्त्रालय, २०६९*

## ३.२३ आपतकालीन मानवीय राहत कोष र यसको परिचालन

आपतमा परेका बालबालिकालाई तत्काल संरक्षण र सहयोग गर्न आपत्कालीन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७ जारी गरी महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिवको अध्यक्षतामा सञ्चालक समिति रहने गरी आपत्कालीन बालउद्धार कोषको स्थापना गरिएको छ । मन्त्रालयबाट यस वर्ष आठ जना बालबालिकालाई सहयोग पुर्‍याइएको छ । केन्द्रीय बालकल्याण समितिले सबै जिल्ला बालकल्याण समितिमा ७५ हजारका दरले रकम पठाई जिल्लामा बाल उद्धार/आपत्कालीन मानवीय राहत सहयोग कोष खडा गरेका छन् ।

आपत्कालीन रूपमा सहयोग र उद्धार गर्नका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, समिति, परिषद् तथा अन्य निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरूद्वारा पनि आपतकालीन कोष खडा गरी सहयोग परिचालन गरिएका छन् । जिल्लागतरूपमा प्राप्त विवरणअनुसार यस्तो कोषबाट १,०२९ जना बालबालिकालाई आपतकालीन राहत उपलब्ध गराइएको छ । यस्तो कोष स्थापना हुनुले तत्काल सहयोग गर्नुपर्ने आपतमा परेका बालबालिकालाई ठूलो सहयोग पुगेको देखिएको छ ।

**तालिका नं. ३.३९: जिल्लामा स्थापना गरिएका आपत्कालीन राहतकोषबाट लाभान्वित बालबालिकाको सङ्ख्यात्मक विवरण**

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बालिका | ३७७ | ३८.९५ |
| बालक | ३९१ | ६१.०५ |
| नखुलेको | २९१ | - |
| जम्मा | १०२९ | |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९ (४३ जिल्लाबाट प्राप्त जसमध्ये २५ जिल्लाबाट माथि उल्लिखित तथ्याङ्क प्राप्त)*

# परिच्छेद ४

## ४. बाल विकास

बालबालिकाले बाँच्न पाएर, शोषण दुर्व्यवहार लगायतबाट संरक्षण पाएर मात्रै हुँदैन, उचित जीवनस्तरमा रहेर शारीरिक मानसिक विकास गर्न पाउनु पनि प्रत्येक बालबालिकाको आधारभूत अधिकार हो । प्रारम्भिक बालविकास देखि गुणस्तरीय शिक्षा पाउनु बालविकासको एक मूल आधार हो । बालअधिकार सम्बन्धी महासन्धिका धारा २८, २९ ले कम्तिमा प्राथमिक तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्ने तथा शिक्षा मानवअधिकारको सम्मान गर्न र स्वावलम्बी बनाउन सक्ने खालको हुनुपर्ने भन्ने लगायतका दायित्व राज्यले पूरा गर्नुपर्ने उल्लेख गरेको छ । सन् २०१५ सम्ममा 'सबैका लागि शिक्षा' को विश्व अभियानमा नेपाल पनि सक्रिय रहेकोछ । हालका वर्षहरूमा नेपालको शिक्षा क्षेत्रमा खास गरी शिक्षाको पहुँचमा केही प्रगति भएको देखिन्छ । नेपालको अन्तरिम संविधानले शिक्षालाई मौलिक हकभित्र राख्दै कानुनमा व्यवस्था भएबमोजिम प्रत्येक समुदायलाई मातृभाषामा शिक्षा पाउने तथा प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हकको व्यवस्था गरेको छ ।

### ४.१ शिक्षा

केही शैक्षिक तथ्याङ्कहरू

- नेपालमा ३३,४०४ वटा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालित छन् । जसमध्ये २८,७७३ सामुदायिक र ४,६३१ संस्थागत रहेका छन् । गत वर्ष प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ३१,०८९ थियो ।

- प्रारम्भिक बालविकास केन्द्रको कुल भर्ना दर गत वर्ष भन्दा झण्डै तीन प्रतिशतले वृद्धि भई यस वर्ष ७२.९ प्रतिशत रहेको देखिन्छ । जसमध्ये बालिकाहरूको कुल भर्ना दर ७२.१ र बालकको कुल भर्ना दर ७३.६ पुगेको छ ।

- यो वर्ष कक्षा १ मा प्रारम्भिक बालविकास केन्द्रको अनुभव भएका बालबालिका आउने दर गत वर्षभन्दा दुई प्रतिशतले वृद्धि भई ५४.३ प्रतिशत रहेको छ, जसमा बालिकाहरूको प्रतिशत ५५.२ र बालकहरूको ५३.५ रहेको छ ।

- यस वर्ष देशका कुल ३४,३६१ विद्यालय छन्, जसमध्ये ८३५ धर्मिक विद्यालय (मदरसा, गुम्बाविहार र गुरुकुल आश्रम) छन् । आधारभूत तह सञ्चालन हुने विद्यालयको सङ्ख्या ३४,०६६ र माध्यमिक तह सञ्चालन हुने विद्यालयको सङ्ख्या ८,२३३ रहेको छ । गत वर्ष कुल ३३,१६० विद्यालयहरू थिए ।

- यस वर्ष प्राथमिक (कक्षा १-५) तहमा ४७,८२,८८५, निम्न माध्यमिक (कक्षा ६-८)तहमा १८,१२,६८०, तथा आधारभूत (कक्षा १-८) तहमा ६५,९५,५६५ बालबालिका अध्ययनरत रहेका छन् । यो सङ्ख्या गत वर्षको तुलनामा प्राथमिक तहमा ३.४ प्रतिशत ले घटेको छ भने निम्न माध्यमिक तहमा ६.६ प्रतिशतले बढेको छ । माध्यामिक तह (कक्षा ९-१०) मा ८,४८,५६९ र उच्च माध्यामिक (कक्षा ११-१२)मा ३,५३,३३८ विद्यार्थी रहेका छन् ।

- आधारभूत तहमा गत वर्ष भन्दा थोरै वृद्धि भई कुल विद्यार्थीहरूमध्ये १९.०७ प्रतिशत दलित समुदायका र ३८.५ प्रतिशत जनजाति समुदायका छन् ।

- कुल विद्यार्थीहरूमध्ये प्राथमिक तहमा ५१,७६६ जना (कुल भर्नाको १.१ प्रतिशत), निम्नमाध्यमिक तहमा १५,३३२ (०.८ प्रतिशत ) र आधारभूत तहमा ६७,०९८ (१.० प्रतिशत) विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिका अध्ययन गर्दछन् ।

- यस वर्ष खुद भर्नादर वृद्धि भई प्राथमिक तहमा ९५.१ प्रतिशत (गत वर्ष ९४.५), निम्नमाध्यमिक तहमा ७०.० प्रतिशत (गत वर्ष ६९.३),तथा आधारभूत तहमा ८६.६ प्रतिशत (गत वर्ष ८६), माध्यमिक तहमा ५२.१ (गत वर्ष ४६.५), उच्च माध्यमिक तहमा ९.४ प्रतिशत (गत वर्ष ७.८) पुगेको छ ।


- विद्यालय छाड्ने दर प्राथमिक तहमा गत वर्षको ६.० प्रतिशतबाट केही घटेर ५.४ प्रतिशत रहेको छ भने निम्नमाध्यमिक तहमा ६.४ बाट केही बढेर ६.५ प्रतिशत रहेको छ ।

- कुल टिकाउ दर कक्षा ५ को ८२.८ तथा कक्षा ८ को ६७.५ प्रतिशत रहेको छ ।

- सामुदायिक विद्यालयमा पूर्ण तालिम प्राप्त शिक्षकहरू प्राथमिक तहमा ९४.१ प्रतिशत, निम्न माध्यामिक तहमा ७९.९ र माध्यामिक तहमा ९०.१ प्रतिशत छन् ।
- शैक्षिक शत्र २०११।१२ शुरु भएको दोश्रो हप्तासम्ममा सबै पाठ्यपुस्तक पाउने विद्यार्थी प्राथमिक तहमा ६९.४ प्रतिशत (गत वर्ष ६६.३), निम्नमाध्यामिक तहमा ६८.५ (गत वर्ष ६५.८) र माध्यामिक तहमा ५९.९ (गत वर्ष ३५.५) प्रतिशत छन् ।

शिक्षा विभाग, फ्ल्यास १ रिपोर्ट, २०६९

**चित्र ४.१: विद्यार्थी खुद भर्ना दर, विद्यालय तह र सालअनुसार**




**तालिका नं ४.१: कक्षा १ भर्नामा प्रारम्भिक बालविकास केन्द्र अनुभव दर**

| क्षेत्र | कक्षा १ भर्नामा बालविकासको अनुभव दर (प्रतिशतमा) | | |
|---|---|---|---|
| | बालिका | बालका | जम्मा |
| हिमाल | ४४.१ | ४२.८ | ४३.५ |
| पहाड | ५३.७ | ५२.४ | ५३ |
| काठमाडौं उपत्यका | ५७.७ | ५३.१ | ५५.३ |
| तराई | ५८.२ | ५६.३ | ५७.२ |
| **जम्मा** | **५२.२** | **५३.५** | **५४.३** |

### तालिका नं. ४.२: शैक्षिक तहका आधारमा विद्यालय सङ्ख्या (धार्मिक विद्यालयबाहेक)

| शैक्षिक तह | सामुदायिक विद्यालय (सङ्ख्या तथा प्रतिशत) | संस्थागत विद्यालय (सङ्ख्या तथा प्रतिशत) | जम्मा |
|---|---|---|---|
| प्राथमिक (१–५) | २८०७५ (८२.८६) | ४९८३ (१४.७०) | ३३८८१ |
| निम्न माध्यमिक तह (६–८) | १०४३१ (७५.६३) | ३३१७ (२४.०५) | १३७९१ |
| आधारभूत (१–८) | २८२२८ (८३.०३) | ५००३ (१४.६८) | ३४०६६ |
| माध्यमिक तह (९–१०) | ५५२५ (६९.७२) | २३९९ (३०.२७) | ७९२४ |
| उच्च माध्यमिक तह (११–१२) | २४९५ (७३.४४) | ८८४ (२६.१६) | ३३७९ |
| माध्यमिक तह (९–१२) | ५५२५ (६७.२२) | १६९४ (२०.६१) | ८२१९ |

### तालिका नं. ४.३: धार्मिक विद्यालयहरूको सङ्ख्या तथा तह

| धार्मिक विद्यालयहरू | विद्यालय सङ्ख्या तथा तह | | |
|---|---|---|---|
| | प्राथमिक | निम्नमाध्यमिक | आधारभूत तह |
| मदरसा | ७१२ | २४ | ७१४ |
| गुम्बा/विहार | ७७ | ४ | ७८ |
| आश्रम/गुरुकुल | ३४ | १५ | ४३ |
| जम्मा | ८२३ | ४३ | ८३५ |

### तालिका नं ४.४: शैक्षिक तहका आधारमा विद्यार्थी सङ्ख्या

| शैक्षिक तह विद्यार्थी सङ्ख्या | बालिका | बालक | जम्मा | बालिका भर्ना प्रतिशत |
|---|---|---|---|---|
| प्राथमिक (१–५) | २४११८४९ | २३७१०३६ | ४७८२८८५ | ५०.४ |
| निम्न माध्यमिक तह (६–८) | ९१४९०० | ८९७७७१ | १८१२६८० | ५०.५ |
| आधारभूत (१–८) | ३३२६७५८ | ३२६८८०७ | ६५९५५६५ | ५०.४ |

**तालिका नं ४.५: विद्यार्थी भर्ना विवरण (सामुदायिक तथा संस्थागत विद्यालय)**

| विद्यालयको प्रकार | प्राथमिक (१–५) | | | निम्न माध्यमिक तह (६–८) | | | आधारभूत (१–८) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| सबै सामुदायिक | २११९८९५ | १९९१७८४ | ४१११६७९ | ७९९३०१ | ७४७३४६ | १५४६६४७ | २९१९१९६ | २७३९१३० | ५६५८३२६ |
| संस्थागत | २९१९५४ | ३७९२५२ | ६७१२०६ | ११५६०८ | १५०४२५ | २६६०३३ | ४०७५६२ | ५२९६७७ | ९३७२३९ |
| जम्मा | २४११८४९ | २३७१०३६ | ४७८२८८५ | ९१४९०९ | ८९७७७१ | १८१२६८० | ३३२६७५८ | ३२६८८०७ | ६५९५५६५ |

**तालिका नं ४.६: तालिम प्राप्त शिक्षक प्रतिशत विवरणः**

| तालिम विवरण | प्राथमिक तह | निम्न माध्यमिक तह | माध्यमिक तह (९–१०) | उच्च माध्यमिक तह (११–१२) |
|---|---|---|---|---|
| पूर्ण तालिम प्राप्त | ९२.६ | ७७.३ | ८६.७ | ६२ |
| आशिंक तालिम प्राप्त | ४.२ | ५.२ | ५.८ | ९.५ |
| तालिम अप्राप्त | ३.२ | १७.५ | ७.५ | २८.५ |

*श्रोतः फ्ल्यास १ रिपोर्ट, २०६९, शिक्षा विभाग*

मातृभाषाको शिक्षालाई प्रवर्द्धन गर्ने क्रममा २१ भाषाका पाठ्यपुस्तक विकास गरिएको छ। कक्षा १ देखि ५ सम्मका १४ भाषा (मैथिली भोजपुरी, अवधी, तामाङ, लिम्बू, बान्तावा राई, चाम्लिङ राइ, शेर्पा, गुरुङ, मगर, नेवार, थारु, सुनुवार, राजवंशी) बनेका छन् भने याक्खाको ४ कक्षासम्म, मुगाली, तामाङ (सम्बोटा लिपि) को २ कक्षासम्म, थारु (मध्यक्षेत्र), धिमाल, मगर (अठार मगरात) को १ कक्षाका पाठ्यपुस्तक विकास गरिएको छ।

शिक्षा मन्त्रालयले सहिद प्रतिष्ठान नेपाल मार्फत् ५ वटै विकास क्षेत्रमा शहीद परिवारका बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन गर्ने अनुमति प्रदान गरी कार्य सुरु गरेको छ। सुनसरी, दोलखा, कास्की, दाङ र डोटीमा रहेका पाँच विद्यालयमा ११०६ जना बालबालिका रहेका छन्। (आर्थिक सर्वेक्षण, २०६९)

## एसएलसी परीक्षा

नेपालमा हालसम्म राज्यद्वारा लिईने सार्वजनिक परीक्षाका रूपमा रहेको एसएलसी अन्तर्राष्ट्रिय क्षेत्रमा पनि मान्यता प्राप्त परीक्षा हो । यस परीक्षालाई बालबालिकाको शिक्षाको एक मुल ढोका मानिदै आएको छ । विद्यालय सुधार योजना (SSRP) ले आधरभूत शिक्षा कक्षा ८ सम्म र माध्यमिक शिक्षा ९-१२ सम्मलाई मानेर सोहीअनुरूप कार्यान्वयन प्रक्रिया अगाडि बढाए पनि हालसम्म एसएलसी विद्यालयस्तरका सर्वथा महत्वपूर्ण परीक्षाका रूपमा रहेको छ । विगतका केही परीक्षाका नतिजा हेर्दा देशमा चलेका ठूला राजनैतिक आन्दोलनका वर्षको उर्तिण नतिजा केही बढी रहेको पाइन्छ । उदाहरणका लागि २०४५ साल अगाडिसम्म ३०-३६ प्रतिशतको हाराहारीमा रहेको एसएलसी उर्त्तिण नतिजा २०४६ मा ४४.१३ प्रतिशत तथा २०४७ मा ४८.४७ प्रतिशत पुगेको देखिन्छ, भने २०४८ बाट पुनः घटेर २४.५६ र २०४९ मा ३९.४९ प्रतिशत रहेको पाइन्छ । यसैगरी २०६२ अगाडीका केही वर्षहरूमा ४० प्रतिशतको हाराहारीमा रहेको नतिजा २०६३ साल पछि ६० प्रतिशतको हाराहारीमा पुगेको छ । यस तथ्याङ्कलाई हेर्दा २०४५।०४६ र २०६२।०६३ का जनआन्दोलनसँग सम्बन्धित रहेको देखिन आउँछ । विगत पाँच वर्षको एस.एल.सी नतिजालाई हेर्दा पछिल्ला वर्षहरूमा नतिजा खस्कदै गएको छ ।

**तालिका नं ४.७: एसएलसी परीक्षा नतिजा**

| वर्ष | नियमित (Regular) | | आंशिक (Exempted) | | पुरक (Supplementary) | |
|---|---|---|---|---|---|---|
| | सहभागी सङ्ख्या | उतिर्ण प्रतिशत | सहभागी सङ्ख्या | उतिर्ण प्रतिशत | सहभागी सङ्ख्या | उतिर्ण प्रतिशत |
| २०६४ | ३०४०७८ | ६३.७३ | ५९९६३ | ३२.२४ | १०३५२७ | ८१.७१ |
| २०६५ | ३४२६३२ | ६८.४७ | ४५८९० | ४७.६९ | ९३१८९ | ७१.४१ |
| २०६६ | ३८५१४६ | ६४.३१ | ४१९०५ | २९.१८ | १०३७५२ | ६७.८५ |
| २०६७ | ३९७७५९ | ५५.५ | ५६२६३ | १७.३ | १२२४७३ | ६४.०२ |
| २०६८ | ४१९०४९ | ४७.१६ | ७६९७९ | १३.७ | | |

*श्रोतः वार्षिक शैक्षिक पत्रिका २०६९, परीक्षा नियन्त्रण कार्यालय*

नेपालमा बृहत अर्थमा हेर्दा दुई खालका विद्यालय-सामुदायिक वा सार्वजनिक विद्यालय (बोलिचालीमा सरकारी विद्यालय) र संस्थागत विद्यालय (बोलिचालीमा निजी वा बोर्डिङ स्कुल) रहेको र बालालिकाले प्राप्त गर्ने शिक्षा पनि दुई थरी रहेको भनिंदै आएको छ । एसएलसीको नतिजाले पनि यस कुरालाई पुष्टी गर्न सघाएको नै पाइन्छ ।

**तालिका नं ४.८: एसएलसी परीक्षाको नतिजा सामुदायिक तथा निजी विद्यालयका आधारमा**

| विवरण | जम्मा सहभागी | सामुदायिक विद्यालय | निजी विद्यालय | राष्ट्रिय योगदान | | वर्ष |
|---|---|---|---|---|---|---|
| | | | | सामुदायिक | निजि | |
| सहभागी | ३०७०७८ | २४७१३२ | ५९९४६ | ८०/४८ | १९/५२ | २०६४ |
| उतिर्ण | १९५६८९ | १४१८५७ | ५३८३२ | ७२/४९ | २७/५१ | |
| उतिर्ण प्रतिशत | | ५७.४ | ८९.८ | | | |
| सहभागी | ३३५९०६ | २६९०२५ | ६६८८१ | ८०/०९ | १९/९१ | २०६५ |
| उतिर्ण | २३१९५३ | १७१२०२ | ६०७५१ | ७३/८१ | २६/१९ | |
| उतिर्ण प्रतिशत | | ६३.६४ | ९०.८३ | | | |
| सहभागी | ३८५१४६ | ३०९०१३ | ७६१३३ | ८०/२३ | १९/७७ | २०६६ |
| उतिर्ण | २४७६८९ | १७७८५६ | ६९८३३ | ७१/८१ | २८/१९ | |
| उतिर्ण प्रतिशत | | ५७.५६ | ९१.७३ | | | |
| सहभागी | ३९२२२४ | ३०७६११ | ८४६१३ | ७८/४३ | २१/५७ | २०६७ |
| उतिर्ण | २१९१३७ | १४३४०० | ७५७३७ | ६५/४४ | ३४/५६ | |
| उतिर्ण प्रतिशत | | ४६.६२ | ८९.५१ | | | |
| सहभागी | ४१९०४९ | ३२६६३३ | ९२४१६ | ७७/९५ | २२/०५ | २०६८ |
| उतिर्ण | १९७७६४१ | ११९१९८ | ७८४४३ | ६०/३१ | ३९/६९ | |
| उतिर्ण प्रतिशत | | ३६.४९ | ८४.८८ | | | |

*श्रोतः परीक्षा नियन्त्रण कार्यालय, २०६८*

माथिको तालिकाबाट हेर्दा सामुदायिक विद्यालयले राष्ट्रिय रूपमा ८० प्रतिशतको हाराहारीमा योगदान पुऱ्याएको छ, अर्थात् नेपालका ८० प्रतिशत बालबालिका सामुदायिक विद्यालयमा पढ्दछन्, जसमा आधाभन्दा कममात्रै उर्त्तिण हुन्छन् । गत वर्ष यो ४६.६२ प्रतिशत थियो, भने यस वर्ष घटेर ३६.४९ प्रतिशतमा आइपुगेको छ । संस्थागत विद्यालयको राष्ट्रिय योगदान करिब २० प्रतिशतको हाराहारीमा मात्र रहेको छ। यसको उर्त्तिण दर भने ८०-९० प्रतिशतको हाराहारीमा रहेको देखिन्छ । यो दर अघिल्लो वर्ष ८९.५१ प्रतिशत थियो भने यो वर्ष ८४.८८ प्रतिशत रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने हालका वर्षहरूमा एसएलसी नतिजामा दुवै विद्यालयमा ह्रास आएको छ । त्यसमा पनि अधिक बालबालिका अध्ययन गर्ने सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर द्रुत गतिमा खस्की रहेको छ र विद्यार्थी सङ्ख्या पनि क्रमिक रूपमा घटिरहेकोछ । समयमा नै यसतर्फ उचित ध्यान जान नसकेमा बालबालिकाको शिक्षाको अधिकारमा उपलब्धी हासिल गर्‍यौँ भन्न नसकिने अवस्था रहन जान्छ ।

### ४.२ **नेपालमा पुस्तकालय**

बालबालिकाको विकासका लागि उनीहरूले विद्यालय शिक्षाबाट पाउने ज्ञानका अतिरिक्त अन्य जीवनजगतका ज्ञान, सूचना, जानकारी पाउनुपर्दछ । बालबालिकाको लागि पुस्तकालय फुर्सदको समयमा पढ्न जाने, समाचारबारे जानकारी लिन जाने र अन्य बाहिरी ज्ञान लिन जाने एक महत्वपूर्ण स्थान हो । पुस्तकालयमा विभिन्न प्रकारका पाठ्यपुस्तकका अतिरिक्त विभिन्न विषयगत पुस्तक, पत्रपत्रिका, साहित्यक, कला तथा अन्य धेरै विषयका अध्ययन सामाग्रीहरू राखिएका हुन्छन् । कतिपय पुस्तकालयमा दृष्टिविहीनका लागि श्रव्य सामग्रीहरूको पनि व्यवस्था गरिएको पाइएको छ भने केही पुस्तकालयमा बालमनोरञ्जन कक्षसमेतको व्यवस्था गरिएको पनि छ । नेपालमा करिब २,००० को सङ्ख्यामा सामुदायिक पुस्तकालय भएको अनुमान गरिएको छ, तर यसको वास्तविक सङ्ख्या एकमुष्ठ रूपमा पत्ता लगाउन सकिने व्यवस्थित अभिलेख कतै छैन । मुलुकका हरेक उमावि र क्याम्पसहरूमा पनि पुस्तकालयको व्यवस्था गरिएको छ भने ३० प्रतिशत विद्यालयहरू पुस्तकालयको सुविधा भएको मानिएको छ । विभिन्न जिल्लाबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६९ का अनुसार नेपालमा २८ वटा बालक्लब स्तरीय पुस्तकालय (गत वर्ष १८), ९८ वटा सामुदायिक (गत वर्ष४७), १,७३३ वटा विद्यालयस्तरीय (गत वर्ष १,४६४) र १६ वटा अन्य प्रकारका (गत वर्ष २२) गरी जम्मा १,८७५ वटा पुस्तकालय रहेको विवरण प्राप्त भएको छ । जुन समग्रमा गत वर्षको १,५५१ वटा भन्दा २१ प्रतिशत बढी देखिन्छ ।

## तालिका नं ४.९: पुस्तकालयसम्बन्धी विवरण

| क्र.स. | जिल्ला | पुस्तकालय सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | बालक्लब | सामुदायिक | विद्यालयस्तरीय | अन्य | जम्मा |
| | नेपाल | २८ | ९८ | १७३३ | १६ | १८७५ |
| १ | इलाम | ० | २ | ० | ० | २ |
| २ | तेह्रथुम | ० | २ | २२ | ० | २४ |
| ३ | उदयपुर | ० | २ | २ | ० | ४ |
| ४ | सिराहा | ० | २ | ० | ० | २ |
| ५ | सिन्धुली | ५ | १ | २०० | ० | २०६ |
| ६ | चितवन | १ | १ | ० | १ | ३ |
| ७ | रौतहट | ० | ४ | १८ | ० | २२ |
| ८ | मकवानपुर | ० | १ | ० | १ | २ |
| ९ | काठमाडौं | ० | ० | ३०१ | ० | ३०१ |
| १० | सिन्धुपाल्चोक | ० | २३ | ० | ० | २३ |
| ११ | रूपन्देही | ० | ० | ० | २ | २ |
| १२ | नवलपरासी | ० | १३ | २०७ | ० | २२० |
| १३ | लमजुङ | ३ | १ | १५० | ० | १५४ |
| १४ | स्याङ्जा | ० | ११ | ७७ | ० | ८८ |
| १५ | म्याग्दी | ० | १ | २०६ | ० | २०७ |
| १६ | पर्वत | ० | ४ | १६१ | ० | १६५ |
| १७ | दाङ | ० | ० | १३४ | ० | १३४ |
| १८ | रोल्पा | ३ | १ | २ | ० | ६ |
| १९ | सुर्खेत | ६ | ४ | १०३ | ० | ११३ |
| २० | बांके | १ | ४ | २० | १ | २६ |
| २१ | कालीकोट | ९ | १८ | ४५ | ० | ७२ |
| २२ | मुगु | ० | ० | ३० | ० | ३० |
| २३ | जुम्ला | ० | १ | ० | ० | १ |
| २४ | कैलाली | ० | ० | ३२ | ११ | ४३ |
| २५ | अछाम | ० | ० | २३ | ० | २३ |
| २६ | कञ्चनपुर | ० | २ | ० | | २ |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९*

### ४.३. मनोरञ्जनस्थलहरू

बालबालिकाको विकासका लागि खेल, मनोरञ्जन, फुर्सद र आराम लिन पाउनुपर्दछ । तसर्थ बालबालिकाको स्वभाविक विकासको लागि फुर्सदका बेलामा खेल्ने, रमाउने स्थानहरू हुनु जरुरी हुन्छ । नेपालमा बालबालिकाको निम्ति सुहाउँदा र व्यवस्थित बालउद्यान, पार्कजस्ता मनोरञ्जनस्थलको अभाव देखिन्छ । भएका कतिपयको  पनि व्यवस्थित सञ्चालन हुन सकेको पाइदैन भने बालमैत्री पनि हुन नसकेका वा वयस्कहरूको अतिक्रमणमा परेका पाइन्छन् । खासगरी शहरी क्षेत्रहरूमा बालबालिकाका लागि खुला स्थानको अत्यन्त अभाव रहेको छ, त्यसैले बन्दको मौका छोपी बालबालिका सडकमा खेल्ने गरेका दृश्यहरू पनि धेरै देखिन्छ । जिल्लागतरूपमा प्राप्त विवरणअनुसार यस्ता मनोरञ्जनस्थलहरू १३ जिल्लामा ५४ (गत वर्ष ४७) वटा रहेको देखिएको छ ।

**तालिका नं ४.१०: मनोरञ्जन स्थलको सङ्ख्यात्मक विवरण**

| क्र.स. | जिल्ला | मनोरञ्जनस्थल |
|---|---|---|
| | जम्मा | ५४ |
| १ | मकवानपुर | ३ |
| २ | काठमाडौं | ६ |
| ३ | ललितपुर | ४ |
| ४ | रूपन्देही | ४ |
| ५ | नवलपरासी | १६ |
| ६ | लमजुङ | १० |

| क्र.स. | जिल्ला | मनोरञ्जनस्थल |
|---|---|---|
| ७ | तनहु | २ |
| ८ | दाङ | १ |
| ९ | रोल्पा | ० |
| १० | रुकुम | १ |
| ११ | सुर्खेत | ३ |
| १२ | बाके | ४ |
| १३ | कञ्चनपुर | १ |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९*

वर्तमान युग सञ्चारको युग भएका कारण बालबालिकाहरूको पनि पहुँच विभिन्न आधुनिक सञ्चारका माध्यमसम्म पूगीसकेको छ । सिनेमा, टीभी, इन्टरनेट जस्ता आधुनिक सञ्चारमाध्यमले बालबालिलाई बढी आकर्षित पनि गर्छ भने त्यतिकैमात्रामा प्रभावित पनि पार्दछ । तसर्थ यस्ता माध्यमबाट बालबालिकाको उचित विकास हुनेखालका सामाग्रीहरू प्रवाहित हुनु आवश्यक छ । नेपालमा बालबालिका केन्द्रित सिनेमाहरू तथा इन्टरनेट अनलाइनका सामग्रीहरूको अभाव रहेको छ । शहर होस् ग्रामीणक्षेत्र सबैतिर बालसुलभ स्वास्थ र बालअधिकार सम्मत मनोरञ्जनात्मक क्रियाकलापहरूको कमिरहेको पाइन्छ ।

# परिच्छेद ५

## ५. बालसहभागिता

बालबालिका पनि राज्यका नागरिक हुन् र उनीहरूको पनि आफ्नो पहिचानको अधिकार हुन्छ । बालबालिकासँग सम्बन्धित विषयहरूमा निर्णय गर्दा उनीहरूको विचार भावना सुन्ने र सोको यथोचित कदर गरिनु तथा बालअधिकार सम्मत गतिविधिहरूमा, संघसंस्थामा सहभागि हुन पाउनु बालबालिकाको अधिकार हो । बालअधिकार सम्बन्धि महासन्धिको अनुमोदन पश्चात नेपालमा बालसहभागितामा उल्लेख्य वृद्धि भएको छ । बालबालिकाको विचार र भावनालाई कदर गर्ने गरी उनीहरूको सहभागिता घरपरिवार, समाज हुँदै राष्ट्र्यस्तरसम्म हुन जरुरीछ । बालबालिकाको सङ्गठित हुने अधिकारको उपभोग गर्दै नेपालमा १३,३३१ को सङ्ख्यामा बालबालिकाका समूह, क्लब, बालअधिकार मञ्चहरू क्रियाशील रहेका छन् । जसमा करिब ३ लाख ५० हजार बालबालिका आबद्ध भएको अनुमान छ । बालबालिकाको सङ्गठित हुने अधिकारलाई स्थापित गर्ने क्रममा जिल्ला प्रशासन कार्यालय, नवलपरासीले जागृति बालक्लब दर्ता नगरिदिएपछि सो सम्बन्धमा परेको रिटमा सर्वोच्च अदालतबाट मिति २०५८/०४/२५ मा उत्प्रेषणयुक्त परमादेश जारी गरी बालबालिकाका सङ्गठित हुन पाउने अधिकारलाई मान्यता दिइएको पाइन्छ । हाल बालक्लब व्यवस्थित गर्न केन्द्रीय बालकल्याण समितिले बालसहभागिता निर्देशिका, २०६२ जारी गरेको छ भने जिल्ला बालकल्याण समितिहरूले बालक्लबहरूलाई आबद्धता दिने गरेका छन् । बालबालिका निम्ति बन्ने राष्ट्रिय योजना, विभिन्न कार्ययोजनाहरूमा बालबालिका समेतको विचार भावना र प्रतिक्रियाहरू लिने प्रचलन बढेको छ । विषयगत रूपमा विभिन्न तहमा विभिन्न स्वरूपका बाल भेलाहरू गर्ने, सो निष्कर्षहरू राष्ट्रपति, प्रधानमन्त्री, संविधान सभाका अध्यक्षलगायतलाई प्रत्यक्ष भेट गर्दै सम्बन्धित निकायमा पेश गर्ने क्रम पनि बढेको छ । कतिपय गाविस, नगरपालिका, तथा जिविसका वार्षिक परिषद्हरूमा बालबालिकाका प्रतिनिधिहरूलाई पनि सहभागी गराउने क्रम बढ्दै गएको छ । कतिपय जिल्लामा विद्यालय ब्यवस्थापन समिति तथा जिल्ला बालकल्याण समिति, जिल्ला/गाउँ बालसंरक्षण तथा सम्वर्द्धन उपसमितिमा बालबालिकालाई सहभागी गराउँदै लगिएको छ । तर यी नाममात्रकै भएका छन् । बालबालिकाको वास्तविक सहभागिताको गुणस्तर के कसो छ भन्नेबारेमा ध्यान दिनु जरुरी छ ।

तर बालसहभागिताका नाममा वयस्कका जिम्मेवारी समेत बालबालिकालाई सुम्पने र बालबालिका अत्याधिक चापमा परेर आफ्नो 'बालापन' लाई गुमाउँदै "साना वयस्क" का रूपमा परिवर्तन हुँदै जाने गरेका केही उदाहरणहरू पनि पाइएका छन् । तसर्थ बालसहभागितालाई सही ढङ्गले प्रवर्द्धन गर्न मूलतः वयस्कहरू बढी जिम्मेवार र सजक रहनु पर्ने देखिएको छ भने बालबालिकालाई पनि नकारात्मक ढङ्गले सशक्तीकृत हुन सक्ने अवस्थाबाट सचेत गराइनु पर्दछ ।

बालसहभागिता र बालबालिकाको प्रयोगको विषय अत्यन्त चुनौतीपूर्ण रहन गएको छ। बालबालिकालाई राजनीतिक क्रियाकलापमा प्रयोग गर्ने देखि लिएर विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा उमेर नसुहाउँदो उत्तेजित, यौनायुक्त गीत नृत्यमा संलग्न गराउनु, कसैका स्वागत विदाईमा वा अन्य जुलुस ऱ्यालीमा लामो समयसम्म उभ्याउनु एवम् विज्ञापन लगायत सञ्चार माध्यममा बालबालिकालाई विविध ढङ्गले प्रयोग गरिनु जस्ता धेरै खालका गतिविधिहरूमा कतिखेर बालअधिकारको उल्लङ्घन भयो र कतिखेर बालसहभागिता वा बालबालिकालाई अवसर प्रदान भयो भन्ने बारेमा गम्भिर छलफल हुन जरुरी छ । साथै त्यस्ता क्रियाकलाप बालमैत्री हुन्छन् हुँदैनन् भन्ने कुरामा स्पष्टता ल्याउन पनि जरुरी छ ।

## ५.१. **नेपालमा बालक्लब**

बालबालिकाहरू सङ्गठीत भई आफूसँग सरोकार राख्ने विषयहरूमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बालअधिकारको संरक्षण प्रवर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल समूह, बाल क्लब, बालअधिकार मञ्च आदिका रूपमा बालबालिका क्रियाशील रहेकाछन् । बालक्लब बाल सहभागिताको एक सशक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ । विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएको छ।

### ५.१.१. **जिल्लागत बालक्लबको सङ्ख्या**

बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६८ तथा २०६९ का अनुसार सूचना प्राप्त भएका ५२ जिल्लामा जम्मा १३,३३१ बालक्लबहरू रहेका छन् । गतवर्ष यो सङ्ख्या १३,२९१ थियो । बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९ का अनुसार ४२ वटा जिल्ला बालकल्याण समितिमा ७४८१ बालक्लब आवद्ध भएका छन् ।

## तालिका नं ५.१: बालक्लबको सङ्ख्या

| क्र.स. | जिल्ला | जम्मा |
|---|---|---|
| १ | इलाम | ६९ |
| २ | धनकुटा | ४० |
| ३ | तेह्रथूम | ४१ |
| ४ | मोरङ | ३३० |
| ५ | सुनसरी | ४३० |
| ६ | उदयपुर | ४११ |
| ७ | सिराहा | ३३७ |
| ८ | सिन्धुली | ६९ |
| ९ | दोलखा | ६७ |
| १० | चितवन | ३४४ |
| ११ | बारा | २१० |
| १२ | पर्सा | ५१६ |
| १३ | रौतहट | २१५ |
| १४ | मकवानपूर | ३४५ |
| १५ | काठमाण्डौं | १३० |
| १६ | ललितपूर | १०६ |
| १७ | भक्तपुर | ४० |
| १८ | सिन्धूपाल्चोक | ३०० |
| १९ | धादिङ | २०० |
| २० | काभ्रे | ५२५ |
| २१ | रूपन्देही | १४१ |
| २२ | नवलपरासी | ५५० |
| २३ | पाल्पा | ७५७ |
| २४ | कास्की | ४६२ |
| २५ | लमजुङ | २७० |
| २६ | स्याङ्जा | २६८ |
| २७ | तनँहू | ५१२ |
| २८ | म्याग्दी | ४२ |
| २९ | पर्वत | ३०० |
| ३० | दाङ | ३४५ |
| ३१ | रोल्पा | ५० |
| ३२ | सल्यान | ११२ |
| ३३ | सूर्खेत | ३२२ |
| ३४ | बर्दिया | १८९ |
| ३५ | बाँके | ५२६ |
| ३६ | हूम्ला | १२७ |
| ३७ | कालीकोट | ३०२ |
| ३८ | मुगु | १८० |
| ३९ | जूम्ला | १३४ |
| ४० | कैलाली | २८६ |
| ४१ | बाजुरा | २०९ |
| ४२ | अछाम | ४२२ |
| ४३ | कञ्चनपूर | २७३ |
| ४४ | अर्घाखाँची | ११३ |
| ४५ | डोल्पा | २५ |
| ४६ | प्युठान | ६५ |
| ४७ | रूकुम | ७१ |
| ४८ | डोटी | १६४ |
| ४९ | महोत्तरी | २६५ |
| ५० | पाँचथर | ३०२ |
| ५१ | बाग्लूङ | ३०४ |
| ५२ | कपिलवस्तू | ५१८ |
| | जम्मा | १३,३३१ (गतवर्ष १३,२९१) |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९*

### ५.१.२. बालक्लबमा आबद्ध बालबालिका

४१ जिल्लाबाट प्राप्त भएको जानकारीअनुसार बालक्लबमा २,७७,५८० बालबालिका (४४ प्रतिशत बालिका) आबद्ध भएको देखिन्छ। गत वर्ष ५२ जिल्लाको तथ्याङ्कमा यो सङ्ख्या ३,३९,४४६ रहेको थियो।

तालिका नं ५.२ः बालक्लबमा आबद्ध बालबालिका

| क्र.स. | जिल्ला | बालक्लबमा आवद्ध बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| | **नेपाल** | १२२९५६ | १३३०६९ | २७७५८०* |
| १ | इलाम | ३६५ | ३५७ | ७२२ |
| २ | धनकुटा | ३४२ | २५६ | ५९८ |
| ३ | तेह्रथुम | ४१४ | ३९७ | ८११ |
| ४ | मोरङ | ११५३२ | १२३०९ | २३८४१ |
| ५ | सुनसरी | ११७९ | १७३३ | २९१२ |
| ६ | उदयपुर | ३५०४ | ३४६७ | ६९७१ |
| ७ | सिराहा | ९४३५ | ४९३८ | १४३७३ |
| ८ | सिन्धुली | ३५२ | ५०२ | ८५४ |
| ९ | दोलखा | २५९ | ४३३ | ६९२ |
| १० | चितवन | ३२५४ | ३७२९ | ६९८३ |
| ११ | बारा | ३२३५ | ४९६८ | ८२०३ |
| १२ | पर्सा | २८३० | ४०६० | ६८९० |
| १३ | रौतहट | ४७६३ | ३११६ | ७८७९ |
| १४ | मकवानपुर | १०१७ | ९२१ | १९३८ |
| १५ | काठमाडौं | ११३९ | १३६६ | २५०५ |
| १६ | ललितपुर | १४५० | १५३५ | २९८५ |
| १७ | सिन्धुपाल्चोक | २२६९ | २२६३ | ४५३२ |
| १८ | धादिङ | १०५९ | १०६९ | २१२८ |
| १९ | काभ्रे | ८२२५ | ७९१५ | १६१४० |
| २० | रूपन्देही | १३५२ | १२४९ | २६०१ |

| | | | | |
|---|---|---|---|---|
| २१ | नवलपरासी | ७३५६ | ९०६२ | १६४१८ |
| २२ | पाल्पा | ९६६३ | ११२१९ | २०८८२ |
| २३ | कास्की | ६३२५ | ५३२१ | ११६४६ |
| २४ | लमजुङ | ४७४३ | ४७६७ | ९५१० |
| २५ | स्याङ्जा | २५५३ | २७४२ | ५२९५ |
| २६ | तनहूँ | नखुलेको | नखुलेको | १०२४० |
| २७ | म्याग्दी | २८१ | २८७ | ५६८ |
| २८ | पर्वत | ९०० | १८०० | २७०० |
| २९ | दाङ | नखुलेको | नखुलेको | ११३१५ |
| ३० | रोल्पा | ६४० | ७९१ | १४३१ |
| ३१ | सुर्खेत | ३०५९ | ३२७२ | ६३३१ |
| ३२ | बर्दिया | ११६० | १२३३ | २३९३ |
| ३३ | बाँके | ५२९२ | ६११२ | ११४०४ |
| ३४ | हुम्ला | १४४८ | १०८३ | २५३१ |
| ३५ | कालीकोट | २५९८ | ३५४१ | ६१३९ |
| ३६ | मुगु | ९५० | ९८५ | १९३५ |
| ३७ | जुम्ला | ७५० | ११३७ | १८८७ |
| ३८ | कैलाली | ७००० | ९९८० | १६९८० |
| ३९ | बाजुरा | ४४० | १३२० | १७६० |
| ४० | अछाम | ३३८८ | ४१०४ | ७४९२ |
| ४१ | कञ्चनपुर | ६४३५ | ७७३० | १४१६५ |


*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९ (४३ जिल्लाबाट प्राप्त)*

* जिल्लागत रूपमा प्राप्त तथ्याङ्कमा लिङ्ग नखुलेको कारण जम्मा योगमा फरक पर्न गएको छ ।

## ५.१.३. बालक्लबहरूको आधार

बालक्लबहरू जिल्लामा विभिन्न स्थानहरूमा गठन भई क्रियाशील रहेका छन् । जसमध्ये सबैभन्दा बढी समुदायमा आधारित (५० प्रतिशत) बालक्लबहरू रहेका छने भने त्यसपछि क्रमश बिद्यालयमा आधारित (३२ प्रतिशत) रहेको पाईन्छ । केही बालक्लबहरू भने विभिन्न संघसंस्थाहरूमा आधारित भई क्रियाशील रहेका छन् ।

चित्र ५.१





*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९ (४३ जिल्लाबाट प्राप्त जसमध्ये ३५ जिल्लाबाट माथि उल्लिखित तथ्याङ्क प्राप्त)*

## ५.१.४. बालक्लबहरूको सहजीकरण

बालक्लबहरू गठन देखि सञ्चालनसम्ममा बिभिन्न निकाय तथा संघसस्थाले सहजीकरण सहयोग गर्दै आएका छन् । जसमध्ये सबैभन्दा धेरै गैर सरकारी संस्थाबाट भएको छ भने त्यस पछि जिबिसबाट पनि भएको पाइन्छ । स्वतस्फूर्त रूपमा क्रियाशिल रहेका भने निकै कम रहेका छन् ।

चित्र ५.२ः बालक्लबहरूको सहजीकरण




*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९ (४३ जिल्लाबाट प्राप्त जसमध्ये ४२ जिल्लाबाट माथि उल्लिखित तथ्याङ्क प्राप्त)*

### ५.१.५ बालक्लबहरूको सञ्जाल

बालक्लबहरूको विभिन्न तहमा नेटवर्क रहेका छन्, जसबाट उनीहरूको सरोकारका विषयलाई प्रभावकारी ढङ्गले उठाउन र प्रतिनिधित्व गर्न सहज भएकोछ ।

**तालिका नं ५.३: बालक्लबहरूको सञ्जाल**

| जिल्ला नेटवर्क | | इलाका नेटवर्क | | गाउँ नेटवर्क | |
|---|---|---|---|---|---|
| नेटवर्क सङ्ख्या | बालक्लब सङ्ख्या | नेटवर्क सङ्ख्या | बालक्लब सङ्ख्या | नेटवर्क सङ्ख्या | बालक्लब सङ्ख्या |
| ३८ | ४७४० | ५३ | ९७७ | ८१४ | ४६८० |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९ (४३ जिल्लाबाट प्राप्त जसमध्ये ४२ जिल्लाबाट माथि उल्लिखित तथ्याङ्क प्राप्त)*

## ५.२. विभिन्न संरचनाहरूमा बालसहभागिताको स्थिति

गत वर्षभन्दा यस वर्ष गत जिल्ला तथा गाउँस्तरीय संरचनामा झण्डै दोब्बर बालबालिकाको सहभागिता रहेको देखिन्छ ।

**तालिका नं ५.४: विभिन्न संरचनाहरूमा बालसहभागिता**

| संरचना | संरचनाको सङ्ख्या | बालिका | बालक | नखूलेको | जम्मा |
|---|---|---|---|---|---|
| जि.बा.क.स. | ७५ | १६ | १९ | – | ३५ |
| जि.बा.सं.स.उ.स. | ४६ | १४ | २९ | – | ४३ |
| गा.न.बा.सं.स.उ.स. | ८०० | ४०३ | ६०१ | – | १००४ |
| वि.व्य.स. | ५८५ | १५१ | १४८ | २० | ३१९ |
| जम्मा | १७५७ | ५८४ | ७९६ | २० | १३९८ |
| गतवर्षको जम्मा | १५७६ | ३२१ | ४२९ | – | ७५० |

*श्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०६९ (४३ जिल्लाबाट फाराम प्राप्त भए पनि ३९ जिल्लाबाटमात्र माथि उल्लिखित तथ्याङ्क प्राप्त भएको)*

## ५.३. सूचना तथा सञ्चारमा बालबालिकाको पहुँच

जानकारी पाउने बालबालिकाको अधिकार हो भने उनीहरू सुहाँउदो सूचना तथा जानकारीहरू उत्पादन, वितरण, प्रसारण गर्नु राज्यको दायित्व हो । हालका वर्षहरूमा बालबालिकालाई लक्षित गरेर नेपालका सञ्चारमाध्यमहरूले कार्यक्रमहरू सञ्चालन गरिरहेका, प्रकाशन गरिरहेका छन् । विद्युतीय सञ्चार माध्यमहरू रेडियो, एफ्एम्, टिभीमध्ये अधिकांशमा बालबालिकाको प्रत्यक्ष सहभागितामा अथवा वयस्कद्वारा सञ्चालन गरिएका बालबालिकासम्बन्धी कार्यक्रमहरूका माध्यमबाट बालबालिकालाई सूचना, जानकारी तथा मनोरञ्जन प्रदान गर्ने कार्य भैरहेको अवस्था छ। जिल्ला जिल्लामा एफ्.एम्, खुलेकाले (देश भरी ३१३ वटा एफ्एम् रहेको मिडिया डाइरेक्टरी, सूचना विभाग २०६९ बाट देखिन्छ) बालबालिका स्वयम्ले कार्यक्रमहरू सञ्चालन गर्ने क्रम पनि बढेकोछ। केही इन्टरनेटका सञ्चालकहरूले आफ्नो वेबसाइटमा बालबालिकासम्बन्धी सूचना तथा जानकारीहरू राख्ने समेत गरेको पाइएको छ। विद्युतीय सञ्चारमाध्यममा जस्तै छापा सञ्चारमाध्ममा पनि बालबालिकाको पहुँच बढ्दो रूपमा रहेको छ। नेपालमा २ दर्जनभन्दा बढी बालपत्रिकाहरू नियमितरूपमा प्रकाशन भैरहेका छन् भने अधिकांश पत्रपत्रिकाहरूमा पनि बालबालिकालाई सूचना, जानकारी तथा मनोरञ्जन प्रदान गर्ने प्रकारको स्तम्भ राख्ने, विशेष स्थान छुट्याउने गरिएको पाइएको छ। गाउँगाउँमा खुलेका बालक्लब तथा विद्यालयहरूमा बालबालिकाले बालभित्ते पत्रिका प्रकाशन गरी बालबालिकालाई सूचना तथा जानकारी प्रादान गर्ने प्रयास भैरहेको छ। यसका अलावा केही विद्यालयहरूमा विद्यालयको प्रार्थनाको समयमा विद्यार्थीहरूलाई सामान्य ज्ञान, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारहरूबारे जानकारी गराउने अभ्यास गरिएको पाइन्छ। यसमा बालबालिकालाई सहभागी गराइन्छ, जुन आफैंमा राम्रो अभ्यास हो। बालबालिकालाई लक्षित गरेर विभिन्न प्रकाशक, लेखक तथा प्रस्तोताहरूद्वारा सामान्य ज्ञान, विशिष्ट व्यक्तित्वको जीवनी, वैज्ञानिक तथ्यहरू, बालसाहित्यसँग सम्बन्धित प्रकाशनहरू, विशेष बाल पाठ्यसामग्रीहरू, मनोरञ्जनात्मक चुट्किला र कार्टून चित्रहरू प्रकाशन गरेर बालबालिकाको सूचना, सञ्चार र मनोरञ्जनमा पहुँचको अवस्थालाई वृद्धि गरेका छन्। बालबालिकाका लागि तयार गरिएका सामाग्रीहरू सञ्चार माध्यमले पस्कनु एउटा पक्ष हो भने सञ्चार माध्यममा बालबालिकाको पहुँच हुनु अर्को पक्ष हो। बालबालिकाका लागि तयार गरिएका सामाग्रीहरू पनि बालबालिकालागि कति उपयोगी छन्, कति बालअधिकार सम्मत छन् र कति बालमैत्री छन् र बालबालिकाले मन पराएका छन् भन्नेबारेमा गहन चिन्तन हुन जरुरी छ।

यस वर्ष सञ्चार मन्त्रालयले विद्युतीय सञ्चार माध्यमका लागि जारी गरेको २१ वटा लोककल्याणकारी विज्ञापनमा प्रत्यक्ष बालबालिका तथा किशोर किशोरीका समस्यासंग सम्बन्धित भएका चारवटा सन्देश रहेकाछन् ।

### ५.४ जन्मदर्ताः पहिचानको पहिलो खुड्किला

प्रत्येक बालबालिकालाई जन्मिएपछि आफ्नो नाम, राष्ट्रियता र पहिचानको अधिकार हुन्छ । यसका लागि बालबालिकाको जन्मदर्ता हुनु आवश्यक छ । बालबालिकाको सबै अधिकार उपभोगलाई सहज बनाउन उसको पहिचान आवश्यक हुन्छ र त्यसकालागि जन्मदर्ताको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय निकाय (गाउँ विकास समिति/नगरपालिकाको कार्यालय) मा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमार्फत् जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाँईसराइका घटना दर्ता गरी प्रमाणपत्र दिने कार्य हुदै आएकोमा आर्थिक वर्ष २०६७/०६८ देखि नगरपालिकाको हकमा वडामा कार्यरत वडासचिवलाई स्थानीय पञ्जिकाधिकारीको रूपमा तोकी व्यक्तिगत घटना दर्ता गरिने कार्यको प्रारम्भ गरिएको छ । आर्थिक वर्ष २०६८/०६९ मा व्यक्तिगत घटना दर्ताका अभिलेखहरू व्यवस्थित गरी राख्न एशियाली विकास बैंकको सहयोगमा आर्थिक वर्ष २०६७/०६८ देखि JFPR Capacity Building for the Promotion of Legal Identity among the Poor in Nepal कार्यक्रम इलाम, झापा, काठमाडौं, ललितपुर भक्तपुर, मुस्ताङ्ग, पाल्पा, रूपन्देही, दाङ्ग र कैलाली जिल्लामा सञ्चालनमा रहेको छ । व्यक्तिगत घटना दर्ता गर्ने निर्देशन (व्यक्तिगत घटना दर्ताका परिपत्रहरूको सङ्कलनसमेत) २०६७ प्रकाशन गरी जिल्लामा वितरण गरिएको थियो ।

नेपालमा व्यक्तिगत घटना दर्ता गर्ने कार्य २०३४ साल बैशाख १ गतेबाट १० जिल्लाबाट सुरु गरिएको थियो भने २०४७ साल वैशाख १ गतेदेखि ७५ वटै जिल्लामा लागू गरिएको हो । नेपालमा रहेका विदेशी नागरिकबाट अस्पतालमा जन्म भएका बालबालिकाको सम्बन्धित अस्पतालका चिकित्सकको सिफारिस तथा घरमा जन्म भएका बालबालिकाको सम्बन्धित देशका राजदूतावास वा नियोगको सिफारिसको आधारमा दर्ता गरी प्रमाणपत्र दिने र सम्बन्धित देशको नाम उल्लेख गर्ने गरिन्छ । नेपालमा रहेका शरणार्थी परिवारका बालबालिकाको हकमा सम्बन्धित गाविस तथा नगरपालिकाहरूमा जन्मदर्ता गर्ने प्रावधान रहेको छ । गैरनेपाली नागरिकका बालबालिकाको जन्मदर्ता तथ्याङ्कीय प्रयोजनका लागि मात्र हुने स्पष्ट व्यवस्था छ ।

व्यक्तिगत घटना दर्ताको महत्व र अपरिहार्यतालाई ध्यानमा राखी कार्य प्रणालीमा प्रभावकारिता अपनाउन स्थानीय पञ्जिकाधिकारीहरूलाई स्थानीय विकास मन्त्रालयको तर्फबाट तालिमको व्यवस्था हुँदै आएको छ । नेपाल सरकारले बैशाख १ गतेलाई व्यक्तिगत घटना दर्ता दिवसको रूपमा विभिन्न कार्यक्रम गरी मनाउँदै आएको छ । बालबालिकाकोको क्षेत्रमा क्रियाशील संघ संस्था लगायत बालक्लब समेतले जन्म दर्ता बालबालिकाको पहिलो अधिकार भनि जन्मदर्ता गर्न अभिप्रेरित गर्दै विभिन्न सचेतना कार्यक्रमहरू सञ्चालन गर्दै आएकाछन् । तर अझै पनि सबै बालबालिकाको सहज जन्मदर्ता हुन सकिराखेको छैन भने यसप्रति अभिभावकहरूमा जागरुकता पनि बढाउनु पर्ने देखिएकोछ ।

**नेपालका बालबालिकाको जन्मदर्ताको स्थिति**

२०६७ सालमा महिला ३ लाख ३२ हजार ५५६ जना तथा पुरुष ३ लाख ७४ हजार १६० गरी कुल ७ लाख ०६ हजार ६८६ जनाको जन्मदर्ता भएको तथ्याङ्क छ । २०६६ मा यो सङ्ख्या ५ लाख २५ हजार ७१५ थियो । आर्थिक सर्वेक्षणका अनुसार आ.व.२०६८/०६९ को प्रथम आठ महिनामा १ लाख ९ हजार ३१६ महिला र १ लाख २५ हजार ५२७ पुरुष गरी २ लाख ३४ हजार ८४३ जनाको जन्मदर्ता भएको तथ्याङ्क छ । यस तथ्याङ्कले महिला भन्दा पुरुषको जन्मदर्ता धेरै हुने गरेको देखिन्छ ।

स्थानीय विकास मन्त्रालयको जनसङ्ख्या तथा पञ्जिकरण व्यवस्थापन शाखाको २०६९ साल असार महिनासम्मको तथ्याङ्क अनुसार २०६८/०६९ मा ४ लाख ०३ हजार ५४१ जनाको जन्मदर्ता भएको देखिन्छ ।

**तालिका नं ५.५: जन्मदर्ता**

| आ. व. | जन्मदर्ता सङ्ख्या | तथ्याङ्क श्रोत |
|---|---|---|
| २०६७/०६८ को प्रथम आठ महिनामा | २,६५,८४३ | आर्थिक सर्वेक्षण |
| २०६८/०६९ को प्रथम आठ महिनामा | २,३४,८४३ | |
| २०६८/०६९ असार महिनासम्म (असार महिनामा २६ जिल्लाको मात्र प्रतिवेदन प्राप्त भएको) | ४,०३,५४१ | स्था.वि.म |

# अनुसूची

# अनुसूचि १

बालअधिकारका लागि राज्यले राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू जनाएका केही प्रमुख दस्तावेजहरू

१) **संवैधानिक व्यवस्था**

नेपालको अन्तरिम संविधान, २०६३ को देहायका धाराहरूमा भएको व्यवस्थाले बालबालिकाको हित, संरक्षण तथा विकासका लागि विशेष योगदान पुऱ्याएका छन् । नेपालको संवैधानिक इतिहासमा पहिलो पटक बालबालिकाका हकअधिकारलाई मौलिक हक अन्तर्गत छुट्टै व्यवस्था गरिएको छ ।

भाग २ नागरिकता

धारा ८ - संविधान प्रारम्भ हुँदाका वखतको नागरिकता

भाग ३ मौलिक हक

धारा १२ - स्वतन्त्रताको हक

धारा १३ - समानताको हक

धारा १६ - वातावरण तथा स्वास्थ्यसम्बन्धी हक

धारा १७ - शिक्षा तथा संस्कृतिसम्बन्धी हक

धारा २० - महिलाको हक

धारा २२ - बालबालिकाको हक

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।

(३) प्रत्येक बालबीलकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ ।

(४) असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।

(५) कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन ।

धारा २९ - शोषणविरुद्धको हक

धारा ३० - श्रमविरुद्धको हक

भाग ४ राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरू

धारा ३३ - राज्यको दायित्व

धारा ३५ - राज्यका नीतिहरू

२) **अन्तर्राष्ट्रिय प्रतिवद्धता (अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महासन्धि, ऐच्छिक प्रलेख तथा अन्य कानुनहरूमा गरिएको हस्ताक्षर तथा अनुमोदन)**

- सन् १९९६ मा स्वीडेनको स्कटहोममा भएको बालबालिकाको व्यावसायिक यौनशोषणविरुद्धको पहिलो विश्व सम्मेलन तथा जारी गरिएको घोषणालाई स्वीकार
- सन् १९९५ मा बेइजिङमा भएको चौंथो विश्व महिला सम्मेलनमा सहभागी र त्यसले पारित गरेको घोषणापत्रलाई स्वीकार
- सन् १९९० मा भएको बालबालिकाको संरक्षण तथा विकासका लागि गरिएको विश्व घोषणा तथा कार्ययोजनामा सहभागी
- संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरिएको
- सन् १९९१ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९७९ लाई अनुमोदन
- सन् १९९२ मा नेपालमा आइ.एल्.ओ.को बालश्रमको उन्मूलनसम्बन्धी कार्यक्रम लागू
- सन् १९६३ मा दासता, दासप्रथा र तत्सम्बन्धी अभ्यासलाई उन्मुलन गर्ने सम्बन्धी पुरक महासन्धि, १९५६ लाई अनुमोदन
- सन् १९९७ मा आर्मस्टरडम घोषणापत्र, १९९७ मा सहमति

- सन् १९९७ मा १९७३ मा पारित रोजगारमा प्रवेशका लागि न्यूनत्तम उमेरसम्बन्धी आइएल्ओ. महासन्धि नं. १३८ लाई अनुमोदन
- सन् २००० मा १९९९ मा पारित निकृष्ट प्रकारका बालश्रम उन्मूलनसम्बन्धी आइएल्ओ महासन्धि नं. १८२ लाई अनुमोदन
- सन् २००१ मा १९९० मा पारित जबर्जस्ती र बाध्यात्मक श्रमसम्बन्धी आइएल्ओ महासन्धि नं २९ लाई अनुमोदन
- सन् २००१ बालबालिकाको व्यावशायिक यौनशोषणसम्बन्धी योकोहोमा घोषणापत्र, २००१ मा सहमति
- सन् २००२ मा संयुक्त राष्ट्रसङ्घको बालबालिकासम्बन्धी विशेष अधिवेशनले पारित गरेको बालबालिकाको लागि सुहाउँदो विश्व नामक घोषणापत्र, २००२ मा सहमति
- सन् २००६ जनवरी २० मा बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति र बालअश्लील चित्रणसम्बन्धी बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० मा अनुमोदन (जसलाई सन् २००० को सेप्टेम्बर ८ तारिखका दिन हस्ताक्षर गरिएको थियो)
- सन् २००७ मा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्ध बालअधिकार महासन्धिको इच्छाधीन आलेख, २००० लाई अनुमोदन
- सन् २००५ मा महिलाविरुद्ध हुने सबैप्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको इच्छाधीन आलेखलाई अनुमोदन ।
- पहिलो सार्कस्तरीय बालबालिकासम्बन्धी बैङ्गलोर घोषणा, १९८६ मा सहभागी
- दोस्रो सार्कस्तरीय बालबालिकासम्बन्धी कोलम्बो घोषणा, १९९२ मा सहभागी
- सन् २००२ मा वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सोविरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि, २००२ लाई सार्क शिखर सम्मेलनबाट पारित
- सन् २००२ मा दक्षिण एसियामा बालकल्याण प्रवर्द्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२ लाई सार्क शिखर सम्मेलनबाट पारित
- सन् २००९ अप्रिल २८ मा अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्रीका सम्बन्धमा बालबालिकाको संरक्षण र सहयोगसम्बन्धी महासन्धि, १९९३ (द हेग कन्भेन्सन, १९९३) मा हस्ताक्षर

३) **राष्ट्रिय कानुनी व्यवस्था (ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिलगायत)**

- बालबालिकासम्बन्धी ऐन, २०४८ तथा बालबालिकासम्बन्धी नियमावली, २०५१
- मुलुकी ऐन, २०२० बालअधिकारसम्बन्धी विभिन्न प्रावधानको व्यवस्था र त्यसमा समयसापेक्ष सुधार गरिएको
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ तथा बालश्रम (निषेध र नियमितगर्ने) नियमावली, २०६२
- मानवबेचविखन तथा ओसारपसार (नियन्त्रण गर्ने) ऐन, २०६४ र यसको नियमावली २०६५
- घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६६
- कमैया (श्रम निषेध गर्ने) सम्बन्धी ऐन, २०५८
- बालन्याय (कार्यविधि) नियमावली, २०६३
- बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४,
- सन् २००७ मा अदालतमा महिला र बालबालिकाको उपस्थितिका सन्दर्भमा गोपनीयता कायम गर्नेसम्बन्धी कार्यविधि (सर्वोच्च अदालतको आदेशको आधारमा)
- छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४
- विदेशी नागरिकलाई धर्मपुत्रँपुत्री ग्रहण गर्न दिने शर्त र प्रक्रिया २०६५
- सरकारी वकिलहरूका लागि बालन्यायसम्बन्धी अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६६
- त्रिवर्षीय अन्तरिम योजना, २०६७-७०
- बालबालिकाका निम्ति दश वर्षे कार्ययोजना लागू (हालै मद्यावधि समीक्षा सम्पन्न गरी मन्त्रीपरिषद्बाट परिमार्जित योजना अनुमोदनको तयारीमा)
- बालश्रमसम्बन्धी गुरुयोजना, २०६३ लागू तथा सोको परिमार्जन प्रक्रियामा
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका २०६८,
- बालबालिका शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८,
- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९,
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९

# अनुसूचि २

नेपालमा गठन गरिएका गाउँ बाल संरक्षण तथा संबर्द्धन उप-समितिको संख्यात्मक विवरण (गत वर्षको सूचना समेत समायोजित)

| क्र.स. | जिल्ला | गाबासंस |
|---|---|---|
| | नेपाल | ११९१ |
| १ | इलाम | ११ |
| २ | धनकूटा | १७ |
| ३ | मोरङ | ३५ |
| ४ | सुनसरी | २४ |
| ५ | उदयपूर | २५ |
| ६ | सिराहा | ३० |
| ७ | सप्तरी | २५ |
| ८ | सिन्धुली | १ |
| ९ | महोत्तरी | ७ |
| १० | दोलखा | ८ |
| ११ | चितवन | १ |
| १२ | बारा | ६ |
| १३ | पर्सा | १ |
| १४ | रौतहट | २८ |
| १५ | मकवानपूर | २९ |
| १६ | काठमाडौं | ११ |
| १७ | ललितपूर | ५ |
| १८ | भक्तपूर | १४ |
| १९ | सिन्धूपाल्चोक | ४३ |
| २० | धादिङ | ४२ |
| २१ | काभ्रे | १९ |
| २२ | अर्घाखाँची | ८ |
| २३ | कपिलवस्तु | २७ |
| २४ | रूपन्देही | ९ |
| २५ | नवलपरासी | ३० |
| २६ | पाल्पा | ७५ |
| २७ | कास्की | ८ |
| २८ | लमजूङ | २७ |
| २९ | मनाङ | ३२ |
| ३० | स्याङ्जा | ३९ |
| ३१ | तनहू | २७ |
| ३२ | म्याग्दी | २० |
| ३३ | बाग्लुङ | ३१ |
| ३४ | पर्वत | ३४ |
| ३५ | दाङ | ३१ |
| ३६ | रोल्पा | ४० |
| ३७ | रूकूम | १९ |
| ३८ | सल्यान | ३१ |
| ३९ | सुर्खेत | २६ |
| ४० | बर्दिया | १५ |
| ४१ | बाँके | ३५ |
| ४२ | हुम्ला | ४ |
| ४३ | कालीकोट | ३१ |
| ४४ | मुगु | २४ |
| ४५ | जूम्ला | २८ |
| ४६ | कैलाली | ३३ |
| ४७ | बाजुरा | २२ |
| ४८ | डोटी | ६१ |
| ४९ | अछाम | ३६ |
| ५० | कञ्चनपुर | ६ |

# अनुसूची ३

## तालिका तथा चित्र सूची


| चित्र नं. | तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|---|
| २.१ | | सुरक्षित जन्मका लागि बच्चा जन्माउँदाका सहयोगी | |
| २.२ | | शिशु तथा ५ वर्षमुनिको बालमृत्युदर | |
| | २.१ | स्थानका आधारमा मृत्युदर | |
| | २.२ | लिङ्ग तथा बच्चा जन्माउँदा आमाको उमेरका आधारमा मृत्युदर | |
| | २.३ | उमेर तथा क्षेत्रका आधारमा खोप प्राप्त प्रतिशत | |
| २.३ | | खोप पाउनेको प्रतिशत | |
| २.४ | | पाँच वर्षमुनिका बालबालिकाको पोषण अवस्था | |
| | २.४ | पाँच वर्षमुनिका बालबालिकामा झाडा पखाला र श्वासप्रश्वास सङ्क्रमण (प्रति एक हजारमा) | |
| | ३.१ | बालश्रमिकको संख्या | |
| | ३.२ | उमेर, लिङ्ग र क्षेत्रको आधारमा कामदार बालबालिकाको प्रतिशत | |
| | ३.३ | लिङ्ग र उद्योगका आधारमा कामदार बालबालिकाको प्रतिशत | |
| | ३.४ | उमेर, लिङ्ग, क्षेत्र र आधारमा कामदार, बालश्रम र जोखिमपूर्ण श्रममा लागेका बालबालिका | |
| ३.१ | | उमेरअनुसार जोखिमपूर्ण श्रममा लागेका बालबालिकाको प्रतिशत | |
| ३.२ | | उमेरका आधारमा बालश्रममा लागेका बालबालिकाको प्रतिशत | |
| | ३.५ | बालश्रमका क्षेत्रका आधारमा बालश्रमिकहरूको लिङ्गगत तथा सङ्ख्यात्मक विवरण | |
| | ३.६ | महिला तथा बालबालिका विरुद्धको अपराध | |

| | | | |
|---|---|---|---|
| | ३.७ | लिङ्ग र उमेरका आधारमा यौन दुर्व्यवहार र बेचबिखनका घटना | |
| | ३.८ | बालबालिकामाथि भएका यौन दुर्व्यवहारका प्रकाशमा आएका घटनाहरू | |
| | ३.९ | बालयौन दुर्व्यवहारसम्बन्धी मुद्दा दायर भएका घटनाहरूको सङ्ख्यात्मक विवरण | |
| | ३.१० | यातना, दण्ड तथा कठोर सजायसम्बन्धी घटना तथा उजुरीहरूको सङ्ख्यात्मक विवरणहरू | |
| | ३.११ | बालबालिका विरुद्ध भेदभाव भई प्रकाशमा आएका घटना | |
| | ३.१२ | विभिन्न आधारमा बालबालिकामाथि भएका भेदभावका घटनाहरू | |
| | ३.१३ | अदालतमा उजुरी परेका भेदभावसम्बन्धी घटनाहरू | |
| | ३.१४ | बालसंरक्षण सम्बन्धी सन् २०११मा रेकर्ड गरिएका विविध घटनाबाट प्रभावित बालबालिका | |
| | ३.१५ | क्षेत्रगत तथा लिङ्गका आधारमा हराएका र फेलापरेका बालबालिका | |
| ३.३ | | हराएका बालबालिकाको उमेरगत विवरण | |
| ३.४ | | हराएका, फेला परेका र फेला पर्न बाँकी बालबालिकाको तिन वर्षको विवरण | |
| | ३.१६ | संरक्षणका लागि जिम्मामा पठाइएका बालबालिकाको विवरण | |
| | ३.१७ | घटनानुसारका मुद्दा सङ्ख्या | |
| | ३.१८ | मुद्दामा संलग्न बालबालिकाको सङ्ख्या | |
| | ३.१९ | उमेर समहको आधारमा मुद्दामा संलग्न बालबालिकाको सङ्ख्या | |
| | ३.२० | आ.ब.२०६८।०६९मा सबै भन्दा बढी बालइजलासमा मुद्दा परेका १० वटा जिल्लाहरू | |
| | ३.२१ | सजायको विवरण | |

| | | | |
|---|---|---|---|
| | ३.२२ | भक्तपुरको बालसुधार गृहमा हालसम्म दर्ता भएका र छुटेका बालबालिका | |
| | ३.२३ | मुद्दाका आधारमा बालसुधार गृहमा भएका दर्ता | |
| | ३.२४ | आधारमा बालसुधार गृहमा दर्ता भएका बालबालिकाको जिल्लागत विवरण | |
| | ३.२५ | लिङ्गका आधारमा बालसुधार गृहमा दर्ता भएका बालबालिकाका | |
| | ३.२६ | पोखरा (कास्की) मा रहेको बालसुधार गृहको विवरण | |
| | ३.२७ | एचआईभी परीक्षण ART तथा सेवा प्राप्त बालबालिकाको संङ्ख्या | |
| | ३.२८ | धर्मपुत्र, धर्मपुत्रीका रूपमा विदेश गएका बालबालिकाको सङ्ख्यात्मक विवरण | |
| ३.५ | | भुटानी शरणार्थीको उमेरगत संख्या | |
| | ३.२९ | अपाङ्गताको किसिम तथा विद्यालय तहका आधारमा विद्यार्थी संख्या | |
| | ३.३० | अपागङ्ताको किसिमको आधारमा जनसंख्या प्रतिशत | |
| | ३.३१ | अपाङ्गता भएका र परिचयपत्र लिएका बालबालिका | |
| ३.६ | | सडक बालबालिकाले गर्ने काम | |
| ३.७ | | सडक बालबालिको उमेर | |
| | ३.३२ | नेपालमा सवारी दुर्घटनामा पीडित बालबालिका (१६ वर्ष सम्मका) तथा वयस्क | |
| | ३.३३ | इलाकाअनुसार सडक दुर्घटना प्रतिशत | |
| | ३.३४ | परिवारविहीन बालबालिकासम्बन्धी विवरण | |
| | ३.३५ | जिल्लागत बालगृहहरूको संख्या | |
| | ३.३६ | हाल बाल हेल्पलाइन सञ्चालनमा आएका स्थानहरू र तिनको सेवाको विवरण | |
| ३.८ | | हेल्पलाइनमा सम्पर्क गर्ने जम्मा व्यक्ति र महिला तथा बालबालिका र बालिका | |

| | | | |
|---|---|---|---|
| | ३.३७ | बालमैत्री गाविस, नगरपालिका कार्यक्रम सञ्चालन गरिएका गाविस, नगरपालिकाहरू | |
| | ३.३८ | बालमैत्री स्थानीय शासन कार्यान्वयन गरिएका स्थानीय निकाय | |
| | ३.३९ | जिल्लामा स्थापना गरिएका आपतकालीन राहतकोषबाट लाभान्वित बालबालिकाको संख्यात्मक विवरण | |
| ४.१ | | विद्यार्थी खुद भर्नादर, विद्यालय तह र वर्ष अनुसार | |
| | ४.१ | कक्षा १ भर्नामा प्रारम्भिक बालविकास केन्द्र अनुभव दर | |
| | ४.२ | शैक्षिक तहका आधारमा विद्यालय सङ्ख्या (धार्मिक विद्यालय बाहेक) | |
| | ४.३ | धार्मिक विद्यालयहरूको सङ्ख्या तथा तह | |
| | ४.४ | शैक्षिक तहका आधारमा विद्यार्थी सङ्ख्या | |
| | ४.५ | बिद्याथी भर्ना विवरण (सामुदायिक तथा संस्थागत विद्यालय) | |
| | ४.६ | तालिम प्राप्त शिक्षक प्रतिशत विवरण | |
| | ४.७ | एस.एल.सी परीक्षा नतिजा | |
| | ४.८ | एस.एल.सी परीक्षाको नतिजा सामुदायिक तथा नीजी विद्यालय | |
| | ४.९ | पुस्तकालयसम्बन्धी विवरण | |
| | ४.१० | मनोरञ्जन स्थलको सङ्ख्यात्मक विवरण | |
| | ५.१ | जिल्लागत बालक्लबको सङ्ख्या | |
| | ५.२ | बालक्लबमा आबद्ध बालबालिकाको विवरण | |
| ५.१ | | बालक्लबको आधार प्रतिशत | |
| ५.२ | | बालक्लबलाई सहजीकरण, सहयोग गर्ने | |
| | ५.३ | बालक्लबहरूको सञ्जाल | |
| | ५.४ | विभिन्न संरचनाहरूमा बालसहभागिताको स्थिति | |
| | ५.५ | नेपालका बालबालिकाको जन्मदर्ताको स्थिति | |

# अनुसूचि - ४

**सन्दर्भ सामग्रीहरू**


- नेपालको अन्तरिम संविधान, २०६३
- बालबालिकासम्बन्धी कानुन (राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रमुख व्यववस्था), केन्द्रीय बालकल्याण समिति, ललितपुर
- कार्यालय अभिलेख तथा समितिद्वारा प्रकाशित विभिन्न प्रतिवेदन, पुस्तक तथा प्रकाशनहरू,
- कार्यालय अभिलेख, बालन्याय समन्वय समितिको सचिवालय
- धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी वार्षिक अभिलेख, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, २०६९
- राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०६८, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं
- नेपाल जनसङ्ख्या प्रतिवेदन, २०६९ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, जनसङ्ख्या महाशाखा
- नेपाल जनसङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११, (NDHS 2011) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,
- नेपालका बालबालिकाको स्थिति प्रतिवेदनहरू, केन्द्रीय बालकल्याण समिति
- पञ्जीकरण (व्यक्तिगत घटना दर्ता) कार्यक्रम वार्षिक प्रतिवेदन, २०६९, स्थानीय विकास मन्त्रालय, जनसङ्ख्या तथा पञ्जीकरण व्यवस्थापन शाखा
- बालमैत्री स्वायत्त शासनसम्बन्धी सङ्क्षिप्त प्रतिवेदन, स्थानीय विकास मन्त्रालय, स्थानीय निकाय सहयोग शाखा
- बालमैत्री शासन राष्ट्रिय रणनीति र बालमैत्री शासन कार्यान्वयन कार्यविधि, २०६८, स्थानीय विकास मन्त्रालय
- बालअधिकार अनुगमन सूचकाङ्क फारामहरू (जिल्लागत) २०६९, के.बा.क.स.
- बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना नेपाल, २०६१।६२-२०७१।७२

- वार्षिक प्रतिवेदन, २०६७।०६८ (DOHS-2011), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग
- नेपालका बालबालिकाको अवस्था वार्षिक प्रतिवेदन, २०११, राष्ट्रिय मानवअधिकार आयोग
- मानवअधिकार वर्ष पुस्तक, २०११, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
- नेपालमा बालअधिकारको स्थिति प्रतिवेदन २०११, सिविन नेपाल
- बाल हेल्पलाइन १०९८ को प्रारम्भिक प्रतिवेदन, २०६८/०६९
- वार्षिक प्रतिवेदन, २०६८/०६९, बालबालिका खोजतलास तथा समन्वय केन्द्र
- कार्यालय अभिलेख, स्थानीय प्रशासन शाखा, गृह मन्त्रालय
- कार्यालय अभिलेख, नेपाल प्रहरी प्रधान कार्यालय
- कार्यालय अभिलेख, कारागार व्यवस्थापन विभाग
- कार्यालय अभिलेख, तिब्बती शरणार्थी कल्याण कार्यालय, काठमाडौं
- कार्यालय अभिलेख, UNHCR
- त्रिवर्षीय अन्तरिम योजना, २०६७ राष्ट्रिय योजना आयोग
- आर्थिक सर्वेक्षण, २०६९, अर्थ मन्त्रालय
- Flash I Report, 2011/2012, Department of Education
- परीक्षा २०६९, परीक्षा नियन्त्रण कार्यालय, भक्तपुर
- कार्यालय अभिलेख, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर
- विभिन्न प्रतिवेदनहरू, राष्ट्रिय एड्स तथा यौन रोग केन्द्र, टेकु
- नेपाल बालश्रम प्रतिवेदन, नेपाल श्रमशक्ति सर्वेक्षण, २००८मा आधारित, के.त.वि., आइएलओ
- नेपाल जीवनस्तर सर्वेक्षण, २०१०/११, २०११ केन्द्रीय तथ्याङ्क विभाग
- आपतकालीन बालउद्दार कोष (सञ्चालन) नियमावली, २०६७
- बाल सुधार गृहसम्बन्धी कार्यालय अभिलेख, युसेप भक्तपुर

- सुरक्षित जीवन, २०६९, लागू औषध शाखा, गृह मन्त्रालय
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९
- बालबालिका शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८
- बालअधिकार महासन्धिको दुई दशकः नेपालको सन्दर्भमा उपलब्धि र चुनौतिहरू, २००९ सिविन नेपाल
- सशस्त्र द्वन्द्वको चपेटामा बालबालिका (१९९६-२००६) सिविन नेपाल, २००६
- नेपालमा बालअधिकारको स्थिति प्रतिवेदन २०१०,२०११, २०१२, सिविन नेपाल
- A study on the Use of internet by Children: Study out in the Kathamandu Valley, CWIN-Nepal, 2008